साप्ताहिक श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३३ ✪ अङ्क २९ ✪ २६ साउन २०८३, मङ्गलबार ✪ 11 Augest 2026, Tuesday ✪ मूल्य रू. १०।-

# देशको सीमा सुरक्षा सरकारको प्राथमिकतामा किन परेन ?

गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको बेला राजनीतिक नेताका नाममा खुलेका बीपी कोइराला, मदन भण्डारी, तुल्सीलाल अमात्य, पुष्पलाल श्रेष्ठ, कृष्णप्रसाद भट्टराई, गणेशमान सिंह, गजेन्द्रनारायण सिंह प्रतिष्ठानसँग सम्बन्धित भवनहरू पनि जलाइए। आन्दोलनको अर्थ सार्वजनिक र निजी सम्पत्ति खरानी बनाउनु होइन बरु देश र जनताविरोधी शासकहरूलाई सत्ताच्युत पार्नु हो। त्यो जेनजी आन्दोलनबाट सार्वजनिक र निजी सम्पत्ति आगजनीसँगै तत्कालीन नेका, एमाले, माओवादीलगायत शासक दलहरूलाई सत्ताच्युत पारियो। त्यो जेनजी आन्दोलनमा निर्णायक भूमिका रहेको रास्वपाको नेतृत्वमा अहिले सरकार छ।

रास्वपा सरकारले जेनजी आन्दोलनको बेला जलाइएका उल्लिखित भवनहरू मर्मत गर्न अहिले ११ करोड रुपैयाँ बजेट विनियोजन गऱ्यो। भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण गर्ने हो, खरानी पार्ने होइन। जलाइएका भवन सम्बन्धित पीडकबाट क्षतिपूर्ति भराएर अहिलेको सरकारले मर्मत गर्नुपर्नेमा राज्य कोषकै बजेट राखेको उपयुक्त होइन। नेताका नाममा भवन बनाउने, जलाउने र रोकिने अवस्था छैन। यसकारण नेताका नाममा भवन, सडक, बगैँचा भवन बनाउनु उपयुक्त होइन।

रास्वपा सरकार सहकारी संस्था पीडितहरूलाई पनि बचत रकम फिर्ता गरेको दाबी गर्दै छ। तर, सहकारी ठगहरू खुलेआम हिँडिरहेका छन्। के राज्य कोषबाट केही व्यक्तिलाई बचत फिर्ता गरिँदैमा सहकारी संस्थामा सुशासन कायम होला ? सहकारी संस्था स्वयम्लाई सदस्यहरूको हितमा घरेलु तथा साना उद्योग र कृषि उद्योग सञ्चालन गर्न लगाउने कानुनी बन्दोबस्त जरुरी छ। नेका, एमाले, माओवादीका सरकारहरूले यस्तो कानुन बनाएनन् भने रास्वपाको सरकारले पनि बनाएन। यसकारण, सहकारी संस्थामा ठगी बढिरहेको हो। सहकारी संस्थामा भएको ठगी र बेइमानीको जिम्मेवार सरकार नै हो।

सर्वोच्च अदालतका न्यायाधीश सपना प्रधान मल्लको एकल इजलाशबाट नदी किनारा तथा अन्य स्थानका सुकुमवासी बस्ती विस्थापनको पीडामा परेका बालबालिकाको शिक्षा, स्वास्थ्य तथा अन्य आधारभूत अधिकार सुनिश्चित गर्न सरकारका नाममा अन्तरिम आदेश जारी भयो। अदालतले यो आदेशसँगै सरकारलाई

***बाँकी पृष्ठ ११ मा***

# पार्टी सेलको सक्रियतामा मात्रै सङ्गठन सुदृढ हुने




भक्तपुर। नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर वडा नं. ७ स्थित इनाचो-चोर्चा समितिको आयोजनामा साउन २१ गते प्रशिक्षण कार्यक्रम भयो। उक्त कार्यक्रममा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले पार्टी सेल सङ्गठनको मुख्य आधार र जग भएको बताउनुभयो। तल्लो तहका सेलहरू सक्रिय भएमा मात्रै सिङ्गो सङ्गठन सुदृढ हुने उहाँले स्पष्ट पार्नुभयो।

अध्यक्ष बिजुक्छेँले इमानदारी, निःस्वार्थ भावना र सत्यको पक्षमा उभिनु नै नेमकिपा कार्यकर्ताको मुख्य पुँजी भएको उल्लेख गर्दै भन्नुभयो, "नेमकिपाका कार्यकर्ता निःस्वार्थ रूपमा जनताको सेवामा खट्ने भएकाले विरोधीहरू सधैँ सशङ्कित हुने गर्छन्। स्वर्ग वा नर्क जहाँ गए पनि जनताको सेवा गर्नु नै पार्टीको मुख्य लक्ष्य हो।"

उहाँले ज्येष्ठ नागरिक तथा बालबालिकाका लागि पैदल मार्गको व्यवस्थापनजस्ता विषयमा सेल बैठकहरूमा छलफल हुनुपर्ने उल्लेख गर्दै नयाँ पुस्तामा आत्मविश्वास बढाउन अङ्ग्रेजी भाषाको विकास र विस्तार आवश्यक रहेको धारणा पनि राख्नुभयो।

राज्यले बहुमत जनतालाई राहत दिनुपर्नेमा जोड दिँदै अध्यक्ष बिजुक्छेँले कार्यकर्ताहरूमा अर्थशास्त्रको ज्ञान हुनु आवश्यक छ भन्नुभयो। पार्टीले लेबी नियमित उठाउनु भनेको कार्यकर्ताबिचको सम्पर्कलाई जीवन्त र सक्रिय राख्नु भएको उहाँको भनाइ थियो।

जनताको विश्वास जित्नु नै कार्यकर्ताको मुख्य दायित्व रहेको उल्लेख गर्दै नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईले पार्टी कार्यकर्तामा नम्रता, राम्रो संस्कार र असल व्यवहार हुनुपर्नेमा जोड दिनुभयो। सिद्धान्तलाई व्यवहारमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले भन्नुभयो, "कुनै पनि मानिस पूर्ण हुँदैन तर आफूले जानेको कुरालाई व्यवहारमा पूर्णता दिने प्रयास गर्नुपर्छ। अरू सर्वसाधारणको मन र विश्वास जित्नु नै हाम्रो मुख्य दायित्व हो।"

उहाँले पार्टीको अनुशासन, नीति र कर्तव्यबारे स्पष्ट पार्दै सूचनामा पहुँच राख्ने र राष्ट्रिय-अन्तर्राष्ट्रिय विषयमा जानकार रहने फराकिलो सोच कार्यकर्तामा हुनुपर्ने बताउनुभयो। देशको अहित हुने कार्य गर्दै वर्तमान सरकार जनताप्रति जवाफदेही नरहेको उहाँले बताउनुभयो।

कार्यक्रमका सभापति कृष्णगोविन्द खाइजुले प्रत्येक पार्टी सदस्यले पार्टीको नीति, सिद्धान्त र उद्देश्य ग्रहण गरी काम गर्नुपर्ने बताउनुभयो। उक्त कार्यक्रममा स्वागत मन्तव्य उपाध्यक्ष विष्णुराम दुमरुले दिनुभएको थियो भने कार्यक्रम सञ्चालन सचिव चन्द्रप्रसाद दुमरुले गर्नुभएको थियो।

**वर्ग रहेसम्म वर्ग सङ्घर्ष हुने र अन्तिम विजय कामदार वर्गको हुने**

भक्तपुर। "समाजमा वर्गरहेसम्म वर्गसङ्घर्ष भइरहन्छ। अन्तिममा कामदारवर्गको नै विजय हुन्छ। विश्व सर्वहारा वर्गका नेता कार्ल मार्क्सले यो शिक्षा संसारका जनतालाई दिनुभएको छ।" उक्त विचार नेमकिपाका सचिव प्रेम सुवालले नेमकिपा-इनाचो-चोर्चा समितिद्वारा साउन २२ गते आयोजित प्रशिक्षण तथा समिति पुनर्गठन कार्यक्रममा व्यक्त गर्नुभएको हो।

आर्थिक सवाल र विदेश नीतिमा अहिलेको सरकार र पहिलेका सरकारहरूबिच तात्त्विक भिन्नता नरहेको सचिव सुवालले बताउनुभयो।

भनपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले कार्यकर्ताहरू पार्टीको सिद्धान्त र विचार आत्मसात गर्दै अघि बढ्नुपर्नेमा जोड दिँदै चीन र

***बाँकी पृष्ठ १२ मा***

# सिद्धान्तनिष्ठ जयरामजस्तो जनताको सेवामा लाग्न सुझाव




भक्तपुर। नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिका पूर्वअध्यक्ष जयराम बासुकलाको २२ औँ स्मृतिसभा साउन २४ गत सम्पन्न भयो।

सभामा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले नेमकिपाको सिद्धान्तअनुसार देश र जनताको निःस्वार्थ सेवामा लाग्नुभएका जयराम बासुकला पार्टीका एक योद्धा हुनुहुन्थ्यो भन्नुभयो।

देश र जनताको निःस्वार्थ सेवा गरेका योद्धाहरूलाई जनताले सदा सम्झनामा राख्ने भएकाले जयरामजीलाई पनि जनताले सम्झिरहने उहाँले बताउनुभयो।

सचिव सुवालले भन्नुभयो, "नेताहरू पालैपालो प्रधानमन्त्री र मन्त्री भए तर, तिनीहरू देश जनताको निःस्वार्थ सेवामा लागेनन्। यसकारण पनि भदौ २३ गते निहत्था जनताको हत्या र भदौ २४ गते देशभरि आगजनीको उपद्रो गर्ने र गराउनेहरूलाई मौका मिलेको हो। भदौ २३ र २४ गतेको उपद्रोबारे गठित छानबिन आयोगमा सरोकारवालाहरूले सुरक्षा संयन्त्रलाई 'माथिको आदेश' भनी काममा रोक लगाइएको हुँदा थप क्षति भएको बताए। देश र जनताविरुद्ध अपराध गर्ने जोसुकै भए पनि दण्डको घेरामा ल्याउनु जरुरी छ।"

नेमकिपा भजिसका सचिव पाण्डव सुवालले राजनीतिमा भ्रष्टाचार मौलाएको हुँदा देश दुर्गतिमा पुगेको चर्चा गर्दै निःस्वार्थरूपमा देश र जनताको सेवा गर्ने नेमकिपाको विचार र सिद्धान्तमा लाग्नु आवश्यक छ भन्नुभयो।

जयराम स्मृति अक्षय कोष समितिका अध्यक्ष राजाराम छुकांको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेमकिपा चाँगुनारायण नगर समितिका उपाध्यक्ष केशवप्रसाद तिमिल्सिना, वडा नं. ९ का वडाध्यक्ष गणेश त्यात, अक्षय कोष समितिका सदस्य चन्द्रबहादुर थुयाजु, एकबहादुर खत्री, घनश्याम खड्का, केशरबहादुर खड्काले जयराम बासुकलाको योगदानबारे चर्चा गर्नुभएको थियो।

# शासक दलहरूको सिद्धान्तहीनताकै कारण देश जटिल स्थितिमा पुगेको

भक्तपुर। नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ मधेस-काठमाडौँ सम्पर्क समितिको आयोजनामा साउन २३ गते एक विद्यार्थी भेला आयोजना गरियो। भेलामा मधेसका जिल्लाहरूबाट काठमाडौँ उपत्यकामा अध्ययनरत विद्यार्थीहरूको उपस्थिति थियो।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं मधेस प्रदेश समितिका संयोजक प्रमुख सुनिल प्रजापतिले सरकारमा गएका पुँजीवादी पार्टीहरूको सिद्धान्तहीन, भ्रष्ट कार्य र प्रवृत्तिका कारण देश आजको जटिल स्थितिमा पुगेको चर्चा गर्दै इतिहासले अक्षम र अपराधी सिद्ध गरेका पार्टीहरूलाई जनताबिच उदाङ्ग्याउनुपर्छ भन्नुभयो।

उहाँले भन्नुभयो, "शासक पार्टीहरूको विदेशीसामु आत्मसमर्पणकै कारण देशको प्राकृतिक स्रोतसाधन साम्राज्यवादी र भारतीय विस्तारवादीहरूको हातमा पुगिसकेको अवस्थामा छ। युवा-विद्यार्थीहरूमा आफ्नो गाउँ-नगर हामी आफैले बनाउँछौँ भन्ने भावना हुनुपर्छ।"

नालायक शासकहरूकै कारण त्रिभुवन विश्वविद्यालयमा हुनुपर्ने युवाहरूको लाइन त्रिभुवन विमानस्थलमा लागेको केन्द्रीय सदस्य प्रजापतिले उल्लेख गर्नुभयो।

भेलामा नेमकिपाका केन्द्रीय सदस्य रवीन्द्र ज्याख्वले विद्यार्थी साथीहरूले व्यक्तिगत स्वार्थभन्दा पनि सामाजिक हितका निम्ति अगाडि बढ्नुपर्ने बताउनुभयो।

उहाँले जेनजी आन्दोलनमा युवा-विद्यार्थीहरू अगाडि रहे पनि त्यसको रिमोट कन्ट्रोल विदेशी शक्ति केन्द्रहरूमा रहेको बिस्तारै खुल्दै गएको बताउनुभयो।

नेमकिपाका केन्द्रीय सदस्य सरोज साहले पुँजीवादी व्यवस्थाले सबै जनतालाई शिक्षा र स्वास्थ्योपचारजस्तो आधारभूत सेवा पनि दिन नसक्ने हुनाले समाजवादी व्यवस्थाको निम्ति लड्नुपर्ने बताउनुभयो।

मधेसका अधिकांश पदासीन सरकार र स्थानीय तहहरू भ्रष्टाचारमा डुबेको र त्यसको कारण शासक दलहरूको भ्रष्ट प्रवृत्ति भएको उहाँले उल्लेख गर्नुभयो।

भेलामा नेमकिपा मधेस प्रदेश समितिका सचिव प्रकाश थुसाले देशी विदेशी प्रतिक्रियावादीहरू देशलाई अस्थिर पार्न सक्रिय रहेकोले नयाँ पुस्ताका विद्यार्थीहरू जातिवादी र साम्प्रदायिक सोचबाट मुक्त हुनुपर्ने बताउनुभयो।

विद्यार्थी भेला आयोजक समितिका अध्यक्ष विशालकुमार साहको सभापतित्वमा भएको थियो।

# जुम्लामा समाजवादी प्रचार जारी : लिहीमा जनतासँग भेटघाट कार्यक्रम

जुम्ला। समाजवादी गणतन्त्रको प्रचार अभियान र जनतासँग भेटघाट गर्ने कार्यक्रम साउन २२ गते तिला गाउँपालिका वडा नं. २ स्थित लिही गाउँमा पनि भयो।

उक्त भेटघाट तथा प्रचारात्मक अभियानमा नेमकिपाका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले पुँजीवादी व्यवस्था अन्त्य गर्न कम्युनिस्ट पार्टीको सिद्धान्त र विचार जनताको घर आँगनमा पुऱ्याई समाजवादी प्रचार अभियान गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

देश र जनताप्रति समर्पित भएर नेमकिपा सङ्घर्षरत रहेको उल्लेख गर्दै उहाँले पुँजीवाद र समाजवादको भेदबारे जनतालाई सुसूचित गर्नुपर्ने बताउनुभयो।

नेमकिपा जिल्ला समिति जुम्लाका सदस्य मानबहादुर बोहराले नेमकिपाले देश र जनताको निम्ति गर्दै आएको आन्दोलन र सङ्घर्षबारे चर्चा गर्दै विगतदेखि हालसम्मका सरकारहरू बहुमत जनताको पक्षमा नरहेको उल्लेख गर्नुभयो।

नेमकिपा तिला गाउँपालिकाका अध्यक्ष मनोज बोहराको सभापतित्वमा भएको सो कार्यक्रममा सिँजा गाउँपालिका वडा नं. ६ का वडाध्यक्ष लालबहादुर बुढा, नेपाल क्रान्तिकारी मजदुर सङ्घका जिल्ला अध्यक्ष हर्षबहादुर बोहरालगायतले नेमकिपा देश र जनताप्रति समर्पित भएर जनचेतना जगाउने काममा लागिरहेको बताउनुभयो।

**कनकासुन्दरी बुदुमा कोणसभा**

जुम्ला। बहुमत जनताको सेवा हुने समाजवादी व्यवस्था स्थापनाको लागि नेमकिपाले समाजवादी गणतन्त्र प्रचार अभियान चालू राखेको छ। समाजवाद र पुँजीवादी व्यवस्थाको भेदबारे जानकारी जनतालाई दिन आयोजित सो प्रचार अभियान साउन २० गते कनकासुन्दरी गाउँपालिका वडा नं. ३ स्थित बुदु गाउँमा भयो।

स्थानीय जनताको उपस्थितिमा भएको सो भेटघाट तथा कोणसभामा नेमकिपाका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले वर्तमान नयाँ सरकारले बहुमत जनता र युवाको हितमा काम गरेको छैन र जेनजी आन्दोलनको मर्म र भावनाअनुसार पनि काम नगरेको स्पष्ट पार्नुभयो।

उहाँले पुँजीवादको विकल्प समाजवाद रहेको उल्लेख गर्दै साम्राज्यवादी देशहरूले स्वाधीन र सार्वभौम देशहरूमा आक्रमण गरेर धनजनको ठुलो क्षति पुऱ्याइरहेको र बलको अहङ्कार देखाइरहेको बताउनुभयो।

सभामा नेमकिपा जुम्ला जिल्ला समितिका उपाध्यक्ष एवं कर्णाली प्रदेशका सदस्य विर्षबहादुर रावत, नेमकिपा जिल्ला समिति जुम्लाका सचिव नरबहादुर बुढा, गजेन्द्रबहादुर बुढा, दीपेन्द्र काफ्लेलगायतले वर्तमान सरकारले पनि जनताको हितमा काम गर्न नसकेको बताउनुभयो।

त्यस्तै साउन १९ गते कनकासुन्दरी वडा नं. ४ स्थित लेखपोर गाउँमा जनतासँग भेटघाट कार्यक्रम भयो।

उक्त कार्यक्रममा विर्खबहादुर रावत, दीर्घबहादुर शाही, नरबहादुर बुढा, लोकेन्द्र शाही, जयबहादुर बुढालगायतले नेमकिपा शोषितपीडित जनताको पक्षमा सङ्घर्षरत रहेको बारे स्पष्ट पार्नुभयो।



मानव जातिले ती मानिसहरूबाट सिक्न सक्छन् जसले आफूलाई बाँधेका सिक्री चुँडालेका छन् । मानव जातिलाई शताब्दीयौँसम्म बाँधेकाहरूबाट मानव जातिले केही सिक्न सक्दैन ।

-फिडेल क्याष्ट्रो
(क्युवाली समाजवादी क्रान्तिका नेता)

## सम्पादकीय

# हाम्रो प्राथमिकता पहिल्याउनु आवश्यक

विधानपालिका (संसद्), कार्यपालिका (मन्त्रिमण्डल - सरकार) र न्यायपालिका (अदालत) मिलेर पुँजीवादी व्यवस्थालाई चालू राख्ने गरी आएको बारे नेपाली जनताले भर्खर बुझ्न थालेको/बोलेको देखियो । २०८२ भदौ २३-२४ को घटनाले राजनीतिक नेताहरूमा रहेको आँखाका पट्टीलाई खोलेर 'राजसत्ता' भनेको 'मन्त्रिमण्डल' वा 'सरकार' होइन बरु 'सेना' हो भन्ने खुलासा गरेर देखाइदियो ।

बरोबर सरकार र सिंहदरबारको मेचमा पुगेपछि आफ्नो राजनीतिक जीवन बल्ल सफल भएको ठान्ने राजनीतिक नेता, कार्यकर्ता एवं विश्वविद्यालयहरूमा राजनीतिशास्त्र पढाउने प्राध्यापकहरूसमेत यसबारे राजनीतिको सच्चाइ नबुझेको अनुभव गर्दै छन् ।

'जसको तरबार उसको दरबार', 'जसको लट्ठी उसको भैँसी', 'राजसत्ता बन्दुकको नालबाट प्राप्त हुन्छ' भन्ने जस्ता बोलीचालीमा आउने सच्चाइबारे पनि गम्भीर नभएको प्रस्ट हुन्छ । आफ्नै आँखा अगाडि हिजो मात्रै 'राष्ट्रपति', 'प्रधानमन्त्री' संसद्को सबभन्दा ठुलो दलको नेता, बारम्बार प्रधानमन्त्री भएका र मन्त्रीहरूको हविगत 'शीतल निवास', 'बालुवाटार', 'सिंहदरबार', 'सर्वोच्च अदालत'को आगोका लप्काहरूको अगाडि निरीह देखिएका 'बबुराहरू'को गुमेको होस हवासलाई किन आज बिर्सेका होलान् !

नेका, एमाले, 'प्रचण्डको कम्युनिस्ट र समाजवादी समूह', 'राप्रपा' र तराईका अनेक राजनीतिक दलहरू किन फेरि त्यही २०८२ को भदौ २३-२४ गतेकै 'बलिको बाखा' हुन खोज्दै छन् ? आश्चर्य ! युवा हुँदैमा योग्य, इमानदार र सुझबुझ हुने भए हिजोका प्रदीप पौडेल र योगेश भट्टराई किन पत्रु साबित भए ? क्यान्सर अस्पतालजस्तो संवेदनशील ठाउँमा भ्रष्टाचारीहरूको हात बलियो बनाउन तथा बौद्ध विहारजस्तो सार्वजनिक र धार्मिक स्थल कमलपोखरीमा निर्माण गरिएको होटेल उद्घाटन गर्न युवा मन्त्री योगेश किन लुकेर जानुपर्ने थियो ?

यसकारण, यहाँ राजनीतिको अर्थ पद र पैसाको प्रश्न होइन बरु नि:स्वार्थ रूपले देश र जनताको सेवामा समर्पित हुने हो ।'

त्यस्तै, यहाँ प्रश्न उमेर र जातको होइन बरु राजनीतिक सिद्धान्तप्रतिको निष्ठा हो । को कता जाने हो - राजतन्त्रको बाटो, अहिले नै हिँडिरहेको पुँजीवादी बाटो वा त्यो भन्दा पनि अगाडिको 'योग्यताअनुसारको काम र कामअनुसारको ज्याला' दिने, उत्पादनका सबै साधनहरू निजी होइन देश र समाजको हुने, 'शोषणरहित समाजतिर जाने हो' वा 'अमेरिकी साम्राज्यवादको पिछलग्गू भएर नयाँ उपनिवेशमा' जाकिने ?

त्यस्तै समस्या कसले कुन मन्त्री पद लिने भन्ने होइन बरु देशको लागि अहिले प्राथमिकता के मा दिने भन्नेबारे नै छलफल र विवादको विषय हो । बजेटको प्राथमिकता कृषि, यातायात, शिक्षा, स्वास्थ्य, उद्योग, प्रविधि वा केलाई दिने हो ? यसबारे किन गम्भीर छलफल हुन्न ? किनभने राजनैतिक दलका शीर्ष नेताहरू त्यसबारे आफैं 'कुहिरोका काग' जस्तै छन् ।

यी अन्यौल र अज्ञानताको रोग केन्द्र, प्रदेश र स्थानीय निकायहरूमा पनि समान छन् । निर्वाचित सदस्यहरू भ्रष्टाचारी, कार्यकर्ता र कर्मचारीहरू भ्रष्टाचारी, ठेकेदार एवं व्यापारी कालाबजारी र वन तस्करहरू सबै हरेक पार्टीका गम्भीर पक्ष हुन् ।

वर्तमान सरकार पनि के कम ! भ्रष्टाचारको विरोधमा आएको भनिएको सरकारका पदाधिकारीहरू आफैं 'कुहिरोका कागै' छन् भने हरेक क्षेत्र भ्रष्टाचारका प्रश्नको घेरामा छन् । अमेरिकी विश्वविद्यालयका स्नातकको छाप लागेका र आचार्य भनिएका व्यक्तिहरूले संयुक्त राज्य अमेरिकाकै हितमा अध्ययन गरेका छन् । हामी नेपालीहरूलाई नेपालकै समस्या बुझ्ने र त्यसैलाई समाधान गर्न जान्ने स्नातक र विद्यावारिधि गरेका युवाहरू चाहिने हो । 'विश्व बैङ्क', 'अन्तर्राष्ट्रिय मुद्राकोष' र 'एसियाली विकास बैङ्क' का दलालहरूले देखाएको बाटो नेपाली जनताको हितमा छैन । देश डलरको ऋणको पासोमा पर्ने होइन ।

# सहरमा घर भत्काउँदै र जग्गा मास्दै सडक चौडा गर्नु सन्तुलित विकास नहुने

✍ प्रज्ज्वल

सर्वोच्च अदालतले व्यक्तिको निजी जग्गामा सडक बनाउँदा मुआब्जा दिएर अधिग्रहण गर्नुपर्ने वा एकीकृत आवास योजना सञ्चालन गर्नुपर्ने फैसला दिएको केही वर्ष भयो । यो फैसला उल्लङ्घन हुने गरी रास्वपा सरकारले हाल कायम रहेको सडकको मापदण्ड दोब्बर बनाउने र जग्गाको मुआब्जा मूल्यको २५ प्रतिशतसम्म कर उठाउने विधेयक तयार गरेको सार्वजनिक भयो । रास्वपा सरकारको विधेयकको सडक र कर नीति देश र जनताको हितमा नहुनुको साथै सर्वोच्चको फैसलाविपरीत हुँदा स्वत: बदर हुने निश्चित छ । यो विधेयक कानुन बनाउनु अघि सरकारले उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण हुने कानुन बनाउनु जरुरी हुन्छ ।

रास्वपा सरकारले शहरीकरणमा केही योगदान गर्ने नै भए देशभरिका ७५३ स्थानीय तहको सदरमुकाममा भौतिक पूर्वाधार निर्माण गरी देशको सन्तुलित विकास गर्नु जरुरी छ । सङ्घीय र प्रदेशको राजधानीमा बसाइँसराइ बढाएर यहाँका घर भत्काउँदै र जग्गा मास्दै सडक चौडा गर्नुले समस्या समाधान हुँदैन झन् जटिल हुनेछ । यतिखेर बढ्दो बसाइँसराइसँगै शहरमा खानेपानी, फोहरमैला, सडक जाम, दुर्घटना, धुलो-धुवाँको प्रदूषण र अपराधको सङ्ख्या वृद्धि विकराल भइसकेको छ ।

विश्वको अत्याधिक जनसङ्ख्या भएको एउटा देश चीनले सन्तुलित र व्यवस्थित शहरविकासको निम्ति २०-२० लाखको शहर बनाउने योजना कार्यान्वयन गर्दै छ । चीनको तुलनामा भारतमा जनसङ्ख्याको बन्दोवस्त नहुँदा कोलाहल, बेरोजगारी, प्रदूषण, अपराध व्यवस्थापन भएको छैन । नेपालको जनसङ्ख्या अनुसार देशको सन्तुलित विकास समेत गर्न स्थानीय तहका सदरमुकामहरूमा ५० हजारदेखि १ लाखको शहर बसाल्नु उपयुक्त हुनेछ ।

देश जलाउँछु भन्दा प्रम !

रास्वपाले निर्वाचनमा जनतालाई No Line भन्दै Online सेवा दिने वाचा गरेको थियो । रास्वपा सरकारमा पुगेको चारमहिना नाघ्यो । यो अवधिमा खाना पकाउने ग्यास पाउन जनता भौँतारिँदै छन् भने वैदेशिक रोजगारीमा पठाइने युवाको लाइन पनि बढ्दो छ ।

पत्रकार राजेन्द्र वानियाले रास्वपा सांसद राजु पाण्डेसँग सोधेका थिए- "सिंहदरबार जलाउँछु भन्दा बालेनलाई प्रधानमन्त्री बनाउनुपर्ने हो ?" बालेन कामनपाको मेयर हुँदा राजु नगरप्रहरीका प्रमुख थिए । बालेनले आफूसँगै राजुलाई पनि राजीनामा गराएर संसद्मा पुऱ्याउन लगाएका थिए । राजुले बालेनलाई बचाउँदै स्पष्ट पार्न खोजे- "बालेनले सिंहदरबार साँच्चै जलाउने भन्नुभएको होइन ।" बानियाले थपे- "के सिंहदरबार जलाउँछु भनेको सिंहदरबारमा घण्टी बजाउँछु भनेको हो र ?" सांसद पाण्डे अक्क न बक्क भए ।

मेयर हुँदा बालेनले सरकारी बजेट खर्बौं रुपैयाँ खर्च हुन नसकेको (फ्रिज भएको) र यसलाई विद्युतीय गाडी र खाना पकाउने इन्डक्सन चुल्होमा खर्च गर्न सकिने बताएका थिए । प्रमको कुर्सीमा पुगेका बालेनले यतिखेर संसद्मा भने- "अहिले नै जनताको घरघरमा विद्युतीय चुल्होमा खाना पकाउन सुरु गरे देशभरका ट्रान्सफरमर पड्किनेछ ।"

यसबारे एक पत्रकारले बालेनलाई देउवाभन्दा दोगला र ओलीभन्दा अहङ्कारी भएको टिप्पणी गरे ।

**सहकारी ठगी र सरकार**

कानुनका विद्यार्थी हरि कट्टेलले नेपालका सञ्चारमाध्यममा 'सानो पाइला बचत तथा ऋण सहकारी संस्था' को ५५ करोड रुपैयाँ गोर्खा मिडिया प्रालिअन्तर्गतको ग्यालेक्सी टीभीमा जीवी र रविले लगानीको नाममा अपचलन र ठगी गरेको प्रमाण आफूसँग भएको ठोकुवा गरे । कट्टेलको जोड थियो- "मैरे अगाडि रविले जीवलाई फोन गरे । त्यतिबेला जीवी नेपालमै थिए । रविको पक्षमा मुद्दा वहस गर्न वीरगञ्ज पनि पुगे । त्यतिबेला रवि गृहमन्त्री थिए । नेपालले हस्ताक्षर गरेको अन्तराष्ट्रिय कानुनअनुसार जुनसुकै देशमा रहेका अपराधमा संलग्न नेपालीलाई सम्बन्धित देशमार्फत पक्राउ गराई मगाउन मिल्छ । नेका, एमाले, रास्वपा सरकारले जीवीलाई नेपाल ल्याएर कार्वाई गर्न चाहेनन् । नेपालका कानुनका प्राध्यापक र वकिलहरू पनि मौन बसे ।"

सहकारी संस्थाहरूमा भएको ठगीमा रास्वपाका रविको संलग्नताबारे संसदीय छानबिन समिति गठन भएको थियो । समितिको सदस्यमा रास्वपाका वर्तमान परराष्ट्रमन्त्री शिशिर खनाल पनि सदस्य थिए । खनालले त्यसबेला अनौपचारिक रूपमा सहकारी ठगीमा परोक्ष भए पनि रविको संलग्नता भएको सङ्केत दिएको बताउनेहरू पनि छन् । यसकारण पनि खनालले रविमार्फत पार्टी र सरकारमा मुख्य भूमिका पाइरहेको बताउनेहरू पनि छन् । सरकारले सहकारी संस्थाको बचत सबै सदस्यको हितमा उत्पादन र सेवामा लगानी गर्नुपर्ने कानुन नबनाएसम्म सहकारी ठगी रोकिने छैन । सहकारी ठगीमा मुद्दा बोक्नुपरेको कारण रविले चुनावअघि बालेनलाई प्रम बनाउने सहमति गरेका थिए ।

**रास्वपा र बालेनबिच मतभेद**

एक विश्लेषक बुद्ध छिरिङले तीन ओटा अङ्ग्रेजी अक्षर 'ए' ले बालेनको सरकार गठन गरेको बताए । उनका अनुसार तीन 'ए' मा आर्मी, अल्गोरिदम र अमेरिका हुन् । यी तीन 'ए' को साथ नपाए बालेनलगायत रास्वपाका कतिपय गत भदौ २३ र २४ गतेको उपद्रवमा सामेल भएकाहरू जेलमा पुग्ने उनको जोड हो । अर्का एक पत्रकारले भने- 'जङ्गी अड्डाले प्रमलाई चलाउने अवस्था सैनिक शासनजस्तै हुनेछ ।'

बालेनले केही दिनअघि सामाजिक सञ्जालमा 'कहिलेकाहीँ एक्लै लड्नुपर्छ । यो पहिलो चोटी होइन ।' राखेर आफू 'एक्लिएको' सङ्केत गरे ।

ठीक यहीबेला रास्वपा सभापति रविले सरकारले काम नगरे कान समाउने पार्टी भएको बताए । तर, रविको अडान पनि बलियो छैन ।सञ्चारमाध्यमको पत्रकार हुँदा रविले 'बाल्यकालमा देखेको नेपालको चुच्चे नक्सा छपाएर जारी नगरेका सुस्वाल भिजाउने सरकारका निरीह जनता भएर बस्नुपरेको' बोलेका थिए । अहिले सरकारको नेतृत्वमा पुगेको पार्टी सभापति हुँदा रविले कूटनीतिमार्फत विषय सल्टाउनुपर्ने, ढोल बजाएर नहुने भनी भारतीय विस्तारवादसामु आत्मसमर्पण गरे ।

रास्वपाकै सांसदहरू सरकार तराईमा सेना र प्रहरी पठाएर जनतालाई दमनमा लागेको र जनतालाई पढाउन र उपचार गर्न शिक्षक एवम् डाक्टर नपठाएको, पूर्ववर्ती सरकारले तयार गरेको लालपुर्जा सुकुम्वासीलाई वितरण र सुरुङमार्ग उद्घाटनमा लागेको, चारमहिनामा संसद्को कामकारवाही असफल भएको, प्रम र मन्त्रीलाई वास्ता नभएको पीडा पोख्दै छन् ।

वरिष्ठ पत्रकार भूषण दाहालले रास्वपाका बालेन सरकारको एकसय दिनपछि 'पाण्डोराको बाकस' खुलेको, आर्थिक, कूटनीतिक र प्रशासनिक क्षेत्रको जहाज डुबेको बताए ।

पत्रकार राजेन्द्र बानियाले रास्वपाका सांसद गणेश कार्कीलाई 'सिंहदरबार पोल्ने मान्छे' भदौ २४ गतेको उपद्रोबारे अनुसन्धान किन भएन भनी प्रश्न गरे । सांसद कार्कीले भदौ २४ गते कान्तिपुर भवन आगजनीपछि 'तिम्रो देश समाप्त भयो' भनी बोलेको सार्वजनिक भएको हो ।

यतिबेला रास्वपा सांसद मनिष झा प्रतिपक्षीको भूमिकामा देखिएको के प्रमुख विपक्षी र विपक्षी नेका, एमाले र माओवादीलाई चुनौती दिइएको हो ? संसद र सडकमा प्रमुख र विपक्षी गुमनाम जस्तै छन् ।

# भिजिट भिसाका नाममा सरकारले नै मानव बेचबिखन गरिरहेको किन होइन ?




शुक्र

पैँतीस वर्षयता वैदेशिक रोजगारीको नाममा नेपाली युवालाई विदेश पठाउने कार्य नेपाली काङ्ग्रेसले सुरु गरेको हो । यसलाई एमाले, माओवादी, राप्रपा, मधेशवादी दल हुँदै रास्वपाको वर्तमान सरकारले समेत निरन्तरता दियो । अहिले दिनमा करिब दुई हजार युवा विदेश गइरहेको र उनीहरूले दिनमा औसत ५ अर्ब रुपैयाँ रेमिट्यान्स पठाइरहेको सार्वजनिक भयो । रेमिट्यान्ससँगै मुद्रा स्थिफ्रिति बढिरहेकोतर्फ सरकारको ध्यान गएन । म्यानपावर कम्पनीको जालोमा पठाइएका हजारौं युवा विदेशी भूमिमा दु:ख कष्ट भोगिरहेका छन् ।

रुकुमपूर्वको सिस्ने गाउँपालिका ३, पोखराका २१ र ३० वर्षका दुई युवा अमेरिकाको जेलमा रहेको हालै सार्वजनिक भयो । १२ कक्षा पढेका युवाहरूलाई महिनाको लाखौं कमाइ हुने लोभ देखाएर चोरबाटो (डंकी रुट) बाट वर्षौं लगाएर अमेरिकाको सिमानासम्म पुऱ्याउने र अमेरिका प्रवेश गर्नेबित्तिकै त्यहाँको प्रहरीले समातेर जेलमा कोच्ने गरेको सार्वजनिक भयो । नेपाली युवालाई सिधै विदेशको जेलसम्म पुऱ्याउने दलालहरूसँग आजसम्मका सरकारहरूको सम्बन्ध नभएको भए कारबाही हुनुपर्ने होइन र ?

नेपाल सरकारले २०७३ चैत २१ गतेदेखि कुवेतसहित खाडी र मलेसियामा घरेलु श्रमिकलाई श्रम स्वीकृति बन्द गरेको थियो । कुवेतमा गत असार १५ सम्म ६८ हजार ९ सय नेपाली रहेको कुवेत सिटीस्थित नेपाली दूतावासले बतायो । त्यहाँ निजी क्षेत्रको प्रतिष्ठानमा १ लाख १५ हजार र सरकारी सेवामा ४ सय २१ जना नेपाली कार्यरत छन् । कुवेतको कानुनमा नेपालबाट घरेलु श्रमिक भर्ती रोकिएको छैन । कुवेत पब्लिक अथोरिटी फर म्यानपावर (पाम) ले नेपालका घरेलु श्रमिक भर्ती र रोजगारदाता (घर मालिक वा स्पोन्सर) लाई दिनका लागि कानुनी रूपमा कुवेती म्यानपावर कम्पनीलाई इजाजतपत्र (लाइसेन्स) दिएको छ । कुवेतले नेपाललगायत दक्षिण अफ्रिका, बेनिन, इरिट्रिया, इथियोपिया, फिलिपिन्स, श्रीलङ्का, भारत, भियतनामबाट घरेलु श्रमिक लिने गरेको छ ।

कुवेतमा एक जना घरेलु श्रमिक उपलब्ध गराएवापत रोजगारदाताले म्यानपावर कम्पनीलाई सेवा शुल्कबापत ७५० दिनार (३ लाख ७० हजार रुपैयाँ) दिन्छ । ६ महिना परीक्षणकाल पछि कुनै समस्या नभए रोजगारदाताले २ वर्षसम्म आफूसँग काममा लगाउँछ । नेपालका म्यानपावर कम्पनीहरूले समयावधि सकिएका नेपाली श्रमिकलाई रोजगारदाताको घरबाट फिर्ता ल्याउने अवस्था छैन । यसकारण नेपाली चेलीहरू वर्षौंसम्म कुवेतीको घरमा दासीको रूपमा रहन बाध्य छन् । कुवेतमा रहेको नेपाली दूतावासले गत वर्षमात्र १ हजार ४ सय १६ जना नेपाली महिलालाई उद्धार गरी स्वदेश पठायो । तर, बिचौलियामार्फत पुगेका महिलाको उद्धार, सहायता, बिमा, क्षतिपूर्ति, सामाजिक सुरक्षा तथा कानुनी सहायता र प्रतिरक्षाको काममा असहज भइरहेको दूतावासका अधिकारीहरू बताउँछन् ।

अहिले कानुनका विभिन्न सर्त पूरा नगरेका ७७१ इजाजत प्राप्त म्यानपावर कम्पनीलाई नेपाल सरकारले कारवाही गर्ने सूचनासँगै नेपाली युवालाई विदेश नपठाउने भनी सरकारलाई दबाब दिएको सार्वजनिक भयो । नेपाली युवाहरूलाई घर न घाटमा पुऱ्याउने त्यस्ता कम्पनीको इजाजतमात्र रद्द गरेर पुग्दैन, संलग्न सबैलाई कानुनको कठघरामा ल्याउनुपर्छ । नेपाली युवा बेच्ने 'नयाँ गल्लावाल' भएकेले म्यानपावर कम्पनीहरूलाई खारेज गर्नु जरुरी छ ।

घरेलु श्रमिकका रूपमा सबैभन्दा बढी अति गरिब, विपन्न र एकल महिला जाने गरेका छन् । सबैभन्दा बढी झापा, सिन्धुपाल्चोक, मकवानपुर, मोरङ, काठमाडौं, काभ्रे, इलाम, नुवाकोट, सुनसरी र चितवनबाट भिजिट भिसाका माध्यमबाट महिला घरेलु श्रमका लागि विदेश लागिरहेका छन् । यूएई, बहराइन, कुवेत, ओमान, कतार र साउदी अरबमा मात्रै पछिल्ला चार वर्षभित्र भिजिट भिसा प्रयोग गरी १ लाख ७ सय ७८ जना नेपाली महिलालाई पुऱ्याइएको छ । भिजिट भिसाको नाममा सरकारले नै मानव बेचबिखन गरिरहेको किन होइन ?

# भ्रष्टाचार नियन्त्रण र सुशासनको सवाल

विवेक

भ्रष्टाचार नियन्त्रण र सुशासनको नारा दिएर रास्वपा सरकारमा पुगेको ४ महिना बितिसकेको छ । तर, जनताले अनुभूत गर्ने गरी कुनै क्षेत्रमा पनि सकारात्मक सन्देश दिन सकिएको छैन । सरकारले पूर्वमन्त्री र प्रधानमन्त्रीहरू तथा पदाधिकारीहरूलाई पक्रने र छोड्ने क्रम जारी राखेको छ । सरकार भ्रष्टाचारीहरूलाई कारबाहीभन्दा पनि चर्चाकै लागि काम गरिरहेको देखिँदै छ । यो राम्रो सङ्केत होइन ।

सरकारले हरेक व्यक्तिको विषयमा राम्रो अनुसन्धान गरेरमात्र पक्राउ गरेको भए थोरै धरौटी वा बिनाधरौटी छोड्नुपर्ने अवस्था आउँदैनथ्यो होला । प्रमाणबिना अदालतले कसैलाई थुन्न मिल्दैन । जथाभावी सरकारले पक्राउ गर्दैमा अदालतले थुनामा राख्ने होइन । अदालत प्रमाणको आधारमा काम गर्छ । कानुनी प्रक्रियाबिना पक्राउले सरकारकै बदनाम भइरहेको छ । एमालेका उपाध्यक्ष विष्णु पौडेल पक्राउ पछिल्लो उदाहरण हो । उनलाई सुर्खेतबाट पक्रेर रातारात काठमाडौँ ल्याइयो । २० करोडभन्दा बढीको बिगो दाबी गर्दै उनीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरियो । अदालतले बिनाधरौटी छोड्यो । उनीविरुद्ध भ्रष्टाचार गरेको कुनै अधिकारिक प्रमाण पेस नसकेकै कारण छोडिएको हुन सक्छ । सरकारले भ्रष्टाचारीहरूलाई कारबाही गर्नै चाहेको हो भने समय लिएर राम्रो अनुसन्धान गरी प्रमाणसहित मुद्दा दर्ता गर्नुपर्ने थियो । एकपटक अदालतले छोडेपछि सोही विषयमा फेरि मुद्दा चलाउन मिल्दैन । सरकार चर्को चर्को कुरा गरेर हचुवाको भरमा मुद्दा दर्ता गरेर कतै भ्रष्टाचारीहरूलाई उन्मुक्ति दिन त खोजिरहेको चैन भने प्रश्न पनि उठ्न थालेको छ ।

हाकिमदेखि शौचालयमा काम गर्ने कर्मचारीसम्मले सेटिङ मिलाएर भ्रष्टाचार गर्छन् भने त्यो नीतिगत भ्रष्टाचार हो । विमानस्थलबाट किलोका किलो सुन अवैध रूपमा कसरी छिर्छन् ? मन्त्रीदेखि निगमका महानिर्देशक, प्रहरी प्रशासन, चेक जाँच गर्ने कर्मचारी, शौचालयसम्मका कर्मचारीसम्म नमिली त्यो सम्भवै हुँदैन । चार्ल्स शोभराजले एकपटक नेपालको विमानस्थलबाट 'हात्ती पनि छिराउन सकिन्छ' त्यसै भनेको थिएन होला ।

बढी भ्रष्टाचार हुने क्षेत्रमध्ये मालपोत कार्यालय पनि एक हो । एकपटक भक्तपुर मालपोत कार्यालयका कार्की थरका प्रमुख मालपोत अधिकृतले भनेका थिए- 'हामी एक्लै पैसा खाँदैनौँ । राष्ट्रपतिसम्म पुग्छ पुग्दैन त्यो मलाई थाहा छैन । प्रधानमन्त्रीसम्म त पुग्छ पुग्छ ।' भक्तपुर नगरपालिकाका वडा सचिव र कर्मचारीहरूबिचमा उनले त्यसो भनेका थिए । त्यतिबेला एमालेका तत्कालीन महासचिव माधव नेपाल प्रधानमन्त्री र मालेको तर्फबाट डम्बर श्रेष्ठ भूमिसुधार मन्त्री थिए । केही समयपछि मन्त्री श्रेष्ठ भक्तपुर आउने क्रममा ती नै कर्मचारीहरूबिच प्रमुख मालपोत अधिकृतले भनेको कुरा राख्दा उनले असहज महसुस गरेका थिए । पछि बालुवाटार जग्गा प्रकरणमा माधव नेपाल र श्रेष्ठ दुवैविरुद्ध भ्रष्टाचार मुद्दा चलाइयो ।

विद्यमान कानुनी बन्दोबस्त मन्त्रीहरूलाई चोरलाई चौतारी भएको छ । कानुनमा अख्तियारलाई दुरुपयोग निवारण आयोगलाई मन्त्री परिषद्को निर्णयमा अनुसन्धान गर्ने अधिकार दिइएको छैन । मन्त्रीहरूले अख्तियारबाट बच्नकै लागि मन्त्री स्तरीय निर्णयहरूसमेत मन्त्रिपरिषद्मा लाने गरेका थुप्रै उदाहरणहरू छन् । ख्वप कलेज अफ इन्जिनियरिङअन्तर्गत कम्प्युटर विषयको अध्यापनमा इन्जिनियरिङ काउन्सिलको स्वीकृतिका लागि साढे तीन वर्ष दुःख दिनु यसको ताजा उदाहरण हो । कलेज प्रशासनका पदाधिकारीहरूले मन्त्री, सचिवहरूसँग पटक-पटक भेटेर छलफल गरे । विभिन्न बहानामा कलेजलाई सास्ती दिइयो । लामो समयपछिमात्र काउन्सिलले मन्त्रिपरिषद्को निर्णयअनुसार स्वीकृति दियो । त्यो ख्वप कलेज अफ इन्जिनियरलाई दुःख दिनकै लागि मन्त्रिपरिषद्मा लगेको भन्ने कुरा पछि थाहा भयो । किनभने, कलेजको एउटा विषय थपको फाइल न त्यसभन्दा अगाडि कुनै मन्त्रीले मन्त्रीपरिषद्मा लगेका थिए न त्यसपछि नै लगियो । भक्तपुर नगरपालिकालाई बद्नियतवश दुःख दिनकै लागि मन्त्रीपरिषद्मा पुऱ्याइएको शिक्षाविद्हरूको भनाइ छ । अनाहकमा कसैलाई दुःख दिनु स्वयं एक भ्रष्टाचार हो ।

सरकारमा जाने दलका नेताहरू गृहमन्त्री हुनमा किन लालायित हुन्छन् भने मन्त्रीले बिल विनै दिनको लाखौँको सुराकी खर्च बुझ्ने सुविधा पनि रहेछ । कमल थापा गृहमन्त्री हुँदा उनले प्रतिदिन ५ लाख सुराकी भत्ता बुझेको समाचार सार्वजनिक भएको थियो । त्यो क्रम पछिल्ला मन्त्रीहरूसम्म चलेको थियो ।

कानुन बनाएर बैठक भत्ता वा अन्य सुविधाको नाउँमा राज्यको पैसा वितरण गर्नु पनि नीतिगत भ्रष्टाचार हो । पहिले विद्युत् प्राधिकरण सधैँ घाटामा गएको प्रचार गर्थ्यो । तर, त्यहाँका कर्मचारीहरूले अन्य सरकारी कार्यालयको भन्दा बढी सेवा सुविधा लिएको बारेमा पटक-पटक आलोचना भएको थियो । एमालेका पालामा निगमका प्रमुख भएका लोककृष्ण भट्टराईले प्रतिव्यक्ति खाजा खर्चको बिल ५ हजार ५ सयको आएको सार्वजनिक गरेका थिए । उनले पाँच तारे होटलबाट खाजा मगाउने गरेकोमा असन्तुष्ट व्यक्त गरेका थिए । प्राधिकरण समितिका पदाधिकारी तथा सदस्यहरू बैठक भत्ता नै ११ हजार बुझ्थे । त्यो पनि हप्ताको २ पटक बस्ने गर्थ्यो । नेपाल आयल निगम पनि देश डुबाएर पदाधिकारीहरूले सुविधा लिने अर्को सरकारी संस्था हो । बैठक भत्ता ७ हजार बुझ्ने गरेको तत्कालीन आपूर्तिमन्त्री श्यामसुन्दर गुप्ताले एक प्रसङ्गमा भनेका थिए ।

मन्त्री बन्ने भनेको देश र जनताको सेवाको निम्ति हुनुपर्ने हो तर यहाँ भ्रष्टाचार गर्नको निम्ति जस्तो भएको छ ।

विगतका सरकारहरूले राम्रो काम गरेको भए नेपालको आर्थिक विकास अहिलेभन्दा धेरै अगाडि बढिसकेको हुने थियो । कृषिप्रधान देशमा अहिलेसम्म एउटा रासायनिक मल कारखाना स्थापना भएको छैन । मन्त्रीहरूले मलमा कमिसन खानकै लागि मल कारखाना स्थापना गर्न नचाहेका हुन् । राधाकृष्ण मैनाली एमालेको तर्फबाट कृषिमन्त्री हुँदाका बखत कोरियाबाट मल ल्याउन दुई देशबिच सम्झौता भयो । उनले मल ल्याउने कम्पनीहरूलाई लगतभन्दा बिलमा १० प्रतिशतभन्दा बढी राखेर ल्याउन भनेको कुरा बाहिरियो । त्यसबारे उठेको एक प्रसङ्गमा उनले पानी जहाजमा ल्याउने क्रममा बोरा च्याटिने, मुसाले काट्ने र क्षति हुन सक्ने भएकोले त्यो मिलाउन कोरियाली कम्पनीलाई त्यसो भनेको स्वीकार गरेको उनका निकटहरूले बताए ।

मन्त्री हुनेहरू 'मालदार' मन्त्रालय पाउन लालायित हुने गर्छन् । गृह, भौतिक, अर्थमन्त्रालयलाई मालदार मन्त्रालयले रूपमा लिने चलन छ । पार्टी अध्यक्ष वा सभापति निकट वा प्रधानमन्त्री नजिककालाई ती मन्त्रालयहरूको जिम्मेवारी दिने गरेको विगतको इतिहास छ । जनताको सेवा गर्ने भावना भएको भए मन्त्रीहरू जुनसुकै मन्त्रालयमा जान पनि तयार हुनपुर्ने होइन र ?

विभिन्न देशले पठाएका विदेशी सहयोग मात्रै राम्रोसँग सदुपयोग भएको भए पनि देशको आर्थिक अवस्था योभन्दा धेरै राम्रो भइसक्थ्यो । विदेशीहरूले नेपालजस्तो देशहरूलाई सहयोग गरेको जस्तोमात्र गर्छन् । प्रविधिक तलब भत्ता वा अन्य विभिन्न रूपमा सहयोगको आधाभन्दा बढी उनीहरूकै देशमा पैसा फिर्ता हुन्छ । एक नेपाली इन्जिनियरले ५०/६० हजार तलब खान्छ भने विदेशीहरू २५/३० लाख तलब खान्छन् । अमेरिका, बेलायत, जापानजस्ता देशहरूले आफ्नो युवाहरूलाई रोजगारी दिनकै लागि पनि विभिन्न देशमा सहयोग पठाइरहेका हुन्छन् ।

भक्तपुर नगरपालिकालाई २०७२ सालपछि जर्मनी सरकारले दिएको १ करोड युरो (झन्डै १ अर्ब २० करोड) अस्वीकार गर्नुको कारण पनि यही हो । भक्तपुरका सम्पदा पुनःनिर्माण र जीर्णोद्धार गर्न उनीहरूकै प्राविधिक टीम बनाउने र त्यसको सिफारिसमा मात्रै निर्माण सामान खरिद गर्ने, प्रमुख प्राविधिकमा उनीहरूकै प्राविधिक राख्ने कुरामा नगरपालिका सहमत भएन ।

अहिले विकास बजेट ५० प्रतिशत पनि खर्च हुन सकेको छैन । त्यो पनि आधाभन्दा बढी त असारे विकासमै खर्च भएको हुन्छ । एक त विकास बजेट नै कम अर्को असारको समयमा ठेकेदारले काम गर्दा के हालत हुन्छ ? यो सबै देशको रकम सिध्याएर भ्रष्टाचार गर्न नै हो भन्ने जनमानसमा छाप परेको छ ।

देश २९ खर्बभन्दा बढी ऋणमा डुबेको छ । विश्व बैङ्क वा एसियाली विकास बैङ्कले ऋण स्वीकृति गर्दा नै परामर्शदाता तोक्छन् । ४०/५० लाख महिनाको तलब खाने उनीहरूकै परामर्शदाता पठाउँछन् र ऋण जति नेपाली जनताको टाउकोमा बोकाएर उनीहरू घर फर्किन्छन् । मेलम्ची खानेपानी आयोजनामा ६० अर्बभन्दा बढी खर्च भइसकेको छ भने अब सिस्नेरी खानेपानीको निर्माण कार्य अघि बढाउन १७० मिलियन डलर (झण्डै २४ अर्ब) ऋण लिन खोज्दै छ ।

सरकारी र निजी बैङ्कहरूबाट ४८ खर्बभन्दा बढी ऋण प्रवाह भइरहेकोमा ९८ जना उद्योगी व्यापारीहरूसँग मात्रै ३१ खर्ब र १८ लाख ऋणीहरूसँग १७ खर्ब भएको तथ्याङ्क केही समयअघि सार्वजनिक भएको थियो । देशको सबै पैसा धनाढ्य भनिएका १०० जनाभन्दा कम उद्योगपतिहरूले प्रयोग गर्दै छन् भने देशको अर्थतन्त्र पनि उनीहरूकै हातमा रहेको बुझ्न सकिन्छ । के यसको छानबिन हुनुपर्ने होइन ?

सरकारले सुशासनको अनुभूति दिने हो भने पहिलो, मन्त्रिपरिषदको निर्णयहरूको अनुसन्धान गर्ने अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई दिनुपर्छ, दोस्रो २०४६ सालदेखि आजसम्मका प्रधानमन्त्री, मन्त्री, सांसद, उच्च पदस्थ पदाधिकारीहरूको सम्पत्ति छानबिन गर्नुपर्छ, तेस्रो सरकारीसँगै निजी क्षेत्रका व्यवसायी, उद्योगपति, ठेकेदार, सङ्घ संस्थाका (एनजीओ र आइएनजीओ) सञ्चालकहरूको सम्पत्ति छानबिनको अधिकार अख्तियारलाई दिनुपर्छ । यसले नेपालमा भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न धेरै हदसम्म सहयोग पुऱ्याउन सक्छ ।

---

## सन्दर्भ : हङकङको छाता आन्दोलन

# साम्राज्यवादीहरूको 'छद्‌म युद्ध' अध्ययन – ३४

रामरतन चौधरी

पहिलो अफिम युद्धमा चीन पराजित भएपछि सन् १८९८ मा छिङ राजवंशले हङकङ टापु बेलायतलाई ९९ वर्षको निम्ति दिएको थियो । दोस्रो विश्वयुद्धको समय सन् १९४१ देखि १९४५ सम्म हङकङलाई जापानले कब्जा गऱ्यो । सन् १९९७ मा जनवादी गणतन्त्र चीनले यो क्षेत्र बेलायतबाट फिर्ता लियो । त्यसपछि हङकङमा 'एक देश दुई प्रणाली' लागु गरियो । मूल भूमि चीनमा समाजवादी व्यवस्था छ भने हङकङमा पुँजीवादी प्रजातान्त्रिक व्यवस्था अवलम्बन गरिएको छ ।

हङकङ दक्षिण चीन सागरसँग जोडिएको चीनको अभिन्न अङ्ग हो । १,११४ वर्गकिलोमिटर (४३० वर्ग माइल) क्षेत्रफल रहेको हङकङमा ७५ लाख मानिसको बसोवास रहेको छ । यो विश्वको चौथो घना जनसङ्ख्या भएको क्षेत्र हो । हङकङ विश्वको सबैभन्दा महत्त्वपूर्ण वित्तीय केन्द्र र व्यावसायिक बन्दरगाहहरूमध्ये एक हो । यसको आफ्नै मुद्रा हङकङ डलर प्रचलनमा रहेको छ । हङकङलाई अरबपतिहरूको घर पनि भनेर चिनिन्छ । यो सहरमा जनताको प्रतिव्यक्ति आय उच्च (५६,४२८ अमेरिकी डलर) रहेको छ । हङकङ संसारकै सबैभन्दा धेरै गगनचुम्बी भवनहरू भएको क्षेत्र तथा अमेरिकाको न्यूयोर्क शहर र लन्डनपछि विश्वको तेस्रो स्थानमा रहेको विश्वव्यापी वित्तीय केन्द्र पनि हो ।

### हङकङमा छाता आन्दोलन (Umbrella Movement)

जनवादी गणतन्त्र चीनको राष्ट्रिय जन काङ्ग्रेसको स्थायी समितिले ३१ अगस्ट २०१४ मा हङकङले सन् २०१७ मा हुने कार्यकारी प्रमुख निर्वाचनको निम्ति बेइजिङबाट उम्मेदवार अनुमोदन गर्नुपर्ने निर्णय गरेको थियो । यो निर्णयअनुसार हङकङको प्रमुख कार्यकारी 'चीन र हङकङलाई माया गर्ने' देशभक्त हुनुपर्ने र उम्मेदवारले १,२०० व्यक्ति रहने मनोनयन समितिको आधाभन्दा बढीबाट समर्थन पाउनुपर्ने भयो । यसलाई अमेरिका र पश्चिमा समर्थकहरूले चीनले हङकङको प्रजातन्त्र हनन गरेको आरोप लगाए । 'एक देश, दुई प्रणाली' सिद्धान्तको पनि गलत व्याख्या गरियो । त्यसपछि अमेरिकी सहयोगमा सन् २०१४ सेप्टेम्बर २८ देखि डिसेम्बर १५ सम्म (७९ दिन) हङकङमा विद्यार्थीहरूद्वारा विरोध प्रदर्शन सुरु भयो । आन्दोलनले हङकङमा ठुलो आर्थिक क्षति पुऱ्याउनुका साथै हङकङको सामाजिक संरचनालाई नै चकनाचुर पार्ने प्रयास गऱ्यो ।

प्रदर्शनकारीहरू सडक अवरुद्ध गर्दै ढुङ्गामुढा तथा तोडफोडमा उत्रिए । उनीहरूले Free Hong Kong को समेत ब्यानर प्रदर्शन गरे । यो उत्ताउलो विरोध प्रदर्शनको क्रममा भिडलाई तितरबितर पार्न प्रहरीले टियर ग्यास र पिपर स्प्रे (Pepper Spray) प्रयोग गरेको थियो । प्रदर्शनकारीहरूले टियर ग्यास र पिपर स्प्रेबाट बच्न छाताको प्रयोग गरेका थिए । यसैलाई पछि साङ्केतिक रूपमा 'छाता क्रान्ति' भनेर नामकरण गरियो । यो नाम २६ सेप्टेम्बर २०१४ मा एडम कटनले आफ्नो ट्वीटरमा प्रयोग गरेका थिए । यो आन्दोलन नेतृत्त्वविहीनजस्तै थियो । यद्यपि औपचारिक नेतृत्व कसैले नलिएको भए पनि Occupy Central with Love and Peace, Civil Human Rights Front, Hong Kong Federation of Students, Scholarism, Civic Party, Democratic Party, Hong Kong Association for Democracy and Peoples Livelihod, Labour Party, League of Social Democrats, People Power, Civic Passion जस्ता समूहहरू प्रदर्शनमा देखा परेका थिए । प्रदर्शनकारीहरूले ह्वाट्सएप, फायरच्याटहरूको प्रयोग गरेर सन्देश प्रवाह गरेका थिए ।

हङकङ विश्वविद्यालय, हङकङको चिनियाँ विश्वविद्यालय, हङकङ विज्ञान तथा प्रविधि विश्वविद्यालय, हङकङको खुला विश्वविद्यालय, हङकङ ब्याप्टिस्ट विश्वविद्यालय, लिङ्नान विश्वविद्यालय, हङकङको सिटी विश्वविद्यालय, हङकङको किङ्स कलेज, क्वीन्स कलेज, इम्याकुलेट हार्ट अफ मेरी कलेज, सेन्ट पल कलेज र हङकङ माध्यमिक विद्यालयहरूमा विरोध ब्यानरहरू प्रदर्शन गरिएको थियो ।

प्रदर्शनकारीहरूले अक्टोबर २३ मा लायन रकको चुचुरोमा विरोध ब्यानर झुन्ड्याए । भोलिपल्ट यसलाई सुरक्षाकर्मीहरूले निकाले । त्यसपछि प्रदर्शनकारीहरूले 'एक निकाल, दस झुन्ड्याऊ' अभियान सुरु गरे । हङकङका ताई मो शान, डेभिल्स पिक, ताई तुङ शान, क्यासल पिक, द पिक, काउलुन पिक, तुङ पिङ चाउलगायतका टापुहरूमा 'मलाई वास्तविक विश्वव्यापी मताधिकार चाहिन्छ' लेखिएका ब्यानरहरू झुन्ड्याइए ।

### अमेरिकी संलग्नता

हङकङलाई चीनले फिर्ता लिएदेखि नै अमेरिकी संस्था 'प्रजातन्त्रको लागि राष्ट्रिय अनुदान' (NED) र रङ्ग क्रान्तिका कुख्यात प्रायोजकहरूले गिद्धे आँखा लगाइसकेका थिए । अमेरिकी मूलधारका सञ्चारमाध्यम र विदेश मामिलाका विश्लेषकहरूले सन् १९९० को दशकतिरै चीनको बढ्दो आर्थिक शक्तिलाई 'रातो खतरा' को रूपमा व्याख्या गर्न थालिसकेका थिए । उनीहरूले उदाउँदो चीनलाई विश्वमा अमेरिकी सर्वोच्चताको निम्ति चुनौतीको रूपमा हेर्न थालिसकेका थिए । यसर्थ सन् २०१४ मा संरा अमेरिकाले चीनको हङकङमा उपद्रोको बिउ छर्ने काम गऱ्यो ।

अमेरिकी सिनेटको विदेश सम्बन्ध समितिमा पूर्वी एसियाली तथा प्रशान्त मामिला ब्यूरोका सहायक सचिव डेनियल आर रसेलले २०१४ डिसेम्बर ३ मा प्रस्तुत गरेको बयानमा यस्तो छ, "हङकङले लामो समयदेखि अवलम्बन गरेको सबै मूल्यमान्यता संयुक्त राज्य अमेरिकासँग मिल्दाजुल्दा छन् । हङकङ अमेरिकी निर्यातको नवौँ ठुलो बजार र अमेरिकी कृषि उत्पादनहरूको लागि छैटौँ ठुलो बजार हो । १,४०० भन्दा बढी अमेरिकी कम्पनीहरूले हङकङमा लगानी गरेका छन् । हङकङ संयुक्त राज्य अमेरिकामा पनि प्रत्यक्ष विदेशी लगानीको प्रमुख स्रोत हो । हङकङका अधिकारीहरूले हाम्रो सुरक्षा हितहरूको रक्षा गर्न संयुक्त राज्य अमेरिकासँग काम गर्छन् । यसकारण हामी हङकङमा विश्वव्यापी मताधिकार, 'एक देश दुई प्रणाली' र आधारभूत कानुनअन्तर्गत हङकङको स्वायत्तताको लागि उभिनेछौँ । हामी हङकङको लोकतान्त्रिक विकासलाई अगाडि बढाउन हङकङ सरकार र जनतालाई प्रोत्साहित गरिरहनेछौँ ।" यसले पनि हङकङको उपद्रोमा अमेरिकाको स्वार्थ र संलग्नता प्रस्ट हुन्छ । यसको साथसाथै हङकङमा क्रियाशील चर्च, गैरसरकारी संस्था र अमेरिकी तथा पश्चिमी प्रभावका सञ्चारमाध्यमहरूले हङकङको नागरिक समाजलाई भाँड्न सक्दो प्रयास गरे । अमेरिका र पश्चिमा मुलुकका सञ्चारमाध्यमहरूले पनि 'छाता आन्दोलन' को पक्षमा व्यापक प्रचारप्रसार गरे । तर, पनि प्रतिक्रियावादीहरू सफल भएनन् ।

### प्रदर्शन समाप्ती

हङकङका सचेत जनता चीन सरकारको पक्षमा उभियो । सन् २०१४ नोभेम्बरको अन्त्यमा एउटा जनमत सर्वेक्षण गरिएको थियो । त्यसमा सहभागी हङकङका लगभग ८३ प्रतिशत जनताले प्रदर्शन तुरुन्तै रोक्नुपर्ने विचार व्यक्त गरे । 'उच्च स्तरको स्वायत्तता' को अर्थ पूर्णस्वायत्तता होइन भन्ने कुरा हङकङका जनताले बुझे । प्रदर्शनकारीहरू आफै विभाजित थिए । प्रदर्शनविरुद्ध विभिन्न यातायात कम्पनी र व्यवसायीहरूले अदालतमा उजुरी हाले । उनीहरूलाई अदालतबाट अवरुद्ध सडक खाली गराउने कानुनी आदेश प्राप्त भयो । सरकारले पनि उपद्रवकारीहरूलाई कुनै छुट दिएन । प्रहरीले प्रदर्शनकारीहरूको कजवे बे (Causeway Bay) र एडमिरल्टी (Admiralty) मा रहेका अन्तिम शिविरलाई खाली गरेर बाँकी रहेका उपद्रवकारीलाई पक्राउ गरेपछि अन्ततः २०१४ डिसेम्बर १५ मा 'छाता आन्दोलन' को नाममा अमेरिकाद्वारा प्रायोजित 'रङ्गीन क्रान्ति' को छद्‌म सपना समाप्त भयो ।

***सन्दर्भ सामग्री***

– U.S. Department of State, Evaluating the Impact of the "Umbrella Movement", Daniel R. Russel, 2014 december 3
'– Umbrella revolution' defeated, China daily, 2014 december 12
– How the U.S. Seeded a Colour Revolution in Hong Kong, Qiao Collective, 2020 may 25

## सन्दर्भ : जयराम बासुकलाको २२ औं स्मृति दिवस

# “जनताको समस्यामा ध्यान दिनु नै राजनीतिको उद्देश्य हो”



जनताको सेवा नै सर्वोपरि ठान्ने शिक्षाप्रेमी, न्यायप्रेमी, विकासप्रेमी र प्रेरक व्यक्तित्व जयराम बासुकलाको जन्म वि.सं. २००९ असार ३ गते भक्तपुरको ताथलीस्थित सौडोलमा भएको थियो । जयराम बासुकलाको शिक्षारम्भ गणेश प्रावि (हाल गणेश मावि) ताथलीबाट भयो । शारदा मावि, भक्तपुरबाट मावि शिक्षा पूरा गरी उहाँले महेन्द्ररत्न क्याम्पस, ताहाचल काठमाडौँबाट आई.एड. उत्तीर्ण गर्नुभयो । उहाँले नियमित स्वअध्ययनलाई निरन्तरता दिनुभयो ।

उहाँ वि.सं. २०२२ देखि कम्युनिस्ट आन्दोलनका विभिन्न चरणहरूमा सक्रिय हुँदै आउनुभयो । वि.सं. २०२७ सालदेखि नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घमा आबद्ध भई वि.सं. २०३१ सालदेखि नेमकिपा (तत्कालीन नेपाल मजदुर किसान सङ्गठन) ताथलीको अध्यक्ष रही सक्रियतापूर्वक अगाडि बढ्नुभयो ।

‘सादा जीवन, उच्च विचार’ का मृदुभाषी बासुकला सबैसँग सरल र प्रेमपूर्ण व्यवहार गर्नुहुन्थ्यो । उहाँ भन्नुहुन्थ्यो, “समाजको विकास र जनताको समस्यामा ध्यान दिनु नै राजनीतिको उद्देश्य हो ।” बालकदेखि वृद्धसम्म सबै उहाँका साथी र सहयोगी हुन्थे । यस्ता अनुकरणीय मानवीय गुणका धनी बासुकला गरिब जनताको शिक्षा र जीवनस्तर उठाउन लागिपर्नुहुन्थ्यो । निरन्तर गरिबवर्गको उत्थान, आफ्नो क्षेत्रभित्रको भौतिक विकास, शिक्षण सङ्घ-संस्थाको स्थापना, ताथली खानेपानीको स्थापना, गाविसको सिँचाइ योजना निर्माणजस्ता महत्त्वपूर्ण पक्षमा नेतृत्व गरेका बासुकलाले ताथलीमा नेमकिपाको विस्तार गर्नुभयो । कम्युनिस्टहरू भौतिक लोभलालचमा फस्नु हुन्न भन्ने मान्यता राख्ने उहाँ घरमा पशुपालन, कृषि आदि काममा लगनशील हुनुहुन्थ्यो ।

शिक्षा विकासको पूर्वाधार र जीवनको आधारशीला हो भन्ने बासुकलाले वडा नं. ७ मा रहेको भूत मन्छाउने डाँडालाई सम्याएर स्कूल स्थापना गर्ने भनी टोलका गुठियारहरू सबैलाई प्रेरित गरी डाँडा पन्छाई वि.सं. २०२५ मङ्सिर १९ गते देवी माईको नामकरणबाट देवी राष्ट्रिय प्राइमरी स्कूलको स्थापना गर्ने काममा सफलता हासिल गर्नुभयो । वि.सं. २०२५ सालदेखि सोही विद्यालयमा उहाँ स्वयम्सेवक शिक्षकको रूपमा काम गर्नुभयो । नयाँ शिक्षा योजना (रा.शि.प.यो.) २०२८ को सिलसिलामा वि.सं. २०३० मा स्थायी प्राथमिक शिक्षकको रूपमा नियुक्ति पाई २०३८ चैत मसान्तसम्म शिक्षक रहनुभएका बासुकला सामाजिक र राजनीतिक कार्यमा पनि उत्तिकै ध्यानपूर्वक लाग्नुभएको थियो । झूटो आश्वासन र मीठो सपना नबाँड्ने अनि आफ्नै खुट्टामा उभिन र निराश नहुन प्रेरित गर्ने उहाँको बानी थियो ।

वि.सं. २०४३ सालदेखि नेमकिपा भक्तपुर जिल्ला समितिका सदस्य बासुकला वि.सं. २०५२ मङ्सिर ७ गते नेमकिपा भजिसका संयोजक रहनुभयो । वि.सं. २०५५ भदौ २४ गते भएको दोस्रो भक्तपुर जिल्ला सम्मेलनबाट उहाँ कोषाध्यक्षमा निर्वाचित हुनुभयो । वि.स. २०५८ को तेस्रो जिल्ला सम्मेलन र वि.स. २०६१ को चौथो जिल्ला सम्मेलनबाट उहाँ सदस्यमा निर्वाचित हुनुभयो । वि.सं. २०५५ मा नेक्राकिसङ्घको प्रथम जिल्ला सम्मेलनबाट अध्यक्ष र वि.सं. २०५९ मा सम्पन्न दोस्रो जिल्ला सम्मेलनबाट उपाध्यक्षमा निर्वाचित हुनुभयो । पछिल्लो समय उहाँ नेमकिपा भक्तपुर जिल्ला समितिका कोषाध्यक्ष, नेमकिपा ताथली गाउँ एकाइ समितिका सल्लाहकार हुनुहुन्थ्यो ।

वि.सं. २०३९ सालमा स्थायी शिक्षक पदबाट राजीनामा दिई ‘प्रतिक्रियावादी सङ्घ-संस्थाभित्र रहेर पनि देश र जनताको सेवा गर्नुपर्छ’ भन्ने लेनिनवादी सिद्धान्त र पार्टीको नीतिअनुरूप उहाँ ताथली गाउँ पञ्चायतमा प्रधानपञ्च चुनिनुभयो ।

वि.सं. २०४६ सालसम्म निरन्तर गाउँ पञ्चायतका प्रधानपञ्च र वि.सं. २०४६ सालपछि बहुदलीय प्रजातान्त्रिक व्यवस्थामा वि.सं. २०५४ सालसम्म निरन्तर ताथली गाविस अध्यक्षमा निर्वाचित हुनुभएको थियो । यसैगरी वि.सं. २०४९ सालमा जिल्ला विकास समितिमा इलाका नं. ५ का इलाका सदस्यको रूपमा निर्वाचित हुनुभयो । वि.सं. २०५२ सालमा राष्ट्रियसभा सदस्यमा उम्मेदवार बनेका बासुकला आफ्नो गाउँ र जिल्लाका जनताको हृदयमा रहन सफल हुनुभयो ।

उहाँ एक सङ्घर्षशील, उत्तरदायी, कर्तव्यपरायण, सहनशील, मेहनती, सिद्धान्तनिष्ठ व्यक्ति हुनुहुन्थ्यो । उहाँमा साँच्चै एउटा असल कार्यकर्तामा हुनुपर्ने गुण थियो । जनताको समस्या समाधान गर्न उहाँ जहिल्यै अगाडि रहनुहुन्थ्यो । सामाजिक कार्य (बाटोघाटो, खानेपानी, इनार, कुवा, सिँचाइ, नहर, विद्युत्, टेलिफोन, कृषि, हुलाक आदिको विकास निर्माण) ले गर्दा आफ्नो आलोचना र विरोधबाट कहिल्यै नरिसाउने अनुकरणीय स्वभावको र कसैले पनि बिर्सन नसक्ने गुण उहाँमा थियो । कुनै पनि सामाजिक कार्य गर्दा विपक्षीहरूले आलोचना गरे तापनि सबैलाई चित्त बुझाएर काम गर्ने, व्यक्तिगत स्वार्थ, पद र प्रशंसाप्रति कहिले पनि लालायित नहुने, कुनै समस्याबाट नआत्तिने, धैर्यवान, सरल र मिजासिलो स्वभावका त्यागी, जनताका सहयोगी, निश्चल, लगनशील, विकास निर्माण कार्यमा जोड दिने, सामाजिक चेतना र जागरणमा निरन्तर लाग्नु आफ्नो प्रमुख काम ठान्ने उहाँको अविस्मरणीय कार्यलाई कसैले भुल्न सक्दैन ।

वि.सं. २०३२ सालमा स्थानीय जालीफटाहाविरुद्धको सङ्घर्षको क्रममा चार दिन हिरासतमा बिताएका उहाँ पार्टीको निर्देशनानुसार बाली काट्ने आन्दोलन, भर्पाई आन्दोलन, सुस्तामाथि भारतीय हस्तक्षेपविरुद्धको सङ्घर्ष, भियतनाममाथि अमेरिकी आक्रमणविरुद्धको सङ्घर्ष, भूमिकरविरुद्धको सङ्घर्षमा सक्रिय हुनुभयो । नेमकिपालाई वि.सं. २०४५ सालमा भक्तपुर काण्ड रची तहसनहस गर्ने राज्यस्तरको षड्यन्त्रमा १५ महिना जेल जीवन बिताइरहेको समयमा उहाँलाई भेट्न जाने आफ्ना कार्यकर्ता साथीहरूलाई विचलित नहुन र पार्टीको नीतिअनुरूप गतिविधि चलाउन सल्लाह र सुझाव दिनुहुन्थ्यो । वि.सं. २०४६ सालमा पनि पटकपटक उहाँ जेल पर्नुभएको थियो । प्रतिगमनविरोधी विभिन्न संयुक्त कार्यक्रममा उहाँ अग्रपङ्क्तिमा हुनुहुन्थ्यो ।

वि.सं. २०५५ देखि वि.सं. २०५९ सम्म र वि.सं. २०६१ मा देवी माविको व्यवस्थापन समितिका अध्यक्ष जयराम बासुकला देवी माविलाई उच्च मावि बनाउने लक्ष्य लिई अघि बढिरहनुभएको थियो । शिक्षाप्रेमी जयराम बासुकला डाँडापाटी प्रावि, दक्षिणकाली प्रावि, फैढोका प्राविका संस्थापक, हिमालयन ग्लोरी ई. स्कूलका संस्थापक सदस्य, शारदा क्याम्पसका संस्थापक सदस्य एवं व्यवस्थापन समितिका आजीवन सदस्य, ख्वप कलेज, ख्वप इन्जिनियरिङ कलेज व्यवस्थापन समितिका सदस्य हुनुहुन्थ्यो । अनौपचारिक शिक्षालाई समेत विशेष प्राथमिकता दिने जयराम बासुकला ताथली गाविसलाई पहिलो पूर्ण साक्षर गाविस बनाउन दत्तचित्त भई निरक्षरता उन्मूलन कार्यक्रममा सक्रियतापूर्वक लाग्नुभयो । उहाँको पहलमा सो कार्यक्रमका लागि स्व. सानुमाया बासुकला स्मृति अक्षयकोषको व्यवस्था गरिएको थियो । देवी माविको भवन विस्तार गर्ने क्रममा डाँडो पन्छाउने कार्यमा वि.सं. २०४९ भदौ २० गते अकस्मात् माटोको ढिस्कोले पुरिएर दिवङ्गत भएका शिक्षक कृष्ण बासुकला र छात्र सङ्घर्ष बासुकलाको स्मृति दिवस मनाउन अक्षयकोषको लागि चन्दा सङ्कलन गर्न र विद्यालय हातामा सालिक स्थापना गर्न उहाँले सक्रिय भूमिका निर्वाह गर्नुभयो ।

बहुआयामिक व्यक्तित्व बासुकला नेपालभाषा साहित्य त:मुंज्याका सदस्य, विविध भाषा साहित्य सम्मेलनका सहयोगी, देवी महिला बचत तथा ऋण सहकारी संस्था, देवी युवा क्लव र कँडेलापाखा वन उपभोक्ता समितिका सल्लाहकार, ताथली खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्षको रूपमा सेवारत हुनुहुन्थ्यो । परम्परागत कृषि प्रणालीमा सुधार गरी तन्तु (टिस्यु कल्चर) प्रविधिको प्रचारप्रसारमा (तत्कालीन रोनास्ट) नास्टसँग उहाँले सहकार्य गर्नुभयो । भक्तपुर नाला सडक सुधार समितिका सदस्य रहेका जयराम बासुकलाले भक्तपुर नाला सडकलाई अरनिको राजमार्गको सहायक राजमार्गको रूपमा स्थापनाको लागि क्रियाशील रहनुभयो ।

वि.सं. २०६२ साउन २१ गते मृत्युको दुई दिनअघि उहाँ आफू खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको अध्यक्ष भएर पनि मुहान र पाइप मर्मत गर्न आफै लाग्नुभएको थियो । पद र नामभन्दा काम प्रमुख हो भन्ने कुरामा उहाँ विश्वास गर्नुहुन्थ्यो । वि.सं. २०६२ साउन २४ गते बिहान हामी सबैलाई स्तब्ध तुल्याउँदै सदाको लागि उहाँ बित्नुभयो ।

विश्व कम्युनिस्ट सिद्धान्तका प्रतिपादक कार्ल मार्क्सले अरूको प्रशंसा गरेर समय खेर फाल्नुभन्दा उसका गुण अनुसरण गर भन्नु भएजस्तै जयराम बासुकलाबाट धेरै सिक्नु छ । मिलनसार भई सबैलाई समेटी काम गर्ने सिद्धान्तप्रति दृढ रहने, सामाजिक कार्यमा निरन्तर अग्रसरता देखाउने, शिक्षा क्षेत्रलाई अगाडि बढाउन तल्लीन रहने र विकास निर्माणमा लगनशील भई लाग्ने उहाँका गुणहरूको अनुसरण गरी उहाँका अधुरा सपना साकार पार्न अग्रसर भएर लाग्नु नै हाम्रो कर्तव्य हो । यही नै उहाँप्रतिको सच्चा श्रद्धाञ्जली हुनेछ ।

***स्रोत : जयराम स्मृति अक्षयकोष, ताथली***

# प्राकृतिक विपद् र सन्तुलित विकासको खाँचो

**- सुवर्ण श्रेष्ठ**

नेपाल १,४७,५१६ वर्ग किलोमिटर क्षेत्रफल भएको सानो मुलुक हो । पूर्व-पश्चिमको लम्बाइ करिब ८८४ किमि र उत्तर-दक्षिणको चौडाइ करिब १४५ देखि २४१ किमिसम्मको छ । उचाइको आधारमा हिमाल पहाड र तराई क्षेत्र गरी ३ क्षेत्रमा विभाजन गरिएको छ । नेपालको उचाइ ५९ मिटरदेखि ८८४८.८६ मिटरसम्म छ । हिमाल क्षेत्रमा हिमशृङ्खला र हिमनदी छन् । पहाड क्षेत्रमा डाँडा, उपत्यका र पहाडी बस्तीहरू रहेका छन् भने तराई क्षेत्रमा समथर र उर्वरभूमि छ । यहाँ हिमाली, समशीतोष्ण र उष्ण जलवायु पाइन्छन् । कोसी, गण्डकी, कर्णालीजस्ता यहाँका प्रमुख नदी हुन् । भूकम्प, पहिरो, बाढी, हिमताल विस्फोट र भूक्षयजस्ता प्राकृतिक विपद्का जोखिम उच्च छन् ।

नेपाल भूपरिवेष्ठित मुलुक भएकोले समुद्री बन्दरगाहमा प्रत्यक्ष पहुँच छैन । पहाड र हिमाल क्षेत्रमा दुर्गम क्षेत्रहरू पनि रहेका छन् । जलवायु परिवर्तनका कारण हिमनदी पग्लने र मौसम अनियमित हुने समस्या देखापरिरहेको छ । विपद् जोखिम न्यूनीकरण र पूर्वतयारीलाई प्रभावकारी बनाउनु आवश्यक छ । सडक, पुल, सञ्चार, ऊर्जाजस्ता पूर्वाधारको विस्तार गर्नु आवश्यक छ ।

कृषिप्रधान देश भए पनि मनसुनी वर्षामा भर पर्नुपर्दछ । हिउँदमा पश्चिमी वायुले र ग्रीष्ममा मनसुनी वायु वर्षा गराउँछ । ग्रीष्ममा समयमै मनसुन भित्रिएन भने कृषि पेसामा लागेको दुईतिहाइभन्दा बढी नेपालीलाई जीविकोपार्जनकै समस्या हुन्छ । वर्षा निरन्तर भयो र अत्यधिक भयो भने कृषि योग्य भूमि बगाउनेदेखि सदरमुकामसमेत बाढी पहिरोको जोखिममा पर्छ ।

वर्षा सुरु भएपछि असार-साउन महिनादेखि ठाउँ-ठाउँमा बाढी, पहिरो, भूक्षय, भू-स्खलन, सडक अवरुद्ध, सडक दुर्घटनालगायतका समाचारहरू दैनिक पत्रिमा छापिन्छन् । प्रत्येक वर्ष यस्ता दु:खद घटनाहरू भइरहेका छन् । यस्ता घटनाहरूले सर्वसाधारणदेखि सार्वजनिक वा सरकारी सम्पत्तिको क्षति भइरहेका छन् । नागरिकहरूको जीउज्यानको क्षति भएको छ ।

सरकारको दायित्व नागरिकहरूको जनधनको सुरक्षा गर्नु हो । प्राकृतिक विपद्लाई सरकारले रोक्न नसक्ला तर जोखिम न्यूनीकरण गर्न सकिन्छ । मानवीय कारणले उत्पन्न हुने जोखिमलाई रोक्न सकिन्छ ।

पहाडी क्षेत्रमा मानवीय बस्तीहरू छरिएर रहेका छन् । सडक यातायात मात्र भरपर्दो यातायात बनेको छ । बस्ती-बस्तीमा सडक पुऱ्याउन स्थानीय जनताले स्थानीय तह, प्रदेश र सङ्घीय सरकारसँग बजेट माग गरी आयोजना सञ्चालन गरिन्छ । यी तीनै तहका सरकारले जनताको मागअनुसार योजना छनोट गर्दा र बजेट कार्यान्वयन गर्दा दिगो विकास र स्थिर (स्थायी) विकासलाई ध्यान दिनुपर्दछ ।

बजेट रकम निकासा आर्थिक वर्षको अन्त्यतिर अर्थात् चैत-वैशाखमा दिने र असार मसान्तमा सकाउनैपर्ने गरी सम्झौता गर्ने परिपाटी छ । धेरैजसो ठुला आयोजनाहरू ठेक्कामा दिने परिपाटी छ । ठेकेदारको मुख्य उद्देश्य आयोजना ठेक्का लिएर नाफा कमाउने हुन्छ । त्यसैले, छिटो आयोजना सम्पन्न गर्नेतिर ध्यानकेन्द्रित हुन्छ । परिणामस्वरूप निर्माण कार्य कमसल हुन्छ । कालोपत्रे गरेको ६ महिना नबित्दै कालोपत्रे उप्किन थाल्छ । ग्राबेलिङ वाल भासिन थाल्छ, बग्न थाल्छ ।

स्थानीय बासिन्दाहरू जसरी भए पनि आफ्नो बस्तीसम्म सडक पुऱ्याउनुपर्छ भनेर जथाभावी सडक खन्न लगाउँछन् । ढल वा नालीको व्यवस्था नगर्दै ग्राबेल गर्ने र कालोपत्रे वा ढलान कार्य गराउँछन् । सामान्य वर्षामात्र हुँदा पनि पानीले निकास नपाउने हुँदा भर्खर खनेको बाटो बगाउँछ र बाढी आउँछ; ठाउँ-ठाउँमा पहिरो खस्छ; सडक अवरुद्ध हुन्छ ।

कालोपत्रे गरिसकेको राजमार्ग, लोकमार्गहरूसमेत नदी किनारामा निर्माण गरिएको छ भने वर्षाको पानीले कटान गर्दै अवरुद्ध गर्दछ । बीपी राजमार्गदेखि कर्णाली राजमार्गमा दैनिक यस्तै समस्या देखिरहेको छ । बाटो अवरुद्ध हुँदा यात्रुहरू अलपत्रमा पर्ने मात्र होइन, कतिपयको ज्यानै जाने गरी दुर्घटना भइरहेको छ ।

सरकारले तत्कालको समस्या समाधान गर्ने अस्थायी नीति र कार्यक्रमलाई मात्र ध्यान दिने होइन । विकास निर्माणका कार्यहरूको प्रारम्भिक अध्ययनदेखि निर्माण सम्पन्न भइसकेपछिका सबै प्रक्रियाहरू चरणबद्ध र व्यवस्थितरूपमा सम्पन्न गर्नुपर्छ । कुनै आयोजना सञ्चालन गर्दा आउन सकिने जोखिमको पूर्वानुमान गरी जनतालाई सुसूचित गर्नुपर्दछ ।

सङ्घीय राजधानी काठमाडौँमा प्रत्येक वर्ष सामान्य वर्षामात्र हुँदा पनि सडक खोला सरह हुने गर्दछ । सडकबाट बगेको पानी घर पसलभित्र छिरेर करोडौँको सम्पत्ति क्षति हुन्छ । यसको मुख्य कारण अव्यवस्थित सहरीकरण हो । बसाइँसराइ र काठमाडौँकेन्द्रित प्रशासनिक, शैक्षिक, स्वास्थ्य सेवा प्रदायक निकायको स्थापना र सञ्चालनले काठमाडौँ उपत्यकामा जनसङ्ख्या दिन प्रतिदिन बढ्दै छ । भौतिक निर्माणले निरन्तरता पाएको छ । पानी बग्ने नदी, खोला, कुलो, ढल अपर्याप्त हुँदै छ । पानी पर्नासाथै बाटो हुँदै पानी खोलामा पुग्छ र बाढी बन्छ । जमिनमा पानी पठाउने (Recharge गर्ने) बन्दोबस्त सार्वजनिक र निजी क्षेत्रले गरेको देखिँदैन । परिणामस्वरूप खोलामा पानी अटाउँदैन र नदी किनाराको बस्ती जोखिममा पर्दै आएको छ ।

५०/६० वर्षअघि अर्थात् २०२१ सालको नापीमा भएको नाप नक्साबमोजिमको खोला, नदी, कुलोको चौडाइ घट्दै गएको छ । त्यसतर्फ सरकार र सम्बन्धित निकायहरूको ध्यान पुगेको देखिँदैन । चोभारको गल्छी फराकिलो गर्ने, खोलाको मापदण्ड बढाउनेजस्ता नयाँ योजना र कार्यक्रम सरकारले ल्याउने प्रयास गरेको थियो । यसले थप जोखिम निम्तिन सक्ने कुरा विज्ञहरूले राखेका छन् ।

सरकार र सम्बन्धित निकायहरूको समन्वय र सहकार्यमा यस्ता प्राकृतिक प्रकोपहरूबाट देशवासीलाई जोगाउनुपर्छ । उचित र दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्नुपर्छ । काठमाडौँकेन्द्रित विकासलाई महत्त्व नदिई सबै प्रदेश, जिल्ला र पालिकाहरूमा सहरीकरण गर्नुपर्छ । नागरिकका दैनिक जनजीवनका विषयहरू शिक्षा, स्वास्थ्य, प्रशासनिकजस्ता सुविधाहरू सबै स्थानबाट दिने व्यवस्था गर्नुपर्छ । नागरिकहरूको चिन्तन र उद्देश्यमा परिवर्तन ल्याउनुपर्छ । अनि देशको सन्तुलित विकास सम्भव हुन्छ ।

लागुऔषध दुर्व्यसन नियन्त्रण गरौं

- लागुऔषधबाट हुने स्वास्थ्य, सामाजिक र पारिवारिक असरबारे सचेत बनौं,
- युवा तथा बालबालिकालाई सिर्जनात्मक कार्यमा सहभागी गराऔं,
- साथीको दबाब वा गलत संगतबाट जोगिन प्रेरित गरौं,
- लागुऔषध कारोबार र दुर्व्यसनविरुद्ध सचेतना बढाऔं,
- समस्यामा परेकालाई घृणा होइन, सहयोग र पुनर्स्थापनाको अवसर दिऔं,
- परिवार, विद्यालय र समुदायबीच सहकार्य बढाऔं,
- लागुऔषध प्रयोग नगरौं/नगराऔं।

लागुऔषध मुक्त, सुरक्षित र जिम्मेवार समाज निर्माणमा योगदान गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

# चे ग्वेभारालाई चिनाउने पुस्तक 'बोलिभियाली डायरी'

✍ समा

विश्वक्रान्तिमा अर्नेस्टो चे ग्वेभाराको योगदान र उनको व्यक्तित्वबारे सचेत युवा पुस्ता अवगत छन्। एक क्रान्तिकारी योद्धाको रूपमा उनी चिनिन्छन्। यद्यपि, उनको जीवनका उकाली ओराली, सफलता-असफलताबारे राम्रो जानकारी राख्नेहरू उनको क्रान्तिकारी भावना र योगदानप्रति सहमत रहे पनि उनलाई आलोचनात्मक दृष्टिले हेर्छन्।

उनी अर्जेन्टिनाको रोशारियोमा जन्मिए, ल्याटिन अमेरिकी जनआन्दोलनहरूमा सहभागी बने, क्युवाली क्रान्तिमा बेजोडको योगदान गरे, कङ्गो पुगी निरन्तर ६ महिना क्रान्तिकारी लडाइँमा संलग्न बने र बोलिभियाली गुरिल्ला युद्धको मोर्चा सम्हाले। उनलाई विश्वका न्यायप्रेमी जनता साम्राज्यवादविरोधी योद्धाका रूपमा स्मरण गर्छन्। अमेरिकी साम्राज्यवादविरुद्ध उनीभित्रको आगो इतिहासका पाना र उनका कृतिहरूबाट अनुभव हुन्छ। पेशागत हिसाबले एक चिकित्सक अर्थात् डाक्टर तर उनले आफ्नो स्टेथेस्कोपभन्दा क्रान्तिको बन्दुक, बिरामीभन्दा युद्धका घाइतेको सेवालाई प्राथमिकतामा राखे। मेडिकल क्षेत्रका मानिसलाई समेत उनको जीवनदर्शन प्रेरणादायी बन्न सक्दछ।

उनलाई विश्वले एक अर्जेन्टिनी मार्क्सवादी क्रान्तिकारी, डाक्टर, लेखक, गुरिल्ला नेता, कूटनीतिज्ञ र सैन्य सिद्धान्तकारका रूपमा पनि चिन्दछ। उनी ल्याटिन अमेरिका र त्यहाँका जनताको जनजीविकालाई आफ्नै आँखाले महसुस गर्न रुचाउने व्यक्ति थिए। त्यसकारण, थुप्रै भ्रमणहरू पनि गरे। अल्बर्टो ग्रानाडोसँगको (सन् १९५२) मोटरसाइकल यात्रा उनको कृति 'मोटरसाइकल डायरी' मा प्रतिविम्बित छ।

उनी सन् १९५४ तिरै ग्वाटेमालाको राजनीतिक क्रियाकलापमा संलग्न थिए। सीआईएले आयोजना गरेको सैन्य अपरेसनमा जाकोटो अर्बेन्ज फालिएपछि उनी मेक्सिको गए। मेक्सिकोमा उनले निर्वासित क्युवाली क्रान्तिकारीहरूको खोजी गरे। सन् १९५५ जुलाईमा उनले नेता फिडेल क्यास्ट्रो भेटे र तुरुन्तै क्युवाली तानाशाह फाल्गेन्सिया बाटिस्टालाई फाल्ने उद्देश्यसहितको गुरिल्ला अभियानमा सहभागी बने। क्युवालीहरूले उनलाई 'चे' उपनाम दिए। क्युवाको सियरा मायस्ट्रा पहाडहरूमा एकजना डाक्टर नभई क्रान्तिकारी योद्धा पुगेका थिए। उनी गुरिल्ला युद्धहरूका कमान्डर बने। बाटिस्टा सरकारविरुद्ध क्युवाली जनताको मुक्ति युद्धमा उनी अग्रपङ्क्तिमा बसी लडे। आज पनि क्युवाली जनता उनलाई सम्झन्छन्। क्युवाली क्रान्तिको इतिहासमा उनी अमर छन्। सन् १९५९ जनवरी १ मा बाटिस्टा सरकार फालिएपछि नयाँ बनेको क्रान्तिकारी सरकारमा 'चे' मुख्य नेताका रूपमा थिए। उनी नयाँ क्रान्तिकारी सरकारमा कृषि सुधारको राष्ट्रिय संस्थाको औद्योगिक विभागको प्रमुख बने, त्यसपछि राष्ट्रिय बैङ्कको अध्यक्ष बने। सन् १९६१ मा त उद्योगमन्त्रीको जिम्मेवारी बहन गरे। उनी सन् १९६५ सम्ममा क्युवाको कम्युनिस्ट पार्टीको केन्द्रीय नेता समेत बने। उनले आफ्ना जिम्मेवारीलाई अत्यन्त मिहिनेतसाथ निर्वाह गरे। उनले संरा अमेरिकालगायत विभिन्न अन्तर्राष्ट्रिय डबलीहरू, एसिया, अफ्रिका, ल्याटिन अमेरिका र समाजवादी देशहरूमा क्युवाली क्रान्तिकारी सरकारको प्रतिनिधि बनेर दिएका मन्तव्य सुरक्षित छन्। तेस्रो विश्वका मानिसको पक्षमा उनको अभिव्यक्ति आज पनि सान्दर्भिक छ। उरुग्वेमा सन् १९६१ मा सम्पन्न पुन्टा डेल इस्टे सम्मेलनमा अमेरिकी राष्ट्रपति जोनएफ केनेडीको प्रस्ताव 'प्रगतिका लागि गठबन्धन' को विरुद्धमा उनको अडान र अभिव्यक्ति सम्पूर्ण ल्याटिन अमेरिकी देशहरूको भलाइमा थियो। 'प्रगतिका लागि गठबन्धन' ल्याटिन अमेरिकी देश र जनताको प्रगतिका लागि होइन संरा अमेरिकाको समृद्धि र सैन्य अखडा निर्माणका निमित्त हो भन्ने उनको अभिव्यक्ति कालान्तरमा सही प्रमाणित भयो। क्युवाली समाजवादको आभाले नयाँ बाटो देखेको ल्याटिन अमेरिकी जनताको आँखामा आर्थिक सहयोग र अनुदानको पट्टीले बाँध्ने कुचेष्टा थियो त्यो भन्ने चेको पूर्वानुमान गलत भएन। उनले पुस्तक 'हाम्रो अमेरिका र तिनीहरूको' मार्फत पुन्टा डेल इस्टा सम्मेलन र 'प्रगतिका लागि गठबन्धन' नामक केनेडीको प्रस्तावको निहित स्वार्थ केलाएर विश्वलाई सत्यतथ्य बताए। संरा अमेरिकाको साम्राज्यवादी नीति, विदेश नीति, आर्थिक नीतिविरुद्ध उनको लडाइँ आजीवन चल्यो। उनले सन् १९६५ मा क्युवा छोडे। उनले जाँदाजाँदै नेता क्यास्ट्रोलाई पत्रमा यसो लेखेका थिए - "क्युवाली क्रान्तिले मलाई सुम्पेको जिम्मेवारी मैले पूरा गरेँ भन्ने लाग्छ। त्यसकारण, अब बिदा माग्छु !" उनले जोड दिएका थिए - "अन्य देशहरूलाई पनि मेरो सेवाको जरुरत छ त्यसैले मैले क्युवा छोड्नैपर्छ।"

उनी कङ्गो पुगे। कङ्गोको क्रान्तिकारी सङ्घर्षमा सहयोग पुऱ्याउन गुरिल्ला मिसनमा भाग लिए। कङ्गोको गुरिल्ला मिसन असफल रह्यो। उनी गोप्यरूपमा सन् १९६५ डिसेम्बरमा क्युवा पुगे र पुन: बोलिभियाका लागि गुरिल्ला मिसनको तयारीमा जुटे। सन् १९६६ नोभेम्बरमा उनी बोलिभिया पुगे। बोलिभियामा चेले त्यहाँको तत्कालीन सैन्य तानाशाही व्यवस्था खत्तम गर्ने उद्देश्य बोकेका थिए। बोलिभियामा उठ्ने उभारले सम्पूर्ण ल्याटिन अमेरिकी जनता न्यायका निम्ति संरा अमेरिकी दबदबाविरुद्ध जागी उठ्नेछन् भन्ने सोचेका थिए, बोलिभियामा उनको सङ्घर्षको उद्देश्य त्यही थियो। बोलिभियाको सङ्घर्षको नतिजा उनले सोचेजस्तो हुन सकेन। बोलिभियाको गुरिल्ला मिसनकै सिलसिलामा उनी संरा अमेरिकाद्वारा तालिमप्राप्त र परिचालित प्रतिक्रान्तिकारी समूहबाट सन् १९६७ अक्टोबर ८ मा समातिए, घाइते बनाइए, मारिए र उनको लास बेपत्ता बनाइयो। यही बोलिभियाली सङ्घर्षको क्रममा लेखिएको डायरी 'The Bolivian Diary' ले उनको जीवनको एउटा अध्याय उजिल्याउँछ। बोलिभियाली सङ्घर्षको भोगाइ, सफलता-असफलता, चुनौती र कठिनाइहरू उजागर गर्छ। सङ्घर्षदेखि मृत्युसम्मको उनको यात्राको सबैभन्दा जोखिमपूर्ण समयहरूको खोतलखातल गर्छ। चेको लास गाडिएको ठाउँ सन् १९९७ मा मात्र पत्ता लगाइयो र अस्थिपञ्जर क्युवा लगियो। क्युवाको केन्द्र सान्टाक्लारामा उनको स्मारक बनाइएको छ। त्यो ठाउँ क्युवाली क्रान्तिको दौरान सबैभन्दा महत्त्वपूर्ण सैन्य विद्रोहमा चे नेतृत्वको टोलीले जितेको ठाउँ हो।

बोलिभियाली डायरी, अङ्ग्रेजीमा प्रकाशनको तयारी चे ग्वेभारा अध्ययन केन्द्र, हवानाले गऱ्यो। योभन्दा पहिले स्पेनियाली भाषामा सन् १९६८ मै क्युवाली पुस्तक संस्थाले प्रकाशन गरिसकेको थियो। पुस्तकमा नेता फिडेल क्यास्ट्रो, कामिलो ग्वेभाराको अभिव्यक्ति सङ्ग्रहित छ। उनको डायरीभित्र बोलिभियाली सङ्घर्षको दर्पण त छ नै साथै त्यो सङ्घर्षमा उनको अनुभूति छ। सङ्घर्षमा कमरेडहरूको साथको चर्चा छ। उनी सँगसँगै हिँडेका सहयात्रीहरूको चर्चा छ। सँगसँगै सामना गरेका गोलाबारुदको गुञ्जन छ। आलो घाउहरूको दुखाइ, भोकको गीत, थकानका पहाडहरूको चर्चा छ। जस्तै परिस्थितिमा पनि दृढ निश्चियी चे ग्वेभाराको ओजश्वी व्यक्तित्व डायरीभित्र छ। बोलिभियाली गुरिल्ला सङ्घर्षभित्रको आशा र सपनाका कुरा छन्। यदि तिमी सच्चा क्रान्तिकारी हौ भने 'कि त मर कि लड' भन्ने चे बोलिभियाली माटोमा संरा अमेरिकी साम्राज्यवाद, नवउपनिवेशवादी मानसिकता, एकाधिकार पुँजीविरुद्ध अन्तिम दमसम्म लडे। कामिलो ग्वेभाराले चेलाई एक सच्चा क्रान्तिकारी र लडाकुको रूपमा स्मरण गरेका छन्।

डायरीका यी पृष्ठहरू चेले अत्यन्त कठिन समयमा लेखेका हुन्, त्यस्तो समयमा पनि लेखे जतिबेला उनलाई स्वास फेर्न पनि गाह्रो थियो। यसलाई इतिहासको दस्ताबेजको रूपमा पनि अध्ययन गर्न सकिन्छ। नेता फिडेल क्यास्ट्रोले उनको बलियो इच्छाशक्ति र विश्वका सर्वहारा जनता, न्याय र मुक्तिप्रतिको समर्पणको प्रशंसा गर्नुभएको छ। संरा अमेरिकी साम्राज्यवादीहरूको दमन, क्युवामाथिको अत्याचार, हमला, नाकाबन्दी क्युवालाई एक्ल्याउने प्रयासविरुद्ध चे क्युवासँग उभिएर लडे। साम्राज्यवादीहरू जुनै पनि देशका प्रतिक्रान्तिकारी र शासकहरूसँग मिलेर क्रान्तिकारी आन्दोलन दबाउन तयार थिए। चे ग्वेभाराको बोलिभियाली मिसनको विषयमा सुरुमा क्युवाली नेतृत्व सकारात्मक थिएन। तयारी नपुगेको अर्थात् सङ्गठन निर्माण र जनताको साथको जरुरत हुने पक्षलाई उपेक्षा नगर्ने पक्षमा क्युवाली नेतृत्व थियो। पछि चे ग्वेभारालाई जोगाउनकै निम्ति पनि क्युवाबाट लडाकुहरू गए। चेलाई क्युवाको सञ्चार सञ्जालसँग जोडेर राखे। क्युवाबाटै यो पुस्तकको प्रकाशन अमेरिकी आक्रमण र दमनको विरुद्धमा हो भन्नुहुन्छ फिडेल। नेता क्यास्ट्रो लेख्नुहुन्छ - "चेको विचार, छवि र नामै पनि अन्याय, अत्याचार, शोषणविरुद्ध सङ्घर्षको झन्डा हो। चे संरा अमेरिकाको आँखाको कसिङ्गर बन्नु कुनै आश्चर्यको विषय होइन।" चेको यो डायरी एक अभूतपूर्व व्यक्तित्वको अभिव्यक्ति हो। गुरिल्ला युद्धको शिक्षा हो जसलाई दैनिक तनाव र असुरक्षाबीच पनि लेखियो। गनपाउडरको गन्धबीच पनि शक्ति झुकाउन सकिन्छ भन्ने शिक्षा हो भन्नुहुन्छ फिडेल। चे ग्वेभाराले त्रिमहादेश या ल्याटिन अमेरिकी सङ्घर्षलाई सन्देश पठाएका थिए - "हाम्रो प्रत्येक सङ्घर्ष साम्राज्यवादविरुद्ध केन्द्रित हुनुपर्छ। यदि हाम्रो गर्जन, हाम्रो आवाज सम्बन्धित कानहरूसम्म पुग्छ भने, हाम्रो सङ्घर्षले साँच्चिकै अर्थ राख्छ भने मृत्युले जुनसुकै बेला अङ्गालो हाले पनि अचम्भित नहुनू, दु:ख मनाऊ नगर्नू। लड्न छोड्नु हुँदैन। बन्धन स्वीकार्य छ भने त्यसको विकल्प नलड्नु नै मात्र हुन्छ।" चे आफ्नो विचार जति त बाँचेनन् तर उनको रगत खेर गएन।

चे कहिल्यै पद र नेतृत्वमा बस्न नचाहने व्यक्ति थिए तर उनी क्रान्तिकारी गुरिल्ला युद्धहरूले नै ल्याटिन अमेरिकाको मुहार फेरिनेमा विश्वास राख्थे। उनले साँचो सर्वहारा वर्गीय अन्तर्राष्ट्रवाद हुर्काउन




योगदान गरेको अनुभव डायरी पढ्दा मिल्छ। मानवजातिको उत्थान र सर्वहारावर्गको मुक्तिका निम्ति रगत बगाउनुपर्ने विचार मिल्छ।

सन् १९६६ नोभेम्बर ७ मा कोचाबाम्बा हुँदै लापाजबाट मिसन सुरु भयो। चेले बोलिभियाको कम्युनिस्ट पार्टीसँग पनि सम्पर्क गरेका थिए। चेले बोलिभियाको कम्युनिस्ट पार्टीका सचिव मारियो मान्जेको विषयमा चर्चा गरेका छन्। मान्जे गुरिल्ला मिसनबारे पूर्णत: अनभिज्ञ थिए। यद्यपि, उनले चेको सङ्घर्षमा सुरुमा प्रतिक्रिया जनाएनन्। डायरीमा चेको दिनचर्या, भेटघाट, सहयात्रीहरूको अनुभव र योजनाहरू भेटिन्छन्। कहिले ३-४ दिनसम्म गाडीको यात्रा त कहिले हप्तौं हिँडेर सङ्घर्ष अगाडि बढ्यो। घामपानी, हुरी-वर्षाको कुनै परवाह थिएन। नोभेम्बर महिनाको यात्रा र सङ्घर्ष ग्रामीण क्षेत्रमा केन्द्रित भयो। अन्य लडाकु टोली निर्माण गर्नु, बोलिभियालीहरूको सङ्ख्या कम्तिमा २० भन्दा माथि पुऱ्याउनु, मोन्जेको प्रतिक्रिया कुर्नुमै नोभेम्बरको यात्रा सकियो। डिसेम्बर महिनामा क्युवाबाट सहयोग, पेरुका क्रान्तिकारीहरूको ऐक्यबद्धता मिल्यो। जङ्गली भालुको सिकार गरी खानाको जोहो गर्नुपर्ने समय आयो। टनेल खन्ने कार्य सुरु गर्न गुरिल्ला टोलीसँग सरसामग्री समेत थिएन। अभाव र असुविधाहरूसँग जुझ्दै यात्रा अगाडि बढ्यो। समयसमयमा चेले आफ्ना सहयात्रीहरूसँग सामूहिक या एकताबद्ध नेतृत्व र कडा अनुशासनको विषयमा छलफल चलाउँथे। कम्युनिस्ट आचरण र सङ्घर्षमा समर्पणको भावनाको आवश्यकता औंल्याउँथे। डिसेम्बरमा मोन्जेसँगको कुराकानी र सम्झौता टुङ्गियो। मोन्जेले पार्टी नेतृत्वबाट राजीनामा दिनुपर्ने, सङ्घर्षमा पार्टी कार्यकर्तालाई भर्ती गराउनुपर्ने, बोलिभियाको सीमाभित्र जति लामो सङ्घर्ष चल्छ त्यतिन्जेल सङ्घर्षमा जुट्नुपर्ने, दक्षिण अमेरिकाका अन्य पार्टीसँग सम्पर्क गरी मुक्ति आन्दोलनमा सहयोग र समर्थन जुटाउनुपर्ने विषयमा डिसेम्बर ३१ मा छलफल भएको थियो। चेका निम्ति क्युवाबाट फिडेलले पठाउनुहुने सन्देशले असाध्यै खुसी र उत्साहित बनाउँथ्यो। डिसेम्बरसम्ममा क्युवाली टोलीसहित पेरुका कमरेडहरू र बोलिभियाका केही योद्धाहरू एकताबद्ध भइसकेका थिए। त्यतिन्जेल पनि मोन्जेको प्रतिक्रिया आएको थिएन।

मोन्जेले जनवरी ८ सम्ममा पार्टीभित्र राजीनामा दिने कुरा गरेका थिए तर चेको अनुमानअनुरूप मोन्जेले धोका दिए, छल गरे। पार्टी नै चेको गुरिल्ला मिसनविरुद्ध उभियो। तर, त्यसले चेको मिसन रोकेन। उनलाई के विश्वास थियो भने इमानदार, न्यायप्रेमी र सैन्य भावनासहितका मानिसले सघाउनेछन्। बोलिभियाली जनतामा क्रान्ति चेतना असाध्यै न्यून थियो यद्यपि एक दिन जनताको साथ मिल्नेमा चे विश्वस्त थिए। त्यही विश्वासमा गुरिल्ला मिसन सुरु भयो। ठाउँठाउँमा शिविरहरू बनाइए। सम्पूर्ण गुरिल्ला शारीरिक तथा मानसिकरूपले उत्तिकै क्षमतावान् थिएनन्। फेब्रुअरीपछिको मिसन लडाइँ गर्ने थियो जुन भयानक पनि हुनसक्थ्यो। अजङ्गको पहाड चढ्ने, गहिरो र बेगसहितको नदी तर्ने, रुखहरूको बीचमा हराउँदै र जङ्गली जीवहरूसँग लुकामारी खेल्दै संरा अमेरिकाबाट तालिमप्राप्त सेनाहरूसँग भिड्न कहाँ सजिलो हुन्थ्यो र ? बेलाबखतमा आइरहने फिडेलको भाषणले गुरिल्लाहरूलाई ऊर्जा मिल्थ्यो।

हिँड्दाहिँड्दै खुट्टा सुन्निने समस्याले धेरै कामरेडहरू थलिएपछि घोडाको मासु खाएको सन्दर्भ छ। बाटोमा आर्थिक, मेडिकल र विद्युतीय सहयोगका निम्ति मान्छेहरू आवश्यक भयो। मिसनको सुरुआती हमलाहरूमै शत्रुले गुरिल्ला सङ्घर्षलाई एक्ल्याउने कुचेष्टा गरिरहे। गुरिल्लाविरुद्ध किसानहरूलाई नै प्रयोग गरे। अन्तर्राष्ट्रिय क्षेत्र अर्थात् संरा अमेरिकी शक्तिको साथ लिए। यी सबै कुराको जानकारी सकेसम्म नेता फिडेलसम्म पुऱ्याउन उनी लेख्थे। अप्रिल महिनामा चेको खोजी द्रुतगतिमा भयो। एक दिन (अप्रिल २०) मा त खाना पकाइरहेको घरमै बम वर्षा भयो, आक्रमण गरियो। यात्रामा साथी रोनाल्डोको मृत्यु हृदयविदारक थियो। रुवियो र रोनाल्डोको असामयिक मृत्युले मोर्चाको नेतृत्वकर्ता गुमेको थियो। यही समयमा क्युवासँग चेको सम्पर्क पनि छुट्यो। अलमेइडालगायत सम्पूर्ण गुरिल्ला योद्धाहरूको सन्दर्भ डायरीमा छ। उनले आफ्ना सहयात्रीहरू कसैलाई डायरीमा छुटाएजस्तो लाग्दैन।

लडाइँहरूमा जीत अनिवार्य थियो तर हातहतियार र लडाकुहरूको अभावले त्यो सम्भावना झिनो बन्दै गयो। मानिला, ला पाज, जो आक्वीनमा चेको सम्पर्क छुट्दा २५ लडाकु छुटे। लडाइँमा किसानहरू भर्ती गर्ने, किसानहरूलाई पनि सङ्घर्षको मैदानमा उतार्ने चेको योजना विफल बनेको थियो। सुरुआती दिनमा त किसानहरू गुरिल्ला टोलीहरूबाट तर्सन्थे, आक्रान्त हुन्थे। पछि त्यो डर र भय हट्यो, समर्थन जनाए। तर, बन्दुक बोक्न तयार भएनन्। जनतालाई राजनीतिकरूपले सचेत नबनाई, सङ्गठित नगरी लडिने हरेक लडाइँ असफलतामा टुङ्गिन्छ भन्ने उदाहरण बोलिभियाली गुरिल्ला सङ्घर्ष पनि हो। बोलिभियाको कम्युनिस्ट पार्टी र जनताको साथ समर्थनविना बोलिभियाको मुक्तियुद्ध सम्भव थिएन। त्यो सम्भव देख्नु चे ग्वेभाराको कमजोरी थियो भन्ने बुझ्न गाह्रो पर्दैन। कतिपय कम्युनिस्ट नेताहरू उनको व्यक्तित्वबारे बोल्दा उनलाई एक अराजकतावादी विचार भएका योद्धाको रूपमा पनि चित्रण गर्छन्, कङ्गो र बोलिभियाको इतिहास कोट्याउँदै।

जून महिनादेखि चे ग्वेभारालाई दम रोगले सताउन थाल्यो। पहाडको उचाइमा पुग्दा झन् गाह्रो हुने, उचाइमा दम बढ्ने समस्या भयो। जून महिनामै टुमाको निधनले चेलाई मर्माहत बनायो। त्यसपछि कामरेडहरूको मृत्यु, हत्याको लेखाजोखा नै रहेन। शिविरहरूमा सञ्चारको अभाव र किसानहरूको सहभागिताविना गुरिल्ला मिसन कमजोर बन्दै गयो। यद्यपि, त्यसले बोलिभियाको सरकारलाई हल्लायो अर्थात् बोलिभियामा एक किसिमको राजनीतिक सङ्कट खडा गऱ्यो। तर, तत्कालै बोलिभियामा संरा अमेरिकाले ठाडो हस्तक्षेप सुरु गऱ्यो। आर्थिक, राजनीतिक र सैन्य क्षेत्रमा संरा अमेरिकाको पकड भएपछि गुरिल्ला सङ्घर्ष दबाउनु स्वाभाविक पनि भयो। अगस्टसम्म आइपुग्दा क्युवासँगको रेडियो सम्पर्क समेत टुट्यो। सम्पूर्ण शिविर गुफाहरूमा दस्तावेज र औषधीहरू छोडेर हिँड्नुपर्ने स्थिति आयो। त्यो घटनाले गुरिल्लाहरूमा मानसिकरूपले प्रहार भएको अनुभव गरियो। यद्यपि, 'मातृभूमि या मृत्यु' को नाराले तिनलाई ऊर्जा दिइरहेको थियो। सेप्टेम्बरसम्म आइपुग्दा राष्ट्रिय स्तरमा शिक्षक, विद्यार्थी तथा मजदुरहरूको हड्ताल र आन्दोलनहरू चुलियो। त्यसलाई सङ्घर्षको उपलब्धिका रूपमा लिन सकिन्छ।

बोलिभियाको राष्ट्रिय मुक्ति सेनाले चलाएको प्रतिक्रियावादी झूटहरूविरुद्ध क्रान्तिकारी सत्यबीचको लडाइँ सार्थक बन्यो। मातृभूमिको मुक्ति बोलिभियाली जनताको स्वतन्त्रताको निम्ति र बोलिभियालगायत ल्याटिन अमेरिकी देशहरूमा संरा अमेरिकी हस्तक्षेप खत्तम गर्ने उद्देश्यले भएको गुरिल्ला सङ्घर्षले विश्वक्रान्तिमा उल्लेख्य स्थान ओगट्छ साथै तेस्रो विश्वलाई सङ्घर्षको मैदानमा उत्रन ऊर्जा प्रदान गर्छ। तत्कालीन समयमा बोलिभियाको सङ्घर्षको आगोले सम्पूर्ण दक्षिण अमेरिकालाई उज्यालो दिशा प्रदान गरिरहेको थियो। फिडेल लेख्नुहुन्छ - "चेको आवाज शोषित पीडित जनताको कानसम्म जरुर पुग्नेछ र आफ्नो माटोको मुक्तिका निम्ति आफ्ना हातहरूलाई मुठ्ठी कस्दै उठ्नेछन्। क्रान्ति जरुर सम्भव छ।"

उनले बोलिभियाली योद्धाहरूलाई भनेका थिए- "यस्तो खालको सङ्घर्षहरूले हामीलाई क्रान्तिकारी बन्ने अवसर दिन्छ, एकजना उच्च कोटिको मानव बन्न सघाउँछ। देशको मुक्तिका निम्ति नलड्ने र मोर्चा छोड्नेहरू कायर हुन्छन्। क्रान्तिकारी मन बोकेर रणभूमिमा उत्रनु नै वीरता हो।" क्रान्तिकारीहरूको मन देशप्रेम र जनताप्रतिको अगाध प्रेमले भिजेको हुनुपर्ने चेको विचार मननीय छ।

यसरी बोलिभियामा प्राण त्यागेका चेले कहिल्यै आफ्नो सिमानाभित्र मात्र सेवा गर्ने सोचेनन्। विश्वमा सर्वहारावादी अन्तर्राष्ट्रवाद हुर्काउन अहोरात्र लडे। विश्वलाई साम्राज्यवादको चङ्गुलबाट मुक्त गर्न लडिरहे। बोलिभियाको सङ्घर्ष त्यसको सिलसिला थियो। यद्यपि, बोलिभियाको गुरिल्ला सङ्घर्षलाई मार्क्सवादी र कम्युनिस्ट आँखाले हेरिनुपर्छ। अराजकतावादी विचार क्रान्तिका निम्ति सकारात्मक नहुने निष्कर्षमा पुग्न पुस्तकले सघाउँछ। पुस्तक समग्रमा पठनीय छ। भाषा सरस र मन छुने छ। पाठकलाई सन् १९६६-६७ कालीन बोलिभियाली आन्दोलनसँग साक्षात्कार गराउन पुस्तक सफल छ। सङ्घर्षको मैदानमा डायरी लेख्ने चेको अनुशासित जीवनशैलीले इतिहासको महत्त्वपूर्ण सङ्घर्ष सङ्ग्रहित बनायो।

# अर्को विपत्तिअघि अणुबम-पीडितहरूका कथा सुनौं

✍ रेनाटा हेसमान डालाक्वा र रेबेका डेबिस गिब्बन्स







*(फोटो क्याप्सन १ : सन् १९४६ अगस्ट ३१ गते न्युयोर्कमा जोन हर्सीको औपन्यासिक शैलीमा लेखिएको 'हिरोशिमा' प्रकाशित भयो । त्यस आलेखमा सन् १९४५ अगस्ट ६ गते जापानको हिरोशिमामा खसालिएको अणुबमका ६ जना पीडितको कथा छ । झन्डै ३० हजार शब्दको सो आलेखले पूरै पत्रिका भरिएको थियो । त्यो आलेख गोप्य रूपले तयार गरिएको थियो । सरकारी कर्मचारीलाई झुक्याउन पत्रिकाको आवरण पृष्ठमा बगैंचामा मानिसहरू रमाइलो गरिरहेको तस्बिर (बायाँ) छापिएको थियो । अतिक्रमित जापानबारे समाचार छाप्नमा कडाइ गरिएको हुनाले त्यो उपाय गरिएको थियो । आवरण नोटमा सम्पादकले पाठकहरूलाई सचेत पारेका थिए - "यो साता 'द न्युयोर्कर' ले आफ्नो सम्पादकीय कुनो एउटा आलेखका लागि छोडेको छ । आलेखमा अणुबमले सोत्तर पारेको एक सहर र त्यहाँका जनताले भोग्नुपरेको दुर्दशा प्रस्तुत गरिएको छ ।" त्यो आलेखले सनसनी मच्चायो । त्यो आलेखलाई पत्रकारिताको इतिहासमा कालजयी रचना मानिन्छ । यसलाई विश्वभरि धेरै मिडियाले पुन: प्रकाशित (दायाँ) गरे । कसैले यसलाई धारावाहिक प्रकाशित गरे । आज पनि त्यो आलेख छापिइरहन्छ । हर्सीको निबन्धलाई आज पनि आणविक अत्याचार (न्युक्लियर होलोकस्ट) को पहिलो र सबैभन्दा प्रभावशाली विवरण मानिन्छ ।)*

हिरोशिमा र नागासाकीको आणविक विष्फोटमा मारिने र घाइते हुनेको सङ्ख्या थियो - २ लाख १० हजार । उनीहरूमध्ये कतिपय ठाउँको ठाउँ मारिएका थिए भने कतिपय केही महिनाको प्रताडनापछि मरेका थिए । त्यसमा बाँच्ने लाखौं मानिसले घातक रेडियो विकिरणबाट उत्पन्न शारीरिक समस्याहरू लिएर जीवन बिताएका थिए । तिनका सन्तानले पनि तिनै समस्या झेल्नुपरेको थियो ।

८० वर्षपछि आज आणविक युद्धको त्रासले तनाव बढाउँदै छ । आणविक शक्तिहरूबिच द्वन्द्व चर्किंदो छ । तर, अणुबमको प्रयोग र परिक्षणबाट पीडित हजारौं मानिसका बयान उति सुनिएका छैनन् । मिडिया र सार्वजनिक बहसबाट ती बयान कतै ओझेलिएका छन् ।

धेरै अध्ययनले अवस्था निकै नाजुक भएको देखाएका छन् । कसैले 'यसअघि कहिल्यै नदेखिएको खतरा' भनेका छन् । यस्तो स्थितिमा जापानमा आणविक आक्रमणबाट बचेका मानिसहरूको अनुभव सुन्नु अत्यन्त महत्त्वपूर्ण हुन जान्छ । यही लहरमा हामीले सुन्नुपर्छ - अल्जेरिया, अस्ट्रेलिया, चीन, फ्रेन्च पोलिनेसिया, कजाखस्तान, किरिबाटी, भारत, पाकिस्तान, मार्शल टापुहरू र अमेरिकाजस्ता देशमा गरिएका आणविक परीक्षणबाट पीडितहरूका कथा । अणुबमपीडितका कथा र तिनका विचारले नेता र सामान्य जनतालाई सचेत बनाउनुपर्छ; आणविक खतरालाई हलुका रूपमा लिनुहुँदैन भनेर शासकहरूको कान समाउनुपर्छ ।

### विगतलाई सम्झौं, विगतबाट सिकौं

जापानमा अणुबम खसालेको केही समयपछि जोन हर्सीको पुस्तक हिरोशिमा (सन् १९४५) प्रकाशित भयो । पुस्तकमा त्यो कहर भोग्नेहरूको आङै सिरिङ्ग पार्ने विवरण थियो । पुस्तकमा हर्सीले विष्फोटमा बच्न सफल ६ जना पीडितको कथा लेखेका थिए । पुस्तकमा आणविक बमको अनुभव, लगत्तै त्यसले ल्याएका स्वास्थ्य समस्या, जलन र विकिरणका पीडाहरूको बयान थियो । सुरुमा बमबारीको एक वर्ष पुगेको मौकामा 'द न्युयोर्क टाइम्स' ले त्यो पूरै पुस्तकले आफ्नो अङ्क भरेको थियो । अरूलाई थाहा नदिन पुस्तकको आवरणमा मानिसहरूले बगैंचामा गृष्मकालीन रमाइलो गरिरहेको तस्बिर छापिएको थियो । ती विवरणहरू तत्कालै बेस्ट सेलर भए । मिडिया र सर्वसाधारण जनताको ध्यान तानियो । कतिपय देशका रेडियोले स्रोतालाई ती विवरण पढेर सुनाए ।

त्यसयता अणुबमबाट बच्न सफल धेरै भुक्तभोगीहरूका बयान र विश्लेषण राखेर कैयन पुस्तक प्रकाशित भएका छन् । जस्तो - 'हिरोशिमा शान्ति संस्कृति प्रतिष्ठान' ले आणविक आक्रमणमा बचेका पीडितहरूका बयान सङ्कलन गरेको छ ।

अकिहिरो ताकाहाशी एक यस्तै पीडित हुन् । उनले आफ्नो बयान दर्ज गराएका छन् । त्यो बेला ताकाहाशी १४ वर्षका थिए । हिरोशिमा हाइस्कुलमा पढ्दै थिए । उनी विष्फोटले आफूलाई हुत्याएको सम्झिन्छन् । विद्यालयको भवन हेर्दा त्यो गायब भइसकेको थियो ।

उनी भन्छन् - "रन्थनिएर एक मन त मलाई लाग्यो - हिरोशिमा नै बिलायो ! होसमा फिरेपछि मैले आफैलाई छामेँ । मेरो स्कुले पोशाक च्यातिएको र डढेको थियो । टाउकोपछाडिको छाला, पिठ्यूँ, पाखुरा र खुट्टाको छाला बोराजस्तो च्यातिएको थियो । भित्री मासु चहऱ्याउने गरी ह्वाङ्ग भएको थियो । मैले अणुबमले घाइते भएकाहरू वाल्ल परेर लहरै उभिएको देखेँ । प्राय: सबैजना नाङ्गै थिए । जता हेरे पनि भूतप्रेतहरू चल्मलाइरहेझैँ लाग्थ्यो ।"
यो सङ्कटको आरम्भ मात्र थियो ।

अणुबम-पीडितहरूले बमबारीपछि आफू र आफ्ना छिमेकीले भोगेका क्यान्सरलगायत स्वास्थ्य समस्याहरूको विवरण सुनाउँछन् । कोही ती समस्याले मरिसकेका छन् त कोही ती समस्यासँग जुधिरहेका छन् । यी व्यक्तिगत त्रासदीबारे विभिन्न अवधिमा थुप्रै अध्ययन भएका छन् । जापानका मात्र होइन, अन्यत्रका अणुबम-पीडितबारे पनि यस्ता अध्ययन भएका छन् । यी अध्ययनबाट धेरैलाई क्यान्सरलगायत विभिन्न थाइरोइडले समातेको देखिन्छ । त्यस्तै स्तन क्यान्सर, ल्युकेमिया, पेट र आन्द्राको क्यान्सरको जोखिम पनि उत्तिकै पाइन्छ । यी समस्याले खासगरी बालबालिकालाई असर गर्छन् । सानो शरीरका भित्री अङ्गहरूमा थोरै तन्तु हुन्छ जसले गर्दा वयस्कको दाँजोमा तिनमा विकिरण पर्ने सम्भावना बढी हुन्छ । कतिपय स्वास्थ्य समस्या त धेरै वर्षपछि मात्र देखिन्छ । अणुबमका पीडितहरू सधैंजसो चिन्तामा हुन्छन् । विकिरणले गर्दा आफूलाई लागेका रोगहरू सन्तानलाई पनि सर्ने भयो भन्ने पीडा हुन्छ । यो समस्या जापानको मात्र होइन ।

सन् १९४५ जुलाइमा अमेरिकाको न्यु मेक्सिकोमा अणुबम परीक्षण भएको थियो । सन् १९५० को दशकमा बेलायतको मारालिङ्गामा त्यस्तै परिक्षण भएको थियो । त्यसपछि सोही परिक्षण अस्ट्रेलियामा भएको थियो । ती सबै स्थानमा गरिएका अध्ययनअनुसार परीक्षणपछि बालमृत्युदर एकाएक बढेको थियो । सन् १९४६-५८ मा मार्शल टापुहरूमा ६७ आणविक परीक्षण गरिएको थियो । त्यसपछि त्यहाँका स्थानीय महिलाहरूमा गर्भपात हुने र थिल्थिला बच्चाहरू (जेलीफिस बेबिज) जन्मेको पाइयो । ती बच्चाका छाला पारदर्शी थियो भने शरीरमा हड्डी नै थिएन ।

धेरै पीडितहरू पछि गर्भवती हुँदा वा छुइ हुँदा मानसिक तनावले आहत भएका थिए । हिरोशिमाकी पीडित किको ओगुरा भन्छिन्, "बच्चा पाइँदा अन्तिम क्षणसम्म पनि म तर्सिरहेकी थिएँ । सबैले कष्टका दिन झेले । आमाहरूले सधैँ सोच्थे, 'मेरो बच्चा ठिक छ-छैन ?' आणविक हतियार रहँदासम्म भविष्यमा पनि डर रहिरहनेछ । सबैजना जल्छन् वा घाइते हुन्छन् भन्ने छैन । तर, डर त हुन्छ । हाम्रो अन्तरात्मामा डर छ । त्यसबेला सबैजना डराएका थिए ।"

रेडियो विकिरणका प्रभावहरूको विषयमा अझ वैज्ञानिक अध्ययन गर्नुपर्ने छ । धेरै पीडितहरू आफूलाई लागेका रोग र आफ्ना सन्तान दरसन्तानमा देखिएका जन्मौटे समस्याहरूलाई विकिरणको प्रभाव मान्छन् । हिरोशिमा बमबारीकी अर्की पीडित ली ग्युओ भन्छिन्, "तेस्रो र चौथो पुस्ताले भोग्नुपर्ने समस्यालाई कुनै शब्दमा व्यक्त गर्न सकिन्न । हामी पहिलो पुस्ताले भोग्नुपर्ने समस्याको त कुरै नगरौं । हाम्रा छोराछोरी र नातिनातिना, पीडितहरूको दोस्रो र तेस्रो पुस्ता अझै पनि अकथनीय रोगव्याधि र पीडाले छटपटिइरहेको छ ।"



स्वास्थ्य समस्याका अलावा विकिरणको प्रदूषणले मानिसहरू विस्थापित हुन्छन् भने वातावरण खस्किन्छ ।

मार्शल टापुहरूमा रेडियो विकिरण बसिंदा दुईखाले विस्थापन देखियो । पहिलो विस्थापनमा मानिसहरू राजधानी माजुरो छोडेर टाढाका टापुहरूमा जानुपरेको थियो । कतिपय मानिस विकिरण र प्रदूषणबाट बच्न मुलुक छोडी विदेश भासिएका थिए । स्थानीय जनता लगातार विस्थापित भइरहँदा संस्कृतिमा अन्तर आएको थियो भने आपनत्वको भावना हराएको थियो । फिजीमा बस्ने एक मार्शेली विद्यार्थीले भने, "तपाइँको देशलाई अरू कसैले खोसेपछि तपाइँ बिचल्लीमा पर्नुहुन्छ, पहिचानविहीन बन्नुहुन्छ ।"

मार्शल टापुहरूमा आणविक परीक्षण गर्दा खसेको रेडियो विकिरणले ठूलो पर्यावरणीय प्रदूषण ल्याएको थियो । स्थानीय खाद्यान्न र माछा भण्डारमा त्यसले अपुरणीय क्षति पुऱ्याएको थियो । स्थानीय खाना खान नपाएपछि टापुवासीहरूले बाहिरबाट झिकाएको तयारी खाना खानुपरेको थियो । बाहिरी खानासँगै अनेक रोगव्याधिहरू पनि भित्रिएका थिए । जस्तो, मार्शल टापुवासीहरू मधुमेह, उच्च रक्तचाप र मोटोपनजस्ता कहिल्यै नसुनेका रोगका सिकार बनेका थिए । पर्यावरणीय विनाशसँगै जलवायु परिवर्तनको मार झन् भयानक साबित हुँदै छ । समुद्री सतह माथि उक्लिँदै गर्दा रुनिट डोमबाट आणविक फोहर चुहावट हुने खतरा बढेको छ । रुनिट टापुमा कङ्क्रिटका भवनहरू र रेडियो विकिरणका अवशेषहरूले गर्दा माटोको माथिल्लो सतह नै प्रदूषित भएको छ ।

### भविष्य बदल्न इतिहासलाई मनन गरौं

धेरै अणुबम-पीडितहरू सोच्छन् - सम्बन्धित सरकारहरूले अणुबमको प्रयोग र परीक्षणले पुऱ्याएको वास्तविक क्षतिलाई कहिल्यै मनन गरेनन् । आणविक आक्रमणले ल्याएका समस्याहरूलाई तिनले कहिल्यै ध्यान दिएनन् । सरकारी बेवास्ताले गर्दा पीडितहरूले हेला गरिएको महसुस गर्छन् । उनीहरू आफ्ना दु:खलाई अदृश्य ठान्छन् । मानौं, तिनका अनुभूति, त्याग र तनाव कहिल्यै भोगिएका थिएनन् । मिडिया र पप संस्कृतिले सधैँ आणविक अस्त्रको महिमागान गर्छ र त्यसले ल्याएको विपत्तिलाई कम देखाउँछ । यसले गर्दा पीडितहरूको बोझ झन् बढ्न जान्छ ।

विश्वका धेरै सङ्घसंस्थाले आणविक युद्धका घातक परिणामलाई प्रकाशमा ल्याउने जमर्को गर्दै छन् । विश्व स्वास्थ्य सङ्गठनले अलग्गै अध्ययन अघि बढाएको छ । त्यस्तै राष्ट्रसङ्घको महासभाले यस विषयमा अध्ययन गर्न अलग्गै तटस्थ वैज्ञानिक टोली गठन गरेको छ । सो अध्ययनमा 'मार्शल टापुहरूका निम्ति उच्च मानवअधिकार आयोग' को कार्यालयले प्राविधिक सहयोग गर्नेछ । यी पहल आफैमा महत्त्वपूर्ण छन् । तर, यसबारे मिडिया मौन छ, सार्वजनिक बहस शून्यप्राय: छ ।

नयाँ पुस्ताले अणुबम-पीडितहरूको अनुभव र दु:खबाट सिकेन भने इतिहास दोहोरिने जोखिम छ । अणुबम-पीडितहरूका कुरा सुनौं, प्रत्येक कक्षाकोठामा तिनका सङ्घर्षका कथा पढाऔं र तिनका कथा प्रत्येक नेता र जनतालाई सुनाऔं । अर्को आणविक विपत्ति रोक्ने हो वा कम्तीमा पछि सार्ने हो भने यति त गर्नैपर्छ ।

(रेनाटा डालाक्वा ब्राजिलकी विद्वान हुन् । उनले इतिहास र राजनीतिमा विद्यावारिधि गरेकी छिन् । उनले लन्डनबाट अन्तर्राष्ट्रिय राजनीति तथा सुरक्षामा स्नातकोत्तर गरेकी थिइन् । हाल उनी संयुक्त राष्ट्रसङ्घमा कार्यरत छिन् ।

रेबेका गिब्बन्स राजनीतिशास्त्रकी प्राध्यापक हुन् । एक समय उनले अणुबमपीडित मार्शल टापुहरूमा अध्यापन गर्थिन् । उनले अन्तर्राष्ट्रिय सम्बन्धमा विद्यावारिधि गरेकी छिन् । उनको पुस्तक 'हिजेमनीका हतियारहरू : अमेरिकी नेतृत्व र आणविक अप्रसारको राजनीति' सन् २०२२ मा प्रकाशित भएको थियो ।

**स्रोत : एमआर अनलाइन । सम्यक)**




*(फोटो क्याप्सन २ : रुनिट डोमको सेटलाइन तस्बिर (खैरो रङ) । मार्शल टापुमा बस्ने मानिसहरू त्यसलाई 'चिहान' भन्छन् । सन् १९४६ देखि १९५८ सम्म अमेरिकाले मार्शल टापुहरूमध्ये एक इनेवेटकमा ४३ वटा आणविक परीक्षण गरेको थियो । यी परीक्षण हावामा गरिएका थिए । ती परिक्षणका कारण दूषित भएको माटो र अन्य अवशेषले झन्डै १ लाख क्युबिक यार्डको भूभाग ओगटेको छ । त्यहाँ अमेरिकाले सफाइ अभियान पनि चलाएको थियो । तर, जम्मा एक प्रतिशत फोहर मात्र हटाइयो । यो 'डोम' सन् १९५८ को मे ६ गते गरिएको १८ किलोटनको आणविक परिक्षणका कारण बनेको थियो । 'डोम' नजिकै अघिल्लो दिन १९५८ मे ५ गते गरिएको ४० किलोटनको आणविक परिक्षणबाट बनेको खाडल (गाढा निलो) पनि छ ।)*

# “बाटो कठिन छ, अवस्था जटिल छ तर जित्ने इच्छाशक्ति अटल छ”

● मिगुएल डियाज-क्यानेल बर्मुडेज

प्रिय सैनिक जनरल राउल क्यास्ट्रो रुज, क्युवाली क्रान्तिका नेतागण;

**आदरणीय संसद सदस्यहरू:**

म यो सहिद दिवसमा, यस क्युवाली जनसत्ताको राष्ट्रिय सभाका उपप्रमुख र १९७६ मा संसदको स्थापना भएदेखि यस विधायिकाका उप-कमान्डर रामिरो भाल्देस मेनेन्डेजलाई सभाको सम्मानजनक श्रद्धाञ्जलीका साथ मेरो टिप्पणी सुरु गर्न चाहन्छु । (ताली)

शताब्दी पुस्ताको प्रतीक रामिरो, फिडेल, राउल, चे, अल्मेडा, गुइलेर्मो र अन्यसँग क्रान्तिको प्रतिमानहरूमध्ये एक हो जसले यस सूचीलाई अनन्त बनाउनेछ, तिनीहरू मूल्यमान्यता र नैतिकता, समाजवादी र देशभक्ति गुणहरूको अमूल्य विरासतको सन्दर्भ हुन् जुन हाम्रो राष्ट्रको लागि यस्तो क्षणमा ध्यान दिनुपर्छ ।

त्यो ऐतिहासिक पुस्ताका आफ्ना भाइहरू जस्तै, जो उहाँलाई सम्मान गर्नुहुन्छ र जसलाई हामी निरन्तरता दिन प्रतिबद्ध छौँ, रामिरोले हामीलाई असाधारण विरासत छोड्नुभएको छ: उहाँ आफ्नो अन्तिम साससम्म फेला पार्ने, काम गर्ने र लड्ने महान कार्यमा समर्पित शरीर र आत्मा हुनुहुन्थ्यो । उहाँले पुष्टि गर्नुभएको छ कि क्रान्तिकारीका लागि यहाँ कुनै विश्राम छैन, न त कार्यमा र न यसलाई प्रेरणा दिने सपनाहरूमा । उहाँ नम्रताको उदाहरण हुनुहुन्थ्यो । उहाँले मार्टी-प्रेरित विचारलाई मूर्त रूप दिनुभएको छ, फिडेलले यसरी अँगाल्नुभएको छ कि “संसारको सबै महिमा मकैको दानामा मिल्छ ।” उहाँले पार्टीको वरिपरि एकताको प्रवर्द्धन गर्नुभयो, साम्राज्यवादको सामनामा सधैँ अडिग दृढताको अभ्यास गर्नुभयो र साम्राज्यवादलाई विश्वास गर्न सकिँदैन भन्ने चेतनालाई आफ्नै चेतनाको रूपमा लिनुभयो, यो थोरै योगदान होइन ।

म विगतकालको रामिरोको कुरा गर्दिन, किनकि उहाँलाई कुनै सम्भावित बिदाइ छैन । उहाँको कामको महत्त्वलाई जोड दिन म उहाँको उदाहरण हामी जनताका सेवकहरू र क्रान्तिका रक्षकहरूबिच जगाउँछु, तर सबैभन्दा ठुलो प्रेरणाको लागि उहाँले हामीलाई आजको ठुला चुनौतीहरूको सामना गर्न छोड्नभएको छ ।

**सहकर्मी मित्रहरू,**

डिसेम्बर २०२५ मा अघिल्लो साधारण सत्र र अब एक घेरिएको विशिष्ट किल्लाका रूपमा हामी क्युवा निष्कर्षमा पुगेका महिनाहरू एक अत्यन्त जटिल र खतरापूर्ण परिदृश्यद्वारा चिन्हित गरिएको छ ।

यस वर्षको जनवरी ३ मा भेनेजुयलाविरुद्धको देशद्रोही सैन्य आक्रमण र यसका वैध राष्ट्रपतिको अपहरणपछि, कानुनमा आधारित संसारको अवधारणा पूर्ण रूपमा मेटिने र नवउदारवादी पुँजीवादको भयङ्कर प्रगतिको परिणामस्वरूप यस ग्रहलाई पहिलेभन्दा धेरै अराजक र असुरक्षित स्थानमा परिणत गर्ने धम्की दिइरहेको छ ।

संयुक्त राज्य अमेरिकामा आज स्थापित नव-फासिस्ट शासनले २० औँ शताब्दीको पहिलो आधामा आफ्नो विस्तारवादी जोशमा जर्मन फासीवादले फैलाएको केही भयावहताहरू निर्लज्जतापूर्वक दोहोऱ्याइरहेको छ ।

मानवता र विश्व शान्तिको नियतिका लागि दुई सरकारबिचको सम्झौताका बिन्दुहरू भयावह रूपमा खतरनाक बन्दै गएका छन् । जेनोफोबिया, राष्ट्रवादी अपवादवाद, प्रभुत्वको साधनको रूपमा निहित छ, व्यक्तित्वको पंथ, विपक्षी विचारधाराहरूको प्रतिबन्ध, संस्कृतिहरू कुल्चीमिल्ची, भूभागहरू र तिनीहरूको प्राकृतिक स्रोतहरूको लुटपाट, वा ठुलो मानव जनसङ्ख्याको सामूहिक सजायलाई भेदभाव गर्दैन, बरु यो बढ्दो जातिवादसँग जोडिएको सङ्केत हो ।

गाजामा नरसंहारको डरलाग्दो घटना हुँदा संसारको एक भागले अर्को तरिका देखेको थियो भनेर नबिर्सौं र इतिहासले दण्डहीनता र क्रूरतालाई सम्झनेछ जुन उनीहरूले अझै पनि ती मानिसहरूलाई नरसंहार गरिरहेका छन् र उनीहरूको संस्कृतिलाई निभाउने प्रयास गर्छन् ।

संयुक्त राष्ट्र सङ्घीय एजेन्सीहरूको अनुमान छ कि गाजापट्टीमा ७५,००० देखि ९०,००० बिचमा युद्धको परिणामस्वरूप मानिसहरूले ज्यान गुमाए । बम विष्फोट भएका भवनहरूको भग्नावशेषमुनि बेपत्ता भएका १०,००० भन्दा बढीको अतिरिक्त पीडितहरूमध्ये ६० प्रतिशत निर्दोष महिला र बालबालिका थिए ।

आफ्नो विकृतिबाट सन्तुष्ट नभएको, अपराधीहरूले लगभग ३५ देखि ४० वर्ग किलोमिटरको सानो पट्टीमा लगभग २ मिलियन मानिसहरूको जनसङ्ख्या विस्थापन उत्पन्न गरे, जनसङ्ख्या घनत्वलाई ३०,००० र ४०,००० मानिसहरू प्रति वर्गकिलोमिटरको बिचमा चरम स्तरमा पुऱ्याए, पानीको सट्टा, पानी र पानीको कुनै पनि कुरामा सन्तुष्ट छैन ।

परिस्थितिको गम्भीरताको बारेमा सचेत हुन सान्दर्भिक र जरूरी छ: हाम्रो कुनै पनि राष्ट्र फेरि गाजा बन्न सक्छ ।

यो नरसंहार पूर्णतया रोकिएको छैन भने पनि आधुनिक जीवनका आधारभूत आवश्यकताहरूसँग व्यावहारिक रूपमा असङ्गत क्युवाली जनताको पीडालाई चरम तहमा पुऱ्याउने आर्थिक नाकाबन्दी र ऊर्जा नाकाबन्दीमार्फत ९० लाखभन्दा बढी क्युवालीमा दोहोऱ्याउने प्रयास भइरहेको छ ।

यस आपराधिक नीतिका धूर्त र धोखेबाज वास्तुकारहरूले ऊर्जा नाकाबन्दीलाई अस्वीकार गर्छन् । तिनीहरूले जनवरी २९, २०२६ मा अमेरिकी राष्ट्रपतिले हस्ताक्षर गरेको कार्यकारी आदेशको कुनै उल्लेख गर्दैनन्, जसमा उनले क्युवालाई इन्धन आपूर्ति गर्ने कुनै पनि राष्ट्रलाई दण्डित गर्ने धम्की दिन्छन् ।

यो कार्य अमेरिकी सरकारको सार्वभौम राज्यहरूको इच्छालाई जबरजस्ती र धम्कीको माध्यमबाट व्यापार भन्सारहरू प्रयोग गरेर वशमा पार्ने क्षमताको एक हिस्सा हो, लगभग सबै देशहरूलाई क्युवा विरुद्धको आर्थिक नाकाबन्दीमा स्वेच्छिक वा अनैच्छिक रूपमा भाग लिन बाध्य पार्छ ।

यो स्वेच्छाचारी निर्णयका कारण क्युवाले पछिल्लो सात महिनामा एउटा मात्र इन्धन जहाज प्राप्त गरेको छ ।

यस्तो सामूहिक सजायको आर्थिक र सामाजिक प्रभाव मानवीय रूपमा असहनीय छ ।

हवाना विश्वविद्यालयबाट कानुनमा स्नातक सक्दैगर्दा साम्राज्यवादविरोधी वाम राजनीतिमा होमिनुभएका क्यास्ट्रोको नेतृत्वमा अमेरिकी सैन्य समर्थनका तत्कालीन राष्ट्रपति फुल्गेन्सियो बाटिस्टालाई सत्ताच्युत गर्ने लक्ष्यअनुसार २६ जुलाई १९५३ मा मोन्काडा सैन्य ब्यारेकमा आक्रमण गरियो । सो असफल हमलाको कारण पक्राउ पर्नुभएका क्यास्ट्रोलाई १५ वर्षको जेल सजाय तोकियो । अदालतमा बहस हुँदा उहाँले दिनुभएको बयान 'इतिहासले मलाई सही प्रमाणित गर्नेछ' शीर्षकमा पुस्तकमा प्रकाशित छ । २२ महिनापश्चात् जेलमुक्त भएपछि सशस्त्र क्रान्ति गर्ने लक्ष्य लिएर मेक्सिकोमा गई तयारी थाल्नुभयो । भाइ राउल क्यास्ट्रोले फिडेललाई अर्जेन्टिनी चिकित्सक तथा क्रान्तिकारी चे ग्वेभारासँग भेटघाट गर्ने बन्दोवस्त मिलाए । सारा दक्षिण अमेरिकी महादेश मुक्त गर्ने लक्ष्य बोकेका चे र क्रान्तिकारी फिडेलबीच रातभर छलफल भयो । चे क्युवाली क्रान्तिमा चिकित्सकको रूपमा सहयोग गर्न तयार भए । बाटिस्टाको तानाशाही सत्ता पल्टाउन '२६ जुलाई मुभमेन्ट' नामक क्रान्तिकारी समूह गठन भयो, करिब ७० जनाको क्रान्तिकारी दस्ता ग्रान्मा नामको डुङ्गामार्फत क्युवा फर्किए । ठूलासाना सफल हमला र जनसमर्थनको कारण १ जनवरी १९५९ मा बाटिस्टाको तानाशाही सत्ता ढल्यो ।

क्यास्ट्रोले चलाखीपूर्वक क्रान्ति सम्पन्न भएपछि कम्युनिस्ट पार्टीको घोषणा गरी साम्राज्यवादी अमेरिकालाई छक्याउनुभयो । क्युवाको सामाजिक, आर्थिक र राजनीतिक पुनर्संरचनाको आरम्भ भयो । समाजवादी क्रान्तिको घोषणा, विदेशी पुँजीको राष्ट्रियकरणबाट संरा अमेरिका आत्तियो । तत्काल क्युवामाथि आर्थिक नाकाबन्दी गऱ्यो । तर, क्युवाली क्रान्ति अघि बढिरहेको छ । प्रस्तुत आलेखमा क्युवाली क्रान्तिका उपलब्धिहरूबारे चर्चा गर्ने चेष्टा गरेको छु ।

क्युवाली क्रान्तिको उपलब्धिबारे कुरा गर्दा शिक्षा, स्वास्थ्य र जनजीविकाको क्षेत्रमा भएका परिवर्तनहरू सबभन्दा महत्त्वपूर्ण विषय हुन् । क्युवाली समाजवादी क्रान्तिका यी उपलब्धिले विश्व पूँजीवादलाई चुनौती दिएका छन् । क्युवाली क्रान्ति उल्ट्याउन क्युवाविरुद्ध जस्तोसुकै नाकाबन्दी लगाइए तापनि, नेता फिडेलको हत्या गर्ने अनेक षड्यन्त्र भए पनि, क्रान्तिविरुद्ध जतिसुकै गोयवल्स शैलीका प्रचार गरिए पनि क्युवाले समाजवादी झन्डा अझै माथि उठाइरहेको छ ।

**क्युवाली शैक्षिक क्रान्ति**

क्युवाली क्रान्तिको एउटा महत्त्वपूर्ण उपलब्धि समाजवादी शिक्षा व्यवस्था हो । समाजवादी शिक्षा भन्नेबित्तिकै उत्पादन-श्रमसँग जोडिएको नि:शुल्क शिक्षा भन्ने बुझिन्छ । जस्तो शिक्षाबारे कम्युनिस्ट घोषणापत्रमा प्रस्ट भनिएको छ, "सबै केटाकेटीको निम्ति नि:शुल्क सार्वजनिक शिक्षा र शिक्षालाई औद्योगिक उत्पादनसँग जोड्ने ।" शिक्षाबारे क्युवाली संविधान भन्छ, "शिक्षा राज्यको कर्तव्य हो र यो नि:शुल्क हुन्छ । शिक्षा अध्ययन र जीवन, काम र उत्पादनसँगको गहिरो सम्बन्धमा आधारित हुन्छ । नयाँ पुस्तालाई कम्युनिस्ट तालिम दिनु शिक्षाको उद्देश्य हो ।" अध्ययनलाई कामसँग जोड्ने नीतिलाई क्युवाको शिक्षाको आधारशिला (कर्नर स्टोन) मानिन्छ ।

**क्रान्तिपूर्व शिक्षाको अवस्था**

क्युवाली क्रान्तिपूर्वको शैक्षिक स्थिति बुझ्न विश्व बैङ्कको एउटा प्रतिवेदनमा उल्लेख गरिएको एउटा तथ्य पर्याप्त हुन्छ । प्रतिवेदन भन्छ, "सन् १९५२ मा कोषको अभाव र सरकारी भ्रष्टाचारको कारण सार्वजनिक शिक्षा भत्ताभुङ्ग थियो," (ब्रेइड्लिड, २००७) । क्रान्ति अगाडि गरिबको निम्ति प्रावि शिक्षा पाउनु पनि एउटा सपना हुन्थ्यो (जोन्स्टोन, १९९५) । त्यतिबेला क्युवाली विद्यालयमा प्रावि तहमा भर्ना हुने उमेरका केटाकेटीको प्रतिशत ल्याटिन अमेरिकाको तुलनामा कमै थियो (युनेस्को, १९६२) ।

**क्युवाको शैक्षिक सफलता**

सन् ९० को दशकमा रक्षा बजेट कटाएर शिक्षामा लगानी बढाएकोमा युनिसेफबाट क्युवाको प्रशंसा भएको थियो । विश्वका १२५ देशको कुल गार्हस्थ उत्पादनमध्ये सबभन्दा बढी शिक्षामा लगानी गर्ने ५ वटा देशमध्ये क्युवा एक थियो । प्राथमिक तहमा पढाउने शिक्षकहरू शतप्रतिशत तालिमप्राप्त थिए । ल्याटिन अमेरिका एवम् क्यारेबियाली देशमा सबैभन्दा कम विद्यार्थी शिक्षक अनुपात क्युवामा थियो । विश्व बैङ्क (२०००) ले 'क्युवाले उच्च विद्यालय भर्नादर मात्र होइन शिक्षाको गुणस्तर पनि उच्च बनाएको' स्वीकारेको थियो । युनेस्को (२००६) ले 'अन्तर्राष्ट्रिय साक्षरता कार्यक्रमको निम्ति युनेस्को पुरस्कार' क्युवालाई नै प्रदान गरेको थियो ।

क्युवाले सन् २०१० मा कुल गार्हस्थ उत्पादनको १२.९ प्रतिशत शिक्षामा लगानी गरेको थियो तर पेरुले २.६ प्रतिशत, संरा अमेरिकाले ५.४ प्रतिशत, स्वीडेनले ७.३ प्रतिशतमात्र लगानी गरेको युनेस्कोको सन् २०१२ को प्रतिवेदनमा उल्लेख छ । क्युवाले सन् ९० को दशकको आर्थिक सङ्कटबाट पार पाउँदै क्रमश: शिक्षामा लगानी बढाएको तथ्याङ्क देखिन्छ । यसले सन् १९९८ मा कुल गार्हस्थ उत्पादनको ६.८ प्रतिशत शिक्षामा लगानी गरेको थियो भने सन् २००१ मा ८.७ प्रतिशत लगानी गरेको थियो ।

सन् २००४ मा क्युवाको प्रावि तहमा विद्यार्थी शिक्षक अनुपात १०.२४ थियो, संरा अमेरिकामा यो अनुपात १४.२१ थियो । ल्याटिन अमेरिकाका १२ वटा देशमध्ये क्युवाली प्रावि बालबालिका गणित र भाषामा सबभन्दा राम्रा छन् (युनेस्को, १९९८) । सन् २००८ मा गरिएको यस्तै परीक्षणमा तेस्रो र छैटौँ कक्षाका १६ विद्यार्थीले ल्याटिन अमेरिकी र क्यारेबियाली देशमध्ये सबभन्दा उत्कृष्ट नतिजा ल्याएका थिए (युनेस्को, २००८) ।

विश्व बैङ्कलाई गेस्पेरिनी (२०००) ले दिएको प्रतिवेदनमा उल्लेख गरिएको तथ्य पनि यहाँ सान्दर्भिक छ - "क्युवाली शिक्षाको रेकर्ड अतुलनीय छ । शतप्रतिशत विद्यालय भर्ना एवम् हाजिरी ; सबैलाई प्रौढ शिक्षा ; उच्च शिक्षादेखि सबै क्षेत्रमा समानुपातिक महिला प्रतिनिधित्व ; खासगरी रसायनशास्त्र एवम् चिकित्साशास्त्रमा राम्रो वैज्ञानिक तालिमको बन्दोवस्त ; गुणस्तरीय पढाइ; गरिब क्षेत्रलगायत ग्रामीण र सहरी क्षेत्रमा आधारभूत शैक्षिक अवसरमा समानता छ ।"

ल्याटिन अमेरिकामा 'सबैलाई शिक्षा' को सहस्राब्दी लक्ष्य पूरा गर्ने क्युवा एउटै मुलुक हो ( युनेस्को) । फिडेल र चेको भनाइ छ - "क्रान्ति र शिक्षा उही हुन्... सिङ्गो समाज विशाल विद्यालय हुनुपर्छ ।"

**क्युवाका सहयोगी हातहरू**

क्युवाले उपनिवेशबाट मुक्त भएका देशहरूमा पनि शिक्षा र स्वास्थ्यउपचार सेवा पुऱ्याउँदै आएको छ । क्युवाको 'हो, म सक्छु' 

कार्यक्रम विश्वप्रसिद्ध छ । यो कार्यक्रमअन्तर्गत १५ देशका २३ लाख जनता अध्ययन गर्दै छन् । सन् २००३ देखि २००७ सम्ममा भेनेजुयलाका १५ लाख जनतालाई साक्षर बनाउन क्युवाले सहयोग गऱ्यो । यसरी भेनेजुयला ल्याटिन अमेरिकामा क्युवापछि पूर्णत: साक्षर बन्न सफल भयो । क्युवा र भेनेजुयलाको सहयोगमा सन् २००८ मा बोलिभियाले निरक्षरता उन्मूलन गऱ्यो । अल्वा सिद्धान्तअनुसार क्युवाले सन् २००७ को दस वर्षभित्रमा १ लाख ल्याटिन अमेरिकी एवम् क्यारेबियालीलाई चिकित्सा शिक्षा दियो ।

**सन् १९६१ को साक्षरता अभियान**

सन् १९५९ को क्रान्तिपछि बुद्धिजीवी र प्राविधिकमध्ये धेरैले देश छाडे । तत्कालीन जनसङ्ख्या ६० लाख थियो । जनसङ्ख्याको २६.३ प्रतिशत निरक्षर थिए जसमध्ये ४१.६ प्रतिशत ग्रामीण र ११.२ प्रतिशत सहरी जनसङ्ख्या थियो ।

सन् १९६० मा क्युवाका तत्कालीन प्रधानमन्त्री फिडेल क्यास्ट्रोले संयुक्त राष्ट्र सङ्घको महासभामा घोषणा गर्नुभएको थियो, "अर्को वर्ष हरेक व्यक्तिलाई पढ्न र लेख्न सिकाउने महत्त्वाकाङ्क्षाका साथ हाम्रा जनताले निरक्षरताविरुद्ध व्यापक युद्ध लड्दै छन् ।"

क्युवाले सन् १९६१ लाई 'शिक्षा वर्ष' घोषणा गऱ्यो । २ लाख ५० हजार क्युवाली नागरिकले सो अभियानमा शिक्षकको रूपमा भाग लिए । साक्षरता अभियानमा १९ वर्ष मुनिका १ लाख युवा थिए । क्रान्तिकालमा चे ग्वेभारा र फिडेल क्यास्ट्रोले हिँड्नुभएको कठिन बाटोमा हिँड्न पाएकोमा साक्षरता कक्षाका स्वयम्सेवक खुसी थिए । साक्षरता अभियानको क्रममा ८ महिनासम्म देशभरका विद्यालय बन्द गरिएको थियो ।

फिडेलले भन्नुभएको थियो, "साक्षरता अभियानले प्रत्यक्षरूपमा गरिब जनतालाई फाइदा पुऱ्याउँदछ । निरक्षरता तिनीमाथिको साह्रै ठूलो अन्याय थियो र यसलाई क्रान्तिले सच्याउँदै छ । त्यतिमात्र होइन देशको निम्ति यो अपरिहार्य कुरा पनि हो । शिक्षाविना कुनै क्षेत्रको पनि विकास सम्भव छैन । क्रान्तिपछि बनाएको योजनाअनुसार विज्ञान र आर्थिक क्षेत्रमा प्रगति गर्ने हो भने शिक्षा अनिवार्य छ । गरिबी हटाउने र जनताको जीवनस्तर माथि उठाउने हो भने शिक्षा जरुरी छ ।" संयुक्त राष्ट्र सङ्घमा क्यास्ट्रोले भन्नुभएको थियो, 'साम्राज्यवादीहरू १० वर्षको शैक्षिक योजना बनाउँछन् तर त्यो पूरा गर्न सक्दैनन् । क्युवाली क्रान्तिले एक वर्षमा यो योजना पूरा गरी देखाउनेछ ।"

नभन्दै ११ महिना लामो साक्षरता अभियानबाट निरक्षरता प्रतिशत २६.३ बाट ३.९ मा झऱ्यो ।

**समाजवादी स्वास्थ्य**

आधा शदाब्दीदेखि विश्वको सर्वशक्तिमान मानिएको संरा अमेरिकाको कडा आर्थिक एवम् व्यापारिक नाकाबन्दी लागेको छ तर समाजवादी क्युवाको स्वास्थ्य व्यवस्था विश्वको उत्कृष्टतम मानिन्छ । जनस्वास्थ्यका सम्पूर्ण सूचकाङ्कमा क्युवा अब्बल देखिन्छ । प्रतिव्यक्ति आयको तुलनामा कता हो कता बढी भएको संरा अमेरिकालाई पनि जनस्वास्थ्यको क्षेत्रमा उछिन्ने हैसियत अरू कारणले बनेको होइन त्यस देशको समाजवादी स्वास्थ्य प्रणालीले गर्दा भएको हो । क्रान्ति अगाडि क्युवाको आयुदर न्यून र शिशु एवम् मातृ मृत्युदर उच्च थियो । ५० प्रतिशतभन्दा बढी चिकित्सक र ७० प्रतिशतभन्दा बढी सुविधा राजधानीकेन्द्रित थिए । औषधी उपचार 'भाग्यमानी' को निम्तिमात्र उपलब्ध थियो । २० प्रतिशत जनता औषधी उपचारबाट पूर्ण वञ्चित थिए । सफाइ सुविधा अपर्याप्त थियो । क्रान्तिपछि जनस्वास्थ्य क्षेत्रमा पनि आमूल परिवर्तन आयो । क्युवाली संविधानले स्वास्थ्य आधारभूत मानव अधिकार हो र यो राज्यको जिम्मेवारी हो भन्ने कुरा स्थापित गरेको छ । त्यहाँ नि:शुल्क एवम् सुलभ स्वास्थ्यउपचारको सिद्धान्त लागु भयो । प्रत्येक नागरिकलाई पर्याप्त खानेकुराको बन्दोवस्त गरेपछि जनस्वास्थ्य सुरक्षामा ठूलो योगदान भयो । सहर एवम् गाउँका प्रत्येक बस्तीको सरसफाइमा व्यापक सुधार गरियो । जनताको आवासको निम्ति पर्याप्त घर निर्माण गरियो । स्वस्थकर घरले मानिसको स्वास्थ्य सुरक्षाको हक सुरक्षित बनायो ।

क्युवाली सरकार भन्छ, "औषधीले मात्र जनताको स्वास्थ्य सुधार गर्दैन ।" त्यहाँको स्वास्थ्य क्षेत्र सुधारमा शिक्षा, आवास र सामाजिक सुधार समावेश छन् । सुधारका निर्देशक सिद्धान्त रहेका छन्- सेवाको पहुँचमा समानता, स्वास्थ्यलाई वातावरणसँग जोड्ने, रोकथाम, उपचार र पुन:स्थापनालाई एकीकृत गर्ने र स्वास्थ्य अभियानमा समुदायको सहभागिता ।

क्युवालीको आयुदर ७८.५ छ, संरा अमेरिकाको भने ७८ वर्षमात्र छ । क्युवामा शिशुमृत्यु दर ४.२ मात्र छ । यो ल्याटिन अमेरिकामा सबभन्दा कम दर हो । त्यस्तै, मातृ मृत्युदर १ लाखमा ४५ जनामात्र छ । शतप्रतिशत शिशुको जन्म दक्ष चिकित्सकको उपस्थितिमा हुन्छ । १६५ जनताको निम्ति एक डाक्टर उपलब्ध छ । कुल गार्हस्थ उत्पादनको ६.४ प्रतिशत स्वास्थ्यमा खर्च गरिएको छ । ९९ प्रतिशत केटाकेटी १३ वटा विभिन्न रोगबाट सुरक्षित छन् । २१९ अस्पताल, ४९९ स्वास्थ्य केन्द्र, ३३५ आमा घर, १५६ आदर निकेतनको बन्दोवस्त गरिएको छ । विश्व स्वास्थ्य सङ्गठनलगायत अन्तर्राष्ट्रिय विशेषज्ञहरूद्वारा क्युवाको स्वास्थ्य नीतिको प्रशंसा गरेको तथ्य पनि यहाँ उल्लेखनीय छ ।

क्युवामा 'परिवार स्वास्थ्य कार्यक्रम' सन् १९८० मा सुरु गरिएको थियो । विकेन्द्रीकरण गरी स्वास्थ्य उपचार सेवा जनस्तरमा पुऱ्याउने उद्देश्यअनुसार यो नीतिगत कार्यक्रम लागु गरिएको थियो । सहरको हरेक टोल (सीटी ब्लक) एवम् दुर्गम क्षेत्रमा डाक्टर र नर्सको समूह राखी समुदायसम्म चिकित्सा सेवा दिने बन्दोवस्त थालियो । यस कार्यक्रमअन्तर्गत १२० देखि १५० परिवारको निम्ति एक परिवार चिकित्सक र नर्स उपलब्ध गराइएको छ । ३२ हजार ५४८ परिवार डाक्टरबाट ९९.७ प्रतिशत जनता लाभान्वित भएका छन् ।

कम स्रोत र साधनमा आमजनताको घरघरमा स्वास्थ्यउपचार पुऱ्याउने र कोही पनि स्वास्थ्यउपचारको अधिकारबाट वञ्चित नहुने स्वास्थ्य प्रणाली समाजवादी क्युवाले विकास गरेको छ । उच्चस्तरका उपकरण हुँदैमा वा धेरै धनराशी खर्च गर्दैमा जनस्वास्थ्यस्तर अब्बल हुँदैन भन्ने क्युवाली अनुभव रहेको छ ।

**महान् महिला**

क्रान्ति अगाडि महिला पनि शोषण, दमन, सीमान्तीकरण एवम् यातनाको शिकार भएका थिए । वेश्यावृत्ति व्यापक थियो । महिला घरेलु हिंसापीडित थिए । तिनलाई सीमित अवसर उपलब्ध थियो । जिउन धेरै गाऱ्हो थियो । सन् १९५९ मा कुल श्रमशक्तिमा १२ प्रतिशत महिला सहभागी थिए ।

क्रान्तिपछि लैङ्गिक विभेदको समस्या समाधान हुन गयो । लैङ्गिक समानता र महिला अधिकार क्रान्तिको उद्देश्यसँग जोडिएका थिए । महिलामाथिको अन्याय कायम भएमा निष्पक्ष र भेदभावविहीन समाज बन्दैन । यसैलाई फिडेल क्यास्ट्रोले 'क्रान्तिभित्रको क्रान्ति' भन्नुभएको थियो ।

सन् १९५९ को क्रान्तिपछि क्युवाली महिला महासङ्घ सन् १९६० मा गठन भएको थियो । महासङ्घमा हाल ३० लाख सदस्य छन् । जम्मा महिला सङ्ख्याको ८० प्रतिशत यसमा संलग्न छन् । यसलाई क्युवामा सबभन्दा ठूलो जनसङ्गठन मानिन्छ भने ल्याटिन अमेरिकामा सबभन्दा ठूलो महिला सङ्गठनको रूपमा लिइन्छ ।

क्युवाली महिलाको समानता तह (इक्वेलिटी लेभल) ल्याटिन अमेरिकामध्ये उच्च स्थानमा र विश्वमा २९ औँ स्थानमा रहेको मानिन्छ । महिला आयुदर ८० छ भने महिला साक्षरता ९९ प्रतिशत छ । क्युवामा महिला प्राध्यापक र प्राविधिक मजदुर ६० प्रतिशत छन् । संसद्मा महिलाको सहभागिता ४३ प्रतिशत छ जुन विश्वमा तेस्रो हो । विश्वविद्यालयमा ६४ प्रतिशत महिलाको उपस्थितिले क्युवाली महिला राजनीतिकरूपमा पनि सक्रिय, सचेत र सङ्गठित छन् भन्ने प्रस्ट हुन्छ ।

क्युवाली स्वास्थ्य प्रणाली पनि महिलामैत्री छ । नि:शुल्क स्वास्थ्य उपचारको बन्दोवस्त छ । मातृत्वसम्बन्धी बिदा ऐन (१९७४) अनुसार सुत्केरीलाई १८ हप्ताको तलबी बिदा दिइन्छ । बच्चा ढिलो जन्मेको अवस्थामा थप २ हप्ता बिदा लिने सुविधा दिएको छ । बिदापछि उही काममा फर्कन पाउने अधिकार सुनिश्चित छ भने ६० प्रतिशत तलब खानेगरी बच्चा १ वर्ष हुँदासम्मको लागि बिदाको सुविधा पनि छ । यो सुविधा बच्चाको आमा अथवा बुबाले लिन पाउँछन् । गर्भपतन र परिवार नियोजनको निम्ति शुल्क मिनाहा छ भने बच्चा जन्मिनुअघि र दूध खुवाउने परिपाटीमा विशेष जोड दिइएको छ । बच्चा जन्मिनुअघिको निम्ति 'मातृघर' को बन्दोवस्त छ । आधाभन्दा बढी डाक्टर महिला छन् । महिला स्वास्थ्यमा जोड दिएकै कारण आयुदर ८० पुगेको हो । सारमा, क्युवाली समाजवादी क्रान्तिबाट क्युवाली जनताले उत्कृष्ट शिक्षा र स्वास्थ्यको अधिकार पाएको पुष्टि हुन्छ । क्युवाली महिलाको स्थान विश्वमै उत्कृष्ट छ ।

**कृषि क्रान्तिमा क्युवा**

गत १५ वर्षमा क्युवाले सहरी कृषिमा विश्वमै सफल उदाहरण प्रस्तुत गरेको छ । हवाना सहरका २० लाखभन्दा बढी जनसङ्ख्यालाई खुवाउन सहरी कृषि प्रणाली सफल भएको छ ।

सन् २००७ मा क्युवाको कुल कृषिमा सहरी खेतीले १४.६ प्रतिशत ठाउँ ओगटेको थियो । महत्त्वपूर्ण कुरा सबैजसो सहरी खेती जैविक छ, रासायनिक मल तथा कुनै विषादी प्रयोग गरिँदैन ।

कृषि उत्पादन अधिकांश स्थानीय उपयोगको निम्ति गरिन्छ । परिणामत: विश्वमा उत्पादकदेखि उपभोक्तासम्मको दूरी सबैभन्दा छोटो क्युवामै भएको मानिन्छ ।

सन् १९८९ सम्म क्युवा ५७ प्रतिशत खाद्यवस्तुमा सोभियत सङ्घसँग निर्भर थियो । सोभियत सङ्घ विघटन भएपछि हवाना सहरका २२ लाख जनतालगायत सम्पूर्ण क्युवाली जनतालाई खुवाउन अत्यन्तै कठिन र विकराल स्थिति उत्पन्न भएको थियो ।

सन् १९९८ सम्ममा हवानामा मात्र राज्यद्वारा सञ्चालित ८ हजार बगैँचा बने र तिनले देशको ५० प्रतिशत तरकारी उत्पादन गरे । सन् २००८ मा राउल क्यास्ट्रोको नेतृत्व आएपछि कृषिमा अझ व्यापक सुधार गर्ने घोषणा गरिएको थियो ।

क्युवाको कृषिमा अर्को क्रान्ति भन्नु जैविक कीट नियन्त्रण (बायोलोजिकल पेस्ट म्यानेजमेन्ट) मा प्राप्त सफलता हो । क्युवा संसारको यस्तो एउटा देश हो, जहाँ जैविक कीट नियन्त्रण प्रणाली राष्ट्रिय तहमा लागु भएको छ ।

यसको अतिरिक्त क्युवामा १७३ गड्यौला मल बनाउने केन्द्र स्थापना भएका छन् । ती केन्द्रले वार्षिक ९३ हजार टन प्राङ्गारिक मल उत्पादन गर्छन् । साथै, जैविक मलको प्रयोगलाई उच्च प्राथमिकता दिइएको छ । यसरी जैविक प्रविधिको विकासले क्युवाली कृषिमा आशातित सुधार ल्याएको छ ।

नेपालले क्युवाबाट धेरै कुरा सिक्न सक्छ ।

# राष्ट्रिय र अन्तर्राष्ट्रिय ज्ञान हासिल गर्न अन्तरक्रिया आवश्यक

भक्तपुर। नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा 'मजदुर' दैनिक र 'श्रमिक' साप्ताहिकबारे साउन १९ गते अन्तरक्रिया कार्यक्रम भयो।

उक्त कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले राष्ट्रिय र अन्तर्राष्ट्रिय ज्ञान हासिल गर्न अन्तरक्रिया गरिरहनुपर्ने आवश्यकता औँल्याउँदै विश्वमा शोषकवर्ग र शोषितवर्गबिच द्वन्द्व भइरहेको हुन्छ भन्नुभयो। हामीले शोषितवर्गको हक अधिकारको पक्षमा काम गर्दै आएको चर्चा गर्दै उहाँले भारतीय विस्तारवादलाई टेवा पुऱ्याउने काम सरकारले गरिरहेको बताउनुभयो।

आ-आफ्नो पेसामा मेहनत गरेजस्तै 'मजदुर' र 'श्रमिक' पत्रिकालगायत 'विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू' जस्ता पुस्तकहरू अध्ययन गर्नुपर्ने आवश्यकता सचिव सुवालले औँल्याउनुभयो।

नेक्रामसङ्घका केन्द्रीय उपाध्यक्ष उपेन्द्र सुवालले कार्यकर्ताहरू सदैव दमकल र एम्बुलेन्स सरह तयारी अवस्थामा रहनुपर्छ भन्नुभयो।

नेक्रामसङ्घका केन्द्रीय सदस्य राजकृष्ण गोराले पत्रिका अध्ययन गर्नु आफूमा थप ऊर्जा प्रदान गर्नु हो भन्नुभयो।

सङ्घका अध्यक्ष विष्णुराम दुमरुले मजदुरहरूको बौद्धिक स्तर र व्यक्तित्व विकास गर्न अन्तरक्रियाजस्ता कार्यक्रमले टेवा पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा सङ्घका सचिव रमेश दुमरु, विक्रम ढुकुछु, गणेशप्रसाद सुवाल, पुण्यराम न्हुछे, रामसुन्दर सुवाल, पञ्चरत्न सैंजू, रामकृष्ण बखुन्छेँ र राजेश बुयोले पनि बोल्नुभएको थियो।

# नेपालभाषाका हास्यव्यङ्ग्यकार रामशेखरया ख्याल: प्रदर्शनी सम्पन्न

भक्तपुर। नाट्यकर्मी समाजको आयोजनामा गत साउन ९ देखि १९ गतेसम्म रामशेखरया ख्याल: ब्वज्या आस्था थियटर लिबालीमा मङ्गलबार सम्पन्न भयो।

उक्त एघारदिने ख्याल: ब्वज्या: मा नेपालभाषाका हास्यव्यङ्ग्य साहित्यकार, कलाकार, निर्देशक, कथाकार, उपन्यासकार रामशेखर नकर्मीद्वारा रचित ९ ख्याल: नेपालभाषामा देखाइएको थियो भने 'तन्त्र टाब्लेट' नामक ख्याल: नेपालभाषा र नेपाली भाषामा मञ्चन गरिएको थियो।

ख्याल: सम्पन्न भएपछि नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले वर्गीय समाजको यथार्थबारे नाटक, ख्याल: गजल तथा गीतजस्ता साहित्यहरू रचना गर्नुपर्ने आवश्यकता औँल्याउँदै नेमकिपाका केन्द्रीय अध्यक्षद्वारा रचित 'जनताको साहित्य र साहित्यकार' बारे नयाँ पुस्ताले अध्ययन गर्न जोड दिनुभयो।

उहाँले साहित्य समाजको सेवाका लागि आवश्यक भएको स्पष्ट पार्दै मार्क्सवादी साहित्य नयाँ पुस्ताले बुझ्न आवश्यक छ भन्नुभयो।

उक्त प्रदर्शनमा पहिलो दिन भक्तपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको 'खेल खत्तम', दोस्रो दिन ख्वप कलेजको 'छेरावती द्य:', तेस्रो दिन स्टार वाचनालयको '१२ बजे', चौथो दिन बहुरङ्गी रङ्गकर्मी समूहको 'खुँयाता ज्वँ ज्वँ', पाँचौँ दिन बाल विकास इङलिस सेकेन्डरी स्कूलको 'तन्त्र टाब्लेट' नेपाली भाषामा, छैटौँ दिन प्रभात इङलिस सेकेन्डरी स्कूलको 'खुँ', सातौँ दिन श्रमिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडको 'तन्त्र टाब्लेट', आठौँ दिन नेक्राविसङ्घ भनपा १ को 'टुरिस्ट गाइड', नवौँ दिन सहिद निर्मल-पुष्प स्मृति वाचनालयको 'अस्पतालया जा', दसौँ दिन जेँला सांस्कृतिक समाजको 'रानी पुखु' तथा अन्तिम दिन पुन: स्टार वाचनालयको '१२ बजे' नामक ख्याल: मञ्चन गरिएको थियो।

स्टार वाचनालयले प्रस्तुत गरेको उक्त ख्यालको किशोर गोसाईंले निर्देशन गर्नुभएको थियो भने सोको कला संयोजन विकास तमखुले गर्नुभएको थियो।

ख्याल: प्रदर्शनपछि कलाकार आशकाजी थकुले मुनास: को ख्याल प्रतियोगितामा सहभागिता जनाएको स्मरण गर्दै ख्याल निर्माणको पृष्ठभूमिबारे जानकारी दिनुभयो। ख्याल: को अवलोकनमा लागि कीर्तिपुर, बोडे तथा पनौतीका दर्शक, विद्यार्थी, शिक्षक, समाजसेवी, बुद्धिजीवी, समालोचक, साहित्यप्रेमी, अभिभावक परिवारसहित दर्शकहरूको उल्लेख्य उपस्थिति रहेको थियो।

**देशको...**

सुकुमवासी र हुकमवासी पनि छुट्याउन आदेश दिनुपर्ने थियो तर दिएन। साथसाथै नदी किनारामा सुकुमवासी बस्ती बसाल्ने सरकार कुन कुन हो, ती सरकारका प्रधानमन्त्री र मन्त्रीहरूसँग पनि बयान लिने आदेश सर्वोच्च अदालतबाट हुनुपर्ने थियो, तर भएन। देशभरि स्वास्थ्य, शिक्षा, आवासको अभावमा तड्पिरहेका बालबालिकाबारे अदालतले सरकारलाई आवश्यक बन्दोबस्त गर्ने अन्तरिम आदेश दिनुपर्ने थियो तर दिएन।

नेपालमा वन्यजन्तुबाट मानव पीडित भइरहेको गुनासो बढ्दो छ। तर, अध्येताहरूले वन्यजन्तुको वासस्थानमा चुनौती हुने गरी मानव बस्ती विस्तार गरिएको हुँदा यो द्वन्द्व बढेको बताए। पर्यावरणीय दृष्टिकोणले सबै प्राणीहरू एक अर्काको समपूरक हुन्छन्। गिद्धले सिनो नखाए बाँकी प्राणी जगतलाई थप पीडा हुनु स्वाभाविक हो। अर्थात्, सरकारले वन्यजन्तुलाई समस्या मात्र ठान्नु उपयुक्त होइन।

काठ तस्करहरूको मिलिभगतमा वनजङ्गलमा डढेलो लगाइने गुनासो पनि पुरानो हो। यो सङ्कटलाई एमाले, नेका, एमाओवादी सरकारले आवश्यक बन्दोबस्त गर्न सकेनन् भने रास्वपाको सरकारले पनि गरेन। वनजङ्गलमा वन्यजन्तुले खाने आहारा खरानी भएपछि वन्यजन्तु मानव बस्तीतिर निस्कनु स्वाभाविक हुन्छ। सरकारहरूले देशको सन्तुलित विकास गरेको भए, वनजङ्गलमा नियतवश लगाइने डढेलो नियन्त्रण गरेको भए र देशको सन्तुलित विकास गरेको भए मानव र वन्यजन्तुबिचको द्वन्द्व धेरै घट्ने थियो। यसमा आफ्नो थातथलो छोडेर सहरमा बसाइँ सर्ने प्रम र मन्त्री एवम् उच्चपदस्थ सरकारी अधिकारीलाई पनि जिम्मेवार बनाउनु आवश्यक छ।

मुगुको ताल्चा विमानस्थलबाट बग्ने भल पानीको उचित व्यवस्थापन नहुँदा बर्खामा स्थानीयवासीलाई सास्ती भइरहेको गुनासो पनि पुरानो भइसक्यो। नेपाल र चीनको सिमाना छुट्याउने सीमास्तम्भ अनुगमन गर्न सहज हुने गरी बाटो नबन्दा सीमा सुरक्षाको जिम्मा पाएका सशस्त्र प्रहरी बल नेपाललाई सास्ती भइरहेको पनि पुरानो हो। यी समस्या नेका, एमाले, माओवादीको सरकारले समाधान गरेन भने यतिखेर रास्वपा सरकारले पनि समाधान गरेन। सरकारहरूमा भारतसँगको खुला सीमामा नेपाली भूमि अतिक्रमण भइरहेको रोक्ने इच्छा शक्ति पनि छैन। शासक दलहरू पालैपालो सरकारमा पुग्ने तर देशको सुरक्षा सरकारको प्राथमिकतामा किन परेन ?

# उपत्यकाको खानेपानी व्यवस्थापनकै लागि झन्डै २४ अर्ब ऋण लिन तयार !



काठमाडौँ। काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापनमा सुधार गर्न नेपाल सरकारले एसियाली विकास बैङ्कसँग १७० मिलियन डलर (झन्डै २४ अर्ब) रुपैयाँ ऋण लिन लागेको छ। २०८१ पुस २ गतेको मन्त्रीस्तरीय निर्णयअनुसार नेपाल सरकार र एसियाली विकास बैङ्कबिच सम्झौता भएको थियो।

उक्त सम्झौताअनुसार मिति २०८२/९/५ गते तत्कालीन बोर्डका कार्यकारी निर्देशक सञ्जीवविक्रम राणाले सम्झौतामा हस्ताक्षर गर्नुभएको थियो। सम्झौतामा वर्तमान बोर्डका कार्यकारी निर्देशक डोलप्रसाद चापागाईले पनि हस्ताक्षर गर्नुभएको थियो। उक्त सम्झौताको हस्ताक्षरलाई अनुमोदन गर्न साउन १९ गते बसेको बोर्डको कार्यकारी समितिमा प्रस्तुत गरेपछि त्यसको विस्तृत विवरण प्रस्तुत गर्नुपर्ने बोर्ड सदस्यहरूले माग गर्नुभयो।

बैठकमा नेपालका बैङ्कमा खर्बौं रुपैयाँ लगानी योग्य रकम हुँदा हुँदै एसियाली विकास बैङ्कसँग त्यत्रो पैसा लिन सरकार किन लालायित भयो भन्ने प्रसङ्ग उठेको थियो। "नेपाली बैङ्क र सहकारी संस्थाहरूमा सबैको मौज्दात भएकोले ब्याज दर घटाउँदै छ तर सरकार विदेशी बैङ्कबाट ऋण लिन खोज्दै छ। के यो सरकारले देशलाई विदेशी बैङ्कहरूको ऋणको पासोमा फसाउन खोजेको त होइन ?" समितिका सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्रश्न गर्नुभयो।

कार्यकारी निर्देशक चापागाईले यसअघिका कार्यकारी निर्देशकले हस्ताक्षरसमेत गरेको सम्झौता भनी अनुमोदनको लागि आग्रह गर्नुभयो।

मेलम्ची खानेपानी २०/२२ अर्बमा सम्पन्न हुने भनिएकोमा अहिले ६० अर्बभन्दा बढी खर्च भइसक्दा पनि सम्पन्न हुन नसकेको बेला पानी मिनरल वाटरभन्दा महँगो पर्ने अवस्था आएको भन्दै विदेशी बैङ्कको ऋण लिन सचेत हुनुपर्ने उहाँले बताउनुभयो

काठमाडौँ उपत्यकाको खानेपानी अभाव न्यून गर्न सिस्नेरी खानेपानी आयोजनाअन्तर्गत बाँध डिजाइनको लागि अन्तर्राष्ट्रिय परामर्श दाता छनौट गरी कार्य अगाडि बढाउन ने.रु. झन्डै ३० करोडको अनुदान प्राप्त हुने बैठकमा जानकारी गराइयो। सहभागीहरूले त्यो अनुदान स्वीकारेको खण्डमा उक्त बाँध निर्माणको लागि विश्व बैङ्कसँग ऋण लिन बाध्य हुनपर्ने, सबै रिपोर्ट उनलाई थाहा हुने हुँदा अनुदान नेपाललाई फसाउने अर्को जालसाजी हुन सक्ने र त्यो रकम नेपाल सरकारले नै व्यहोर्नुपर्नेमा जोड दिनुभयो।

"नेपाल सरकारले महानगरपालिकाहरूलाई एक अर्बभन्दा बढी वार्षिक अनुदान दिन सक्छ भने ३० करोड रुपैयाँको लागि विदेशीसामु हात थाप्नु लज्जाको विषय हो", समिति सदस्य प्रजापतिले भन्नुभयो। भनपाले २०७२ सालको विनाशकारी भूकम्पपछि जर्मन सरकारले अनुदानस्वरूप दिएको १ अर्ब २० करोड (१ करोड युरो) फिर्ता गरेको जानकारी पनि उहाँले दिनुभयो। लामो छलफलपछि एसियाली विकास बैङ्कको ऋण र विश्व बैङ्कको अनुदानबारे विस्तृत प्रस्तुतिसहित अर्को बैठक बस्ने गरी बैठक टुङ्ग्याइएको थियो।

बैठकमा ललितपुर महानगरपालिका प्रमुख चिरिबाबु महर्जन, भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, मध्यपुर नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठ, कीर्तिपुर नगरपालिकाका प्रमुख कृष्ण डंगोलसहित बोर्डका अन्य सदस्यहरूको उपस्थिति थियो। बैठक काठमाडौँ महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डंगोलको अध्यक्षतामा बसेको थियो।

# शिक्षा र स्वास्थ्यमा राज्यले कर लगाउनु गलत

भक्तपुर। सहिद राजकुमार स्मृति पुस्तकालय र वडा नं २ कार्यालयको संयुक्त समन्वयमा वडाका युवा विद्यार्थीहरूको साउन २३ गते वडाको शैक्षिक विकास विषयक छलफल तथा अन्तरक्रियाको आयोजना गरियो।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेश सांसद सुरेन्द्रराज गोसाईले सरकारले ५ प्रतिशतदेखि १३ प्रतिशतसम्म विद्युत्, पानीलगायत शैक्षिक क्षेत्रमा लगाइएको कर उपयुक्त नभएको बताउनुभयो। दलाई लामाको जन्म दिवसमा 'स्वतन्त्र' तिब्बतको नारा लगाउनु अन्तर्राष्ट्रिय कूटनीति विपरीत भएको र नेपालमा चीनविरोधी कार्य भइरहेकोमा चिन्ता व्यक्त गर्नुभयो। सुनसरीमा धर्मको नाउँमा दङ्गाफसाद गर्नु अमेरिका र भारतजस्ता साम्राज्यवादी र विस्तारवादी देशहरूले मधेसी नेताहरूलाई हातमा लिई गरेको प्रयासको उहाँले भर्त्सना गर्नुभयो।

उहाँले समाज राम्रो बनाउन विद्यालय शिक्षा राम्रो हुनुपर्ने, अग्रजहरूले स्थापना गरेका वाचनालय, पुस्तकालय तथा सार्वजनिक सङ्घसंस्थाहरू हेर्नलायक, बस्नलायक बनाउन थप कदमहरू बनाउनुपर्ने औचित्यबारे प्रकाश पार्नुभयो। समाजमा नेतृत्व क्षमताको अभावलाई चिर्दै अध्ययनलाई जोड दिनुपर्ने र नेमकिपाले समाजलाई बुद्धिजीवीकरण गर्ने उद्देश्यअनुरूप निरन्तर लागिरहेको उहाँले बताउनुभयो। वडाका विद्यार्थीहरूको युवा जगतको बौद्धिक खुराक बढाउन अध्ययन गोष्ठी, साहित्य गोष्ठी र गतिविधिहरूलाई नयाँ पुस्तामैत्री बनाउनुपर्ने आवश्यकताबारे पनि उहाँले बताउनुभयो।

कार्यक्रममा भनपा २ नं वडाध्यक्ष हरिप्रसाद बासुकलाले जीवनमा पैसाको महत्त्व भए पनि पैसाले मात्रै चल्न नसक्ने भनाइ राख्दै असल मन र वचन पैसाभन्दा महत्त्वपूर्ण हुन्छ भन्नुभयो। भक्तपुर नगरपालिकाले शैक्षिक ऋणमार्फत समुदायका छोराछोरीलाई उच्च शिक्षा प्राप्त गर्ने अवसर दिएको र भक्तपुरकै सेवाका लागि उक्त शैक्षिक ऋण उपयोग भइरहेको उहाँले बताउनुभयो। भदौ ४ गते त्यालीसहित इन्द्रायणी द्य: छेँको क्षमा पूजा हुने भएकोले सबैको सक्रिय सहभागिताको लागि उहाँले अनुरोध गर्नुभयो।

शैक्षिक विकास समाजका अध्यक्ष डा. रत्नसुन्दर लासिवाले शिक्षा विषयवस्तुको ज्ञान र प्रविधि मैत्री विकासले हुने उल्लेख गर्दै युवाहरूले अध्ययनलाई पनि निरन्तरता दिनुपर्ने आवश्यकताबारे प्रकाश पार्नुभयो।

वडाका युवा सरोज दथेपुथेले देशकोस्थिति हेर्दा युवाहरूमा साँच्चिकैको ज्ञानको अभाव भएको धारणा व्यक्त गर्नुभयो।

सहिद राजकुमार स्मृति पुस्तकालयका अध्यक्ष एवम् कार्यक्रमका सभापति कृष्णप्रसाद सुवालले शिक्षाको माध्यमबाट सामाजिक रूपान्तरण र समृद्ध जीवनको आधार सिर्जना गरी हाम्रो भविष्य शैक्षिक सुधारमा सामूहिक प्रयास हुनुपर्ने स्पष्ट पार्नुभयो।

नवज्वाला लासिवाले विद्यमान देशको बारेमा स्लाइडद्वारा सहजीकरण गर्नुभएको उक्त कार्यक्रममा नेहा भटुले पनि बोल्नुभएको थियो।

# शासक दल र नेताहरूका कारण देश जटिलतामा

भक्तपुर। भक्तपुर नगरपालिका ६ नं. वडा कार्यालयको आयोजनामा समसामयिक राजनीति र नगरपालिकाको गतिविधिबारे जानकारी गराउने उद्देश्यले साउन २३ गते वडावासीहरूको भेला भयो।

कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले पैतीस वर्षयता सरकारमा गएका दल र तिनका नेताहरूले देश र जनताको नि:स्वार्थ सेवा नगरेको हुँदा भदौ २३ र २४ गतेको उपद्रव गर्ने र गराउनेहरूलाई मौका मिलेको हो भन्नुभयो।

"अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको सहयोगमा सरकारमा पुग्नेहरूलाई तिनीहरूले नै सत्ताबाट निकाल्ने छन्। संसारमा देखिएको उदाहरणले यही पुष्टि गर्छ", उहाँले थप्नुभयो।

नेमकिपा वडा नं. ६ एकाइ समितिका अध्यक्ष गोपीकृष्ण चाँगुभारीले अग्रज पार्टी कार्यकर्ताहरूको योगदानबारे नयाँ पुस्तालाई सुसूचित गर्नु जरूरी भएको बताउनुभयो। वडा नं. ६ का वडा सदस्य गोविन्द दुवालले विगतका किसान आन्दोलनको कारण किसानहरूको आर्थिक अवस्था राम्रो भएको बताउनुभयो।

भनपा कार्यपालिका सदस्य रोशनमैयाँ सुवालले धर्मको नाममा जनताको बिचमा गलत प्रचार गर्दै आएकोले जनता सचेत हुनु जरूरी छ भन्नुभयो।

वडाध्यक्ष हरिराम सुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा गणेशराम थुसाले पनि बोल्नुभएको थियो।


## बाढी/पहिरोबाट सचेत होऔं

बाढी/पहिरो आउनुअघि:

- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
- आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगालगायत) तयार राखौं,
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा प्राथमिकता दिऔं।

बाढी/पहिरो आएमा:

- अनावश्यक हिंडडुल नगरौं,
- सुरक्षित स्थानतर्फ जाऔं,
- विजुलीका तार तथा खम्बाबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तवरले तरौं,
- अफवाह नफैलाऔं, सत्य सूचनामात्र आदान-प्रदान गरौं,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

श्रमिक
२६ साउन, २०८३ (11 Augest, 2026)
भ.जि.का.द.नं. १-०५०/५१
भ.पु.जि.हु.का.द.नं.१-७४/७५


# अरनिको समाज नेपालद्वारा ख्वप अस्पताललाई सीएलआइए मेसिन हस्तान्तरण



भक्तपुर । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताललाई अरनिको समाज नेपालले साउन २१ गते अत्याधुनिक CLIA (Chemiluminescence Immunoassay Analyzer) मेसिन हस्तान्तरण गरेको छ ।

अस्पतालमा प्रयोगशाला सेवाको गुणस्तर तथा क्षमता अभिवृद्धि गर्ने उद्देश्यले आयोजित कार्यक्रममा उक्त मेसिन ख्वप अस्पताल व्यवस्थापन समिति अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिलाई हस्तान्तरण गरिएको थियो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले CLIA मेसिन सहयोगका लागि अरनिको समाजमार्फत चिनियाँ जनतालाई धन्यवाद व्यक्त गर्दै भक्तपुरले शिक्षा, स्वास्थ्य र संस्कृतिका माध्यमबाट देशको सेवा गर्दै आएको बताउनुभयो ।

सचिव सुवालले चिनियाँ मित्रहरूबाट प्राप्त सहयोगलाई ख्वप अस्पतालले जनताको सेवामा सदुपयोग गर्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख तथा ख्वप अस्पताल व्यवस्थापन समिति अध्यक्ष सुनिल प्रजापतिले ख्वप अस्पतालले हरेक वर्ष आफ्नो सेवा विस्तार गर्दै आएको बताउँदै चीन सरकार तथा चिनियाँ मित्र संस्थाहरू तथा भनपाको भगिनी सम्बन्ध रहेको शाननान नगरपालिकाबाट समय-समयमा प्राप्त सहयोगले अस्पतालको सेवा प्रवाहलाई थप सहज र प्रभावकारी बनाउन सहयोग पुगेको बताउनुभयो ।

उहाँले सहयोगका लागि चीन सरकार, अरनिको समाजप्रति भक्तपुर नगरपालिका र ख्वप अस्पतालको तर्फबाट धन्यवाद व्यक्त गर्नुभयो ।

ख्वप अस्पतालमा उपचारका लागि आउने करिब ८० प्रतिशत बिरामी स्वास्थ्य बीमामा आबद्ध रहेको जानकारी दिँदै स्वास्थ्य बीमाको रकम समयमै भुक्तानी नहुँदा पनि अस्पतालले बिरामीलाई निरन्तर सेवा प्रदान गर्दै आएको बताउनुभयो ।

अरनिको समाज नेपालका महासचिव मनोजमान श्रेष्ठले ख्वप अस्पताल प्रेरणादायी अस्पतालका रूपमा स्थापित भएको उल्लेख गर्दै स्वास्थ्य सेवा चुनौतीपूर्ण क्षेत्र भए पनि अस्पतालले उत्कृष्ट कार्य गरिरहेको बताउनुभयो ।

उहाँले अस्पतालले अझ प्रभावकारी सेवा प्रदान गर्न सकोस् भन्ने उद्देश्यले CLIA मेसिन सहयोग गरिएको र ख्वप अस्पताल भक्तपुरको शान तथा जनविश्वासको केन्द्र बनेको बताउनुभयो ।

अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्लले बिरामीको चाप निरन्तर बढिरहेको र प्रयोगशाला सेवामा चुनौती थपिँदै गएको अवस्थामा CLIA मेसिनले परीक्षण सेवा छिटो, सहज र गुणस्तरीय बनाउन महत्त्वपूर्ण सहयोग पुग्ने बताउनुभयो । उहाँले मेसिन सहयोगका लागि अरनिको समाज नेपालप्रति आभार व्यक्त गर्नुभयो ।

अस्पतालका व्यवस्थापक विश्वजित प्रजापतिले ख्वप अस्पतालले प्रदान गरिरहेका स्वास्थ्य सेवा तथा सुविधाबारे प्रस्तुतीकरण गर्नुभएको थियो ।

स्वास्थ्य शाखा प्रमुख रत्नसुन्दर लासिवाले ख्वप अस्पतालले आजभन्दा करिब ३० वर्षअघि अरनिको समाजसँग सहकार्य गर्दै विभिन्न स्वास्थ्य गतिविधि सञ्चालन गरेको स्मरण गर्नुभयो । उहाँले वर्तमान सहयोगले दुई संस्थाबिचको सम्बन्धलाई अझ सुदृढ बनाएको बताउनुभयो ।

CLIA मेसिनबाट हर्मोन, भिटामिन, ट्युमर मार्कर तथा रोग प्रतिरोधात्मकसम्बन्धी विभिन्न परीक्षणहरू छिटो, भरपर्दो र उच्च शुद्धताका साथ गर्न सकिने भएकोले यसले ख्वप अस्पतालको प्रयोगशाला सेवा थप प्रभावकारी बन्ने अपेक्षा गरिएको छ ।

# सरकार किसानको हितमा नरहेको पुष्टि




काठमाडौँ । नेपाल क्रान्तिकारी किसान सङ्घ केन्द्रीय समितिको आयोजनामा किसान सङ्घको ५८ औँ स्थापना दिवसको अवसरमा प्रवचन कार्यक्रम साउन २४ गते भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले भदौ २३ र २४ गतेको घटनामा देशको धेरै सम्पदा र सम्पत्ति जलाउनुमा नेपालीहरूको तागतले सम्भव नभएको र त्यसमा अमेरिकी र भारतीय शासकहरूको हात रहेको समयक्रममा पुष्टि हुँदै जाने बताउनुभयो ।

अहिलेको सरकारका गतिविधिहरूले यो कुरा पुष्टि हुँदै आएको छ । बालेन्द्र सरकारले तिब्बतबारे अन्तर्राष्ट्रिय सम्मेलन गर्न दिएको 'एक चीन नीति' विपरीत छ । देशघाती एमसीसी र एसपीपीको विरोध सरकारले गर्न सकेन, उहाँले भन्नुभयो ।

देशमा सहकारी पीडितहरूको सङ्ख्या धेरै रहेको चर्चा गर्दै केन्द्रीय सदस्य गोसाईले किसान सङ्घले सहकारी पीडितहरूको समस्याबारे अध्ययन गरेर जनतालाई सङ्गठित गर्नु जरुरी भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "वर्तमान सरकार पनि पुँजीपतिहरूको सरकार भएकोले गरिब किसानहरूको हितमा नभएको कुरा शिक्षा, स्वास्थ्य र विद्युत्मा कर लगाएबाट पुष्टि हुन्छ ।"

नेक्राकिसङ्घका केन्द्रीय सदस्य राजवीर डंगोलले टोखाका किसानहरूले विगतमा गरेको आन्दोलनबारे स्मरण गर्दै वर्तमान समयमा पनि किसान सङ्घको अगुवाइमा आन्दोलन अगाडि बढाउनुपर्ने बताउनुभयो ।

छायादेवी कम्प्लेक्स भत्काउन माग गर्दै गरेको आन्दोलनबारे चर्चा गर्दै उहाँले सरकारले छायादेवी कम्प्लेक्सलाई भत्काएर कमलपोखरी नबनाएसम्म आन्दोलन चालू रहने बताउनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय उपाध्यक्ष तथा कार्यक्रमका सभापति गोविन्द दुवालले विगतको समयमा भएको विभिन्न किसान आन्दोलनले गर्दा किसानहरूको आर्थिक अवस्था सुदृढ भएको चर्चा गर्दै वर्तमान समयमा किसान आन्दोलन आवश्यक रहेको बताउनुभयो ।

नेक्राकिसङ्घका केन्द्रीय सचिव हरिराम सुवालले विश्वकै शक्तिशाली राष्ट्र अमेरिकालाई इजरायलले युद्धमा पराजित अवस्थामा पुऱ्याएको चर्चा गर्दै सङ्गठित इरानी जनतासामु अमेरिकी सरकार झुक्न बाध्य भएको बताउनुभयो ।

देको-मिवा-इतापाके आवास योजना भनपाले व्यवस्थित बसोबासको लागि सञ्चालन गरेको चर्चा गर्दै उहाँले आवास योजनाको नाममा पार्टीलाई बदनाम गर्न खोजेको हुँदा सबै जनता सचेत हुनुपर्ने बताउनुभयो ।

नेक्राकिसङ्घका केन्द्रीय सदस्य विश्वनाथ प्रजापतिले विगतमा किसानहरूको नाजुक आर्थिक अवस्थाको चर्चा गर्दै हाल किसानहरूको आर्थिक र सांस्कृतिक अवस्था राम्रो भएको बताउनुभयो ।

कार्यक्रममा हरिशरण श्रेष्ठ र वन्दना श्रेष्ठले पनि बोल्नुभएको थियो ।

**पार्टी...**

रुसको वैचारिक द्वन्द्वले नेपालको कम्युनिस्ट पार्टीमा विभाजन भएको बताउनुभयो ।

नेपाली कम्युनिस्ट आन्दोलनमा मतभेद हुनाका कारणबारे प्रस्ट पार्दै उहाँले नेमकिपा स्थापनाका आधारहरूबारे स्पष्ट धारणा राख्नुभयो ।

पार्टी नगर समिति भक्तपुरका प्रतिनिधि नारायणप्रसाद त्वानाबासुले कार्यकर्ताहरूमा पार्टीको सिद्धान्त र देश विदेशमा घटिरहेको घटनाबारे जानकार भइरहनुपर्छ भन्नुभयो ।

आयोजक समितिका अध्यक्ष एवं कार्यक्रमका सभापति कृष्णगोविन्द खाइजुले पार्टीले विभिन्न समयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयमा आन्दोलन गरेको प्रसङ्ग उल्लेख गर्दै कार्यकर्तालाई सैद्धान्तिक र वैचारिक ज्ञानबाट पोख्त बनाउन पार्टी प्रकाशन र प्रशिक्षण सञ्चालन गरिरहेको बताउनुभयो ।

कार्यक्रममा एकाइ समितिका उपाध्यक्ष विष्णुराम दुमरुले प्रशिक्षणको आवश्यकताबारे चर्चा गर्नुभयो ।

भेलाले कृष्णगोविन्द खाइजुकै अध्यक्षतामा २० सदस्यीय नेमकिपा इनाचो-चोर्चा एकाइ समिति पुनर्गठन गरेको छ ।

**एकक्षण** — प्रधान

# वर्तमान सरकार तुलनात्मक रूपले के कारणले राम्रो ?

नेपालको गुप्तचर विभाग अर्थात् 'राष्ट्रिय अनुसन्धान विभाग' केही वर्षदेखि जिज्ञासाको विषय थियो । गत वर्षको भदौ २२, २३ र २४ को घटनापछि 'राष्ट्रिय अनुसन्धान विभाग'को औचित्य के हो भन्ने व्यापक चर्चाको विषय बन्यो । त्यसैबेला प्रधानमन्त्री ओलीको कार्यशैली एवं योग्यताबारे जनतामा व्यापक असन्तोष फैलिँदा उनले आफूलाई सेना, प्रहरी र गुप्तचर विभाग (राअवि) ले केही नबताएको बताएपछि ती संस्थाका अधिकारीहरूले प्रधानमन्त्रीसँग भेट्न २-२ घण्टा र ३-३ घण्टा पर्खनु परेको र प्रम गम्भीर नभएको बताएका थिए ।

त्यसबेला प्रधानमन्त्री ओली आफैलाई प्रशासन चलाउन नजान्ने वा चलाउन नआएको आरोप लगाएका थिए - बस्तीबस्तीका जनताले ।

यही कुरा आजका कानुनमन्त्रीको भनाइमा रहेको छ । कानुन तथा संसदीय मामिला मन्त्रीले राष्ट्रिय अनुसन्धान विभाग (राअवि) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत राख्दा राज्यको समग्र सुरक्षा, राष्ट्रिय हित र शक्ति सन्तुलनका दृष्टिले उपयुक्त हुने बताइन् । (अन्नपूर्ण - २० साउन २०८३)

यसकारण, त्यसबेला प्रम ओलीको भनाइ गलत हुनुको साथै आफ्नै अयोग्यता र बेवास्ता देखिन्छ ।

यसको अर्थ अहिलेको सरकार तुलनात्मकरूपले राम्रो छ भन्ने पनि होइन । "अर्बौं रुपैयाँ राजस्व छुट दिई राज्यलाई नोक्सानी पुऱ्याएको अभियोगमा विशेष अदालतमा भ्रष्टाचार मुद्दा खेपिरहेका नेपाल नागरिक उड्डयन प्राधिकरणका पूर्वमहानिर्देशक प्रदीप अधिकारीलाई विशेष अदालतले ३ लाख रुपैयाँ धरौतीमा रिहा गर्न आदेश दिएको छ । यद्यपि, अर्को 'भ्रष्टाचार मुद्दामा पुर्पक्षका लागि थुनामा रहेका कारण' उनी 'तत्काल दिल्लीबजार कारागारबाट बाहिर निस्कन भने पाउने छैनन् ।' (नेपाल समाचारपत्र, २० साउन २०८)

कहिलेकाहीँ सरकारको आशय बुझी अदालतबाट पनि भ्रष्टाचारीहरूलाई खुकुलो गरेका कारण अदालतको गरिमामा दाग लाग्ने गरेको तर्फ संवेदनशील समुदाय सचेत हुने गरेको देखिन्छ ।

यसको अर्थ राजनीतिक रूपमा सचेत छन् भन्ने भावना बनाउनुहुन्न । पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई 'सन्त' नाउँले सम्बोधन गर्नेहरू कम छैनन् । तर, सन्तहरूकै सद्भावनाले शासन नचल्न पनि सक्छ, उदाहरणको लागि उहाँकै पालामा जघन्य अपराध गरेका वा ज्यान सजाय हुने अपराधीहरूलाई समेत साधारण अपराधी सरह सजायको बन्दोबस्त गर्दा त्यसबेलादेखि जघन्य अपराधको सङ्ख्या बढेको बताइएको छ । कुन कुन सालमा के कसरी र कुन कुन अपराधमा घटी-बढी भयो र त्यसको कारणबारे अहिलेसम्म औपचारिक तथ्याङ्क प्रकाशित भएको जानकारी छैन । यदि, यसबारे तथ्यगत जानकारी प्राप्त भएको भए जनताको मनोगत भावना र प्रभाव, अपराध र नियन्त्रणबारे अनेक छलफल र परिणाम हेरेर समाजलाई थप सुधार गर्न सबै सचेत समूहले चिन्तन गर्ने थिए ।

सरसरती हेर्दा केटीहरूको बेचबिखनको अपराध घटेको होलान् तर कानुनीरूपमा दर्ता भएको म्यानपावर कम्पनीहरूले विदेशमा पठाउन पाएकै छन् !

त्यस्तै लागूपदार्थका कारोबार बढेको सुन्न र पढ्न पाएकै देखिन्छ तर विदेशबाट धेरै लागूपदार्थमा नेपाल भित्रिरहेको बारे पनि सबै अवगत छन् । यसमा नियन्त्रणको खास उपलब्धिबारे पढ्न र सुन्न नपाउनु भने आश्चर्यकै विषय हो ।

हेर्दा लागूपदार्थमा लग्ने सानो सङ्ख्या होला तर त्यसले युवाहरू मात्र होइन ती युवाहरू नै पछि प्रौढ हुने भएकोले कर्मचारी, शिक्षक र ठुला-बडाहरूसमेत लतमा लाग्ने सम्भावना कम छैन । तर, अमेरिकाजस्तो शक्तिशाली देशसमेत लागूपदार्थबाट अछुटो छैन । त्यतिमात्र होइन ती शक्तिशाली देशहरूले गरिब देशहरूमा लागूपदार्थ पठाएर गरिब देशको आन्तरिक मामिलामा समेत हस्तक्षेप गर्छन् । यसतर्फ नेपाल सचेत हुनु लाभदायक हुनेछ !

**कविता**

# जयरामलाई क-कसले किन सम्झने ?

**● माया**

*ताथलीबासीले सम्झन्छ*
*विद्यालयले सम्झन्छ*
*खानेपानीले सम्झन्छ*
*सडकले सम्झन्छ*
*जनताको हृदयले सम्झन्छ*
*खुट्टा नकमाउने, लोभमा नपर्ने*
*उनका दरो पाइलाले सम्झन्छ*
*बिराम नगर्ने, विश्राम नगर्ने*
*उनका अथक कथाले सम्झन्छ*
*देश र जनताप्रति समर्पित*
*उनका नि:स्वार्थ सेवा*
*प्रत्येक वर्ष साउन २४ लाई*
*नयाँ पुस्ताले*
*प्रेरणा ठानेर सम्झन्छ ।*

*२०८३ साउन २४*

*(नेपाल मजदुर किसान पार्टीका एक योद्धा जयराम बासुकलाको २२ औँ स्मृतिको अवसरमा)*

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३